# हाम्रो
# चुमनुव्री गाउँपालिकाको सेरोफेरो
# स्थानीय विषयको पाठ्यक्रम २०८१



## कक्षा १-८

चुमनुव्री गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल ।

**स्थानीय विषयको पाठ्यक्रम कक्षा निर्माणमा सल्लाहकार एवम् सुझाव**

१) श्री निमा लामा, अध्यक्ष, चुमनुव्री गाउँपालिका
२) श्री लक्ष्मी गुरुङ, उपाध्यक्ष, चुमनुव्री गाउँपालिका
२) श्री मनोज लामिछाने, प्रमुख प्रशासकीय अधिकृत, चुमनुव्री गाउँपालिका
३) श्री...................... संयोजक, सामाजिक विकास समिति, चुमनुव्री गाउँपालिका
४) श्री वासुदेव ओली , शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
५) वडा अध्यक्ष्यज्यूहरू तथा वडा नं.१ देखि ७ सम्मका कार्यपालिकाका सदस्यहरू
६) गाउँपालिका भित्रका विद्यालयका प्रधानाध्यापकहरू, स्थानीय शिक्षकहरू
७) विभिन्न विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक-अभिभावक सङ्घका पदाधिकारीहरू तथा स्थानीय शिक्षाप्रेमी तथा बुद्धिजीवीहरू

**प्रकाशक**
**चुमनुव्री गाउँपालिका**
**सिर्दिबास, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

**प्रथम संस्करण : २०८१**

# भनाइ



शिक्षा समाज विकासको मार्गदर्शक हो । शिक्षालाई समाज परिवर्तनको वाहक र सभ्यताको आधारशिला पनि भन्ने गरिन्छ । औपचारिक शिक्षालाई व्यवस्थित र योजनाबद्ध रूपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । पाठ्यक्रमले कुनै पनि देशको भौगोलिक,सांस्कृतिक,जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय विविधतालाई आत्मसात् गर्दै स्थानीय ज्ञान, सिप, दक्षता, ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई समायोजन गर्न र स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी विकेन्द्रीकृत र प्रजातान्त्रिक अभ्यासमा पाठ्यक्रम विकास, विस्तार र कार्यान्वयन गर्न आवश्यक छ । नेपालको संविधान २०७२ मा गरिएको संवैधानिक प्रावधान र राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ ले हरेक स्थानीय तहलाई आफ्नो स्रोत, साधन र विज्ञताको उपयोग गरी स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण एवम् कार्यान्वयन गर्न दिशानिर्देश गरेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका लागि विद्यालय शिक्षा पाठ्यक्रम विकासका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेका मूलभूत सिद्धान्त तथा स्वरूपमा समेत दृष्टिगोचर गर्दै चुमनुव्री गाउँपालिकाको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रममा स्थानीय पाठ्यक्रम कक्षा १–८ निर्माण गरी गाउँपालिका क्षेत्रका विद्यालयमा लागू गर्ने नीति लिए अनुसारको पाठ्यक्रम तयार गरी लागू गरिने छ ।

यस पाठ्यक्रमले मुख्य गरी यस स्थानीय तहको कला, संस्कृति, पेसा, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा, खेलकुद, परम्परात ज्ञान, सिप र प्रविधि, भूगोल, प्राकृतिक स्रोत र सम्पदा, विभिन्न प्राकृतिक प्रकोप र जोखिम व्यवस्थापन नैतिकता सहितको जीवनोपयोगी शिक्षा, समसामयिक विषयवस्तुहरू र समग्र स्थानीय सरकारको संरचना एवम् चिनारीलाई विशेष जोड दिएको छ । यसबाट बालबालिकाले आफ्नो भूगोल, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको पहिचान एवम् संरक्षण, कृषि र पशुपालन, आफ्नो ठाउँको पेसा र उद्यमशीलता, स्थानीय परम्परागत ज्ञान, सिप र प्रविधिको सम्बन्धमा वस्तुनिष्ठ ज्ञान तथा सिप प्राप्त गर्ने छन् । साथै बालबालिकाहरूमा स्थानीय कला, कौशल, भाषा, भेषभूषा र संस्कृति तथा असल आचरणको समेत विकास गरी कुशल नागरिक बन्न यस पाठ्यक्रमले थप अवसर प्रदान गर्नेछ भन्ने विश्वास गरिएको छ । चुमनुव्री गाउँपालिकाको यस स्थानीय पाठ्यक्रममा तहगत सक्षमता, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियासमेत चरणबद्ध रूपमा समावेश गरिएको छ ।

यस पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्य, गाउँ शिक्षा समितिका सदस्यहरू, विषयगत समिति, नीति-निर्माता, गाउँपालिका क्षेत्रका विज्ञ तथा विशेषज्ञ, शिक्षाविद्, पाठ्यक्रम निर्माण समिति, मस्यौदा समिति,वि.व्य.स.तथा शि.अ.सं., प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, सम्पूर्ण कर्मचारी, पाठ्यक्रमविज्ञ राजेश्वर रिजाल, अन्तर्राष्ट्रिय तालिम तथा अनुसन्धान केन्द्र, काठमाडौं र सम्बन्धित सरोकारवालाप्रति चुमनुव्री गाउँपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यस पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन र यसको थप सुधार एवम् परिमार्जन गर्न सम्बन्धित सबै निकायबाट निरन्तर रचनात्मक सुझावको अपेक्षा गर्दछु ।

......................................

**निमा लामा**

**(गाउँपालिका प्रमुख)**

## शुभ-कामना



स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई समेटेर यस चुमनुव्री गाउँपालिकाले आफ्नो शैक्षिक अधिकारको उपयोग गरी स्थानीय विषयको पाठ्यक्रम **"हाम्रो चुमनुव्री गाउँपालिकाको सेरोफेरो, कक्षा १-८, २०८१"** निर्माण र प्रकाशनसँगै गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालयहरूमा लागु हुन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ ।

हाम्रो गाउँपालिका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र प्राकृतिक रूपमा समेत सम्पन्न भएको एक महत्त्वपूर्ण र ऐतिहासिक क्षेत्र हो । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्त्वलाई औपचारिक शिक्षामा ल्याउन गरिएको प्रयास सबैका लागि मार्गदर्शन हुन सक्छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-८) अध्ययनरत विद्यार्थीलगायत स्थानीय समुदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरूको संरक्षण र संवर्धन गर्दै भविष्यमा आइपर्न सक्ने प्रकोप र विपद्का असरहरू न्यूनीकरण गर्न समेत अभिप्रेरित गर्ने छ भन्ने मैले विश्वास राखेको छु । स्थानीय पेसा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्त्वलाई बुझेर यस कार्यलाई अगाडि बढाउनका लागि हौसला प्रदान गर्नुहुने गाउँपालिकाका अध्यक्षज्यू, त्यसैगरी कार्यक्रम सफल बनाउने प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, पाठ्यक्रम लेखन तथा सम्पादनमा सहयोग गर्ने विज्ञ तथा सम्पूर्ण सरोकारवालाहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

यस पाठ्यक्रमको प्रभावकारी र दिगो कार्यान्वयनको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**लक्ष्मी गुरुङ**
**(उपाध्यक्ष)**
**चुमनुव्री गाउँपालिका**

## भनाइ



संविधानले दिएको अधिकार तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को मर्मलाई पालना गर्दै स्थानीय आवश्यकताका विषयवस्तुलाई समेटेर चुमनुव्री गाउँपालिकाले स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकताका विषयवस्तुहरू पहिचान गरी तिनीहरूलाई समेटेर स्थानीय विषयको पाठ्यक्रम **"हाम्रो चुमनुव्री गाउँपालिकाको सेरोफेरो, कक्षा १-८, २०८१"** निर्माण गरी प्रकाशनसँगै यस गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण विद्यालयहरूमा लागु गर्न लागेकोमा यसको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

शिक्षामा स्थानीय आवश्यकताको महत्त्वलाई अझ सशक्त पारी स्थानीय बालबालिकाहरूको समग्र विकासमा समेत महत्त्वपूर्ण योगदान पुगोस् भन्ने मूल उद्देश्यका साथ यो पाठ्यक्रम तयार पारिएको हो । स्थानीय विज्ञ, विषयविज्ञ, जनप्रतिनिधिहरूलगायत सम्पूर्ण सरोकारवालाहरूको निरन्तर प्रयासबाट यो पाठ्यक्रमले मूर्त रूप पाएको हो । त्यसकारण यस पाठ्यक्रम निर्माणका क्रममा आबद्ध हुनु भएका सम्पूर्ण सरोकारवाला व्यक्ति, संस्थाप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी स्थानीय पाठ्यक्रमको महत्त्व बुझेर यस पाठ्यक्रमलाई लागु गर्न तत्परता देखाउनुहुने अध्यक्ष, उपाध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरूलगायत सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरू, लगायत विद्यालयसँग सम्बद्ध सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

पाठ्यक्रम एउटा निरन्तर प्रक्रिया समेत हो, यसलाई समय सापेक्ष परिमार्जन गर्दै लैजानुपर्दछ । तसर्थ यो पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र अर्थपूर्ण नतिजाको लागि यहाँहरूको रचनात्मक सुझावको अपेक्षासहित विद्यालयहरूमा पाठ्यक्रम कार्यान्वयनको सफलताको कामना गर्दछु ।

**मनोज लामिछाने**
**(प्रमुख प्रशासकीय अधिकृत)**
**चुमनुव्री गाउँपालिका**

भनाइ

नेपालको संविधान २०७२ को प्रावधानबाट नै समग्र नेपालको प्रशासनिक संरचना सङ्घीय ढाँचा अनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा रूपान्तरित भैसकेको परिप्रेक्ष्यमा उक्त संविधानको अनुसूची-८ ले राखेको संवैधानिक व्यवस्थाअनुसार शैक्षिक व्यवस्थापन तथा प्रशासन माध्यमिक तह सम्मको शिक्षाको समग्र अधिकार स्थानीय तहको जिम्मेवारीमा आइसकेको हुनाले स्थानीय तहले सम्पादन गर्नुपर्ने विविध शैक्षिक काम, कर्तव्य र अधिकारहरूमध्ये हरेक स्थानीय तहले आ-आफ्नो स्थानीय तहका सामुदायिक विद्यालयहरूमा कक्षा १–८ सम्म लागू हुने गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने भएकोले चुमनुव्री गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको नेतृत्वमा **"हाम्रो चुमनुव्री गाउँपालिकाको सेरोफेरो, कक्षा १-८, २०८१"** निर्माण र कार्यान्वयनको थालनी भएकोले मलाई निकै खुसी लागेको छ ।

यस पाठ्यक्रमले विशेषतः चुमनुव्री गाउँपालिका भित्रका लुकेर रहेका प्रसिद्ध हुन नसकेका स्थानीय कला, संस्कृति, पेसा, व्यवसाय, कृषि उत्पादन, सामाजिक परम्परा, संस्कार, भेषभूषा एवम् प्राकृतिक स्रोत र साधन, तिनीहरूको संरक्षण तथा संवर्धनसम्बन्धी थुप्रै महत्त्वपूर्ण विषयवस्तुहरू समेटेको छ । पाठ्यक्रम निर्माणको दौडानमा अहोरात्र खटेर मिहिनेतका साथ यो पाठ्यक्रम निर्माणमा जुट्नुहुने सम्पूर्ण विज्ञ सदस्य, सङ्घ- संस्थालगायत सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । यसका साथै पाठ्यक्रमलाई मूर्त रूप दिन नेतृत्वदायी भूमिका निर्वाह गरी हौसला प्रदान गर्नुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रसाशकीय अधिकृतज्यू लगायत सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो पाठ्यक्रमको दिगो र सफल कार्यान्वयनको शुभकामना दिन चाहान्छु ।

धन्यवाद !

**वासुदेव ओली**

**(शाखा प्रमुख)**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**चुमनुव्री गाउँपालिका**

# विषयसूची

**विषयवस्तु**


१. परिचय

२. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया

३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्य

४. विषयक्षेत्र छनोट

५. तहगत सक्षमता

६. विषयवस्तुको क्षेत्र र क्रम

७. विषयवस्तुको विस्तृतीकरण

८. पाठ्यक्रमको पाठ्यघण्टा र अङ्क विभाजन तालिका

९. सिकाइ सहजीकरण प्रक्रिया

१०. विद्यार्थी मूल्याङ्कन

११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

१२. समयको निर्धारण

१३. पाठ्यक्रम परिमार्जन

१४. अनुसूचीहरू

# १. परिचय

## १.१ पृष्ठभूमि

स्थानीय क्षेत्रमा भएका तथा स्थानीय आवश्यकताका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यका साथ तयार गरिएको योजनाबद्ध शैक्षणिक सामग्रीलाई नै स्थानीय पाठ्यक्रम भनिन्छ। जसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रम अनुरूप कक्षाकोठासम्म पुऱ्याउँछ। यसमा स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय, स्थानीय खेलकुद, भोजन, ऐतिहासिक व्यक्तित्व आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएको हुन्छ।

हाम्रो देश नेपाल एक बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय, बहुभाषिक, बहुभौगोलिक, एवम् प्राकृतिक विविधता भएको देश हो। ठाउँअनुसार मानिसहरूको रहनसहन, शिक्षाको प्रभाव तथा विद्यार्थीहरूको सिकाइउपलब्धि स्तरसमेत फरक फरक रहेको पाइन्छ। ठाउँ र उचाइअनुसार हावापानी लगायत सम्पूर्ण कुराहरू फरक फरक हुनु नै यहाँको सौन्दर्य हो। फरक फरक परिवेशमा सिकाइका तरिका तथा सिकाइका आवश्यकताका विषयवस्तुहरू पनि फरक फरक हुन सक्छन्। यसका लागि विश्वव्यापी मान्यतासँगै स्थानीय स्तरका विषयवस्तुहरूलाई समेत समेटी सिकाइ क्रियाकलाप सञ्चालन गर्दा उपयुक्त हुन जान्छ। आजको प्रतिस्पर्धात्मक युगमा विद्यार्थीहरूले विश्व परिवेशसँगै स्थानीय परिवेश रहनसहन बुझेर त्यसको संरक्षण, संवर्धन र प्रवर्धन गर्दै आगामी दिनमा त्यसबाट आर्थिक क्रियाकलापहरूसमेत सञ्चालन गर्न सक्नुपर्दछ। यसका लागि विद्यालयमा स्थानीय आवश्यकताका विषयवस्तुहरू समेटी पाठ्यक्रम नै तयार पारेर पठनपाठन गराउन सकेमा त्यसबाट बढीभन्दा बढी सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ। यसैले विद्यालय तहमा केन्द्रबाट तयार गरी लागु भएका पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई आवश्यक  ज्ञान, सिप र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न सक्दैन भन्ने कुरालाई बुझेर स्थानीय तहबाट स्थानीय  पाठ्यक्रम निर्माण गर्नुपर्छ भन्ने अवधारणा आएको हो।

## १.२ स्थानीय पाठ्यक्रमको सम्बन्धमा भएका नीतिगत व्यवस्था

स्थानीय पाठ्यक्रमको अवधारणालाई नेपालमा वि.सं. २०२८ को शिक्षा ऐनबाट नै केही न केही रूपमा अगाडि बढाएको भए पनि त्यसको मर्मअनुसार कार्यान्वयन भएको देखिँदैन। तर बदलिँदो समयक्रमसँगै स्थानीय विषयवस्तुहरूको महत्त्व समेत बढ्दै गएको र तिनीहरूलाई लागू गर्नुपर्छ भन्ने मान्यतासमेत फराकिलो हुँदै गएको छ। यसका साथै अन्य देशहरूमा समेत स्थानीय विषयवस्तुका पाठ्यक्रमहरू पठनपाठन हुँदै आएको पाइएको छ। तसर्थ नेपालमा समेत विभिन्न दस्तावेजमा स्थानीय पाठ्यक्रमलाई नीतिगत रूपमा समावेश गरिएको छ। स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा अध्ययन गर्दा विकेन्द्रीकरणसँगै नेपालका विभिन्न दस्तावेजमा स्थानीय पाठ्यक्रम बनाउनुपर्ने र स्थानीय तहमार्फत् लागु गर्नुपर्ने कुराहरू उल्लेख भएको पाइएको छ। विशेष गरी नेपालको संविधान २०७२ मा नै भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तर्गत धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ। यसको उपधारा (२)मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ। यसका लागि विद्यालय तहको शिक्षासम्बन्धी क्रियाकलापहरूसमेत स्थानीय सरकारमार्फत् हुने व्यवस्था गरिएकोले पनि स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने दायित्व स्थानीय सरकारको हुन आउँछ। यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले पनि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई दर्शाएको पाइएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय

पाठ्यक्रमका लागि कक्षा १–३ मा ५ क्रेडिट आवर अर्थात् वार्षिक १६० कार्यघण्टा र कक्षा ४–८ मा यसका लागि ४ क्रेडिट आवर अर्थात् वार्षिक १२८ कार्यघण्टा छुट्याइएको छ। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा २०७६ सालमा तयार पारिएको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन मार्गदर्शन २०७६ (मातृभाषासहित) समेतले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई आधार मानेर स्थानीय विषयको पाठ्यक्रम निर्माण र लागुसम्बन्धी मार्गदर्शन प्रदान गरेको छ।

## १.३ अन्तर्राष्ट्रिय अभ्यास

विश्वव्यापी रूपमै स्थानीय पाठ्यक्रम कार्यान्वयनका उदाहरणहरूको अध्ययन अवलोकन गर्दा सबैजसो देशहरूमा ठाउँ र आवश्यकताअनुसार स्थानीय ज्ञान (Local Wisdom)मा आधारित स्थानीय प्रकृति, संस्कृति, भाषा, परम्परागत सिप र प्रविधिलाई नै उजागर गर्ने गरी पाठ्यक्रमहरू निर्माण गरी लागू गर्ने गरेको पाइएको छ । जसबाट विद्यार्थीहरूमा स्थानीय प्रविधिमा आधारित सिपको विकासमा सहयोग पुग्नका साथै स्थानीय धरोहरहरूको प्रवर्धन र संरक्षणमा समेत महत्त्वपूर्ण योगदान रहन्छ ।

नर्वे, फिनल्याण्ड, डेनमार्क त्यसैगरी एसियाली देशहरू जापान, थाइल्याण्ड लगायतका देशहरूमा विद्यालयहरूले आ-आफ्नै आवश्यकताका आधारमा स्थानमा आधारित पाठ्यक्रमहरू निर्माण गरी लागु गर्दै आएका छन् । यी देशका पाठ्यक्रमहरू विषयक्षेत्रमा (Theme based) आधारित रहेर बनाइएका छन् । स्थानीय आवश्यकता र महत्त्वका आधारमा स्थानीय प्रविधि र सिपलाई जोड दिई प्रयोगात्मक शिक्षालाई प्रवर्धन गर्ने कार्यमा स्थानीय विषयवस्तुका पाठ्यक्रमहरूसमेत महत्त्वपूर्ण हुँदै आएका छन् । कतिपय विद्यालयहरूले व्यावसायिक शिक्षा (Vocational education)र आर्थिक क्रियाकलापसँग जोडेर पनि पठनपाठन गरिरहेका छन् । जसबाट स्थानीय सांस्कृतिक धरोहर संरक्षण, स्थानीय ज्ञान, सिपको प्रवर्धन हुनका साथै विद्यार्थीहरूमार्फत् विद्यालयहरूमा आर्थिक क्रियाकलापहरू सञ्चालन गर्न समेत सहयोग भइरहेको हुन्छ ।

## १.४ विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ। आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ। तहगत आधारमा विद्यालय शिक्षाको पाठ्यक्रमको संरचना निम्नानुसार रहेको छ।

**आधारभूत तह कक्षा १-३**

| क्र.सं. | विषय सम्बन्धी क्रियाकलाप | कार्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |

| | | | |
|---|---|---|---|
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| **जम्मा** | | २६ | ८३२ |

### आधारभूत तह कक्षा ४-५

| **क.सं.** | **विषय** | **कार्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| **जम्मा** | | ३२ | १०२४ |

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा ९( Credit hour) मानिएको छ। जसमा अध्ययन अवलोकन, परियोजना लगायतका कुराहरूसमेत समेटिएको हुन्छ।

### आधारभूत तह कक्षा ६-८

| **क.सं.** | **विषय** | | | | |
|---|---|---|---|---|---|
| | **साधारण** | **संस्कृत शिक्षा/गुरुकूल, वेद विद्याश्रम शिक्षा** | **गोन्पा तथा विहार/मदरसा शिक्षा** | **पाठ्यघण्टा** | **वार्षिक कार्यघण्टा** |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक शिक्षा (सिर्जनात्मक कला सहित) | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान ( अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीतिशास्त्र | भोट भाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दु भाषा | ४ | १२८ |
| **जम्मा** | | | | ३२ | १०२४ |

## २. पाठ्यक्रम निर्माण गर्दा अवलम्बन गरेका सिद्धान्त र प्रक्रिया

स्थानमा आधारित शिक्षाको सिद्धान्त (Place-based education theory)ले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु फरक ढङ्गले राख्न स्थानीय पाठ्यक्रम निर्माण हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ। कुनै पनि पाठ्यक्रम

विकास गर्दा उक्त पाठ्यक्रम सिकारुका आवश्यकतामा आधारित हुनुपर्दछ । जसमा स्थानीय पाठ्यक्रमको निर्माण गर्दा स्थानीय आवश्यकता, विद्यार्थी तथा अभिभावकहरूको चाहना र सन्दर्भमा आधारित विषयवस्तु समावेश गरिनुपर्दछ । स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई विश्लेषण गर्न सकिन्छ । यसै आधारमा त्यस्तै सामाजिक पुनर्संरचनावादी सिद्धान्त (Social Reconstructivism Theory)ले पाठ्यक्रम निर्माणमा सामाजिक आवश्यकता, सामाजिक मुद्दा, समसामयिक विचार र भविष्यपरक आशा उल्लेख गर्नुपर्ने कुरामा जोड दिन्छ (Murray Print, 1998)। यिनै सिद्धान्तहरूलाई आत्मसात् गर्दै यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिक लगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ ।

गाउँपालिका क्षेत्रको आवश्यकतामा आधारित भई यस चुमनुब्री गाउँपालिका अन्तर्गतका विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नको लागि गाउँपालिकाका प्रमुख, उप-प्रमुख, वडाध्यक्ष तथा सदस्यहरू, शिक्षासँग सम्बन्धित कर्मचारीहरू, प्रधानाध्यापकज्यूहरू, विद्यालयका शिक्षक शिक्षिकाहरू, स्थानीय बुद्धिजीवी तथा सङ्घसंस्थाहरूको उपस्थितिमा आयोजना गरिएको चरणबद्ध कार्यशालामा विद्यालयहरूमा कक्षा १ देखि ८ सम्मको स्थानीय विषयका लागि यसै क्षेत्रको प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक, आर्थिक र सामाजिक मूल्य, मान्यता तथा खेलहरूका बारेमा आधारभूत तहका बालबालिकाहरूलाई परिचित गराउन उद्देश्य अनुरूप स्थानीय विषयविज्ञहरू तथा मुख्य सरोकारवालाहरूको चरणबद्ध रूपमा लेखन, छलफल र अन्तरक्रियाबाट यो पाठ्यक्रमको निर्माण गरिएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०८१ देखि कक्षा १-८ सम्म लागू हुने छ ।

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यता

प्रत्येक क्षेत्रको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक विविधता हुन्छ । केन्द्रीय तहमा तयार गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेशअनुसार ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आवश्यक भएकाले र संवैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले स्थानीय तहले स्थानीय पाठ्यक्रम तयार गर्नुपर्दछ । स्थानीय पाठ्यक्रमका औचित्यलाई देहायबमोजिमका बुँदाहरूले अझ स्पष्ट पार्दछन् :

क) स्थानीय क्षेत्रको समग्र परिचय र महत्त्व वर्णन गर्न ।

ख) भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक,आर्थिक,सांस्कृतिक,धार्मिक तथा प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

ग)स्थानीय कला-कौशल, संस्कृति, पर्यटकीय क्षेत्र, पेसा, व्यवसाय, प्रविधि, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूप सिपको प्रदर्शन र व्यवहार गर्न सक्ने तुल्याउन ।

घ)स्थानीय क्षेत्रमा भएका स्रोत र साधनको अधिकतम परिचालन गर्न ।

ङ)विद्यार्थीहरूमा स्वास्थ्य, सरसफाइ, स्थानीय मूल्य, मान्यता र सदाचारी बानीको विकास गर्न ।

च)स्थानीय क्षेत्रमा भएका परम्परागत खेलकुद तथा बाजागाजा, सङ्गीतको प्रवर्धन गर्न ।

छ)स्थानीय क्षेत्रमा हुन सक्ने प्रकोप, विपद् र जोखिम न्यूनीकरणमा सहयोग गर्न ।

ज) स्थानीय क्षेत्रमा भएका सामाजिक सङ्घ,संस्था तथा ऐतिहासिक महत्त्वपूर्ण व्यक्तिहरूको योगदान बुझेर सामाजिक सङ्घसंस्थामा सहभागी हुन ।

## ४. विषय क्षेत्र छनौट

क. गाउँपालिकाको भौगोलिक, प्राकृतिक, ऐतिहासिक परिचय र गाउँपालिकाको संरचना तथा गाउँपालिकाले प्रदान गर्ने सेवासुविधाहरू

ख) स्थानीय स्तरमा प्रचलित भाषा, चाडपर्व, मेलाजात्रा, धर्म संस्कृति, रीतिरिवाज र भेषभूषा, परम्परागत सामग्रीहरू, विभिन्न स्थानीय परम्परागत बाजाहरू

ग) यस क्षेत्रमा रहेका मठ, मन्दिर, गुम्बा, चर्च र अन्य धार्मिक, ऐतिहासिक तथा पर्यटकीय सम्पदाहरू

घ) स्थानीय वातावरणमा पाइने वनस्पति, जडीबुटी र पशुपक्षीहरू, प्रदूषण, फोहोरमैला व्यवस्थापन, खनिज

ङ) यस क्षेत्रको सेरोफेरोमा रहेका नदीनाला, ताल, पोखरी, जलस्रोत प्रदूषण तथा जलस्रोतको संरक्षण

च) स्थानीय क्षेत्रमा प्रचलित परम्परागत पेसा, व्यवसाय, उद्योगधन्दा तथा आयआर्जनका क्रियाकलापहरू (पशुपालन, खेतीपाती, जडीबुटी खेती, हस्तकला, होटल व्यवसाय, उद्योग, पर्यटन आदि)

छ)स्थानीय क्षेत्रमा हुन सक्ने भूकम्प, बाढी, पहिरो, आगजनी, चट्याङ, हुरी, बतास र सडक दुर्घटना, रोग तथा महामारीहरू

ज) गाउँपालिका भित्रका सामाजिक सङ्घसंस्था तथा समाजसेवी व्यक्तिहरू र सामाजिक मूल्य तथा मान्यता

झ) स्थानीय क्षेत्रमा परम्परागत रूपमा खेलिने खेलहरू, योग व्यायामहरू, सन्तुलित भोजन र सामाजिक विकास ।

## ५. तहगत सक्षमता

यस चुमनुव्री गाउँपालिका अन्तर्गतका विद्यालयहरूका लागि तयार पारिएको यो स्थानीय विषयको पाठ्यक्रम सक्षमतामा आधारित भई तयार पारिएको छ । जसमा यो पाठ्यक्रमको लागु पश्चात् सहजीकरणका विभिन्न विधि र रणनीतिहरूको प्रयोग गर्न सकिन्छ । जसबाट विद्यार्थीहरूको मूल्याङ्कन गर्दा उनीहरूको बुझाइ तथा ज्ञानको तह (Knowledge), सिपको तह (Hard Skill) र विद्यार्थीहरूको व्यावहारिक कौशल (Soft Skill/Attitude)लाई समेत मूल्याङ्कन गर्न सकिन्छ । यो पाठ्यक्रमको अध्ययनपश्चात् विद्यार्थीहरू निम्न कुराहरू गर्न सक्षम हुने छन् ।

### कक्षा १-३ को सक्षमता

यस स्थानीय विषयको अध्ययनपश्चात् कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

- आफू बसेको ठाउँ, टोल, वडा र गाउँपालिकाको नाम र पहिचान
- स्थानीय जातजाति, भाषा, भेषभूषा, बाजा, धर्म, संस्कृतिको पहिचान र सम्मान
- स्थानीय चाडपर्वमा सहभागिता
- स्थानीय क्षेत्रमा पाइने बोटबिरुवा र जीवजन्तुको पहिचान, उपयोग र संरक्षणमा सहभागिता

- स्थानीय क्षेत्रमा भएका जलस्रोतको पहिचान, उपयोग र सरसफाइको सिप
- स्थानीय कृषि तथा व्यापार व्यवसाय, उद्योगको पहिचान
- स्थानीय परिकारहरूको पहिचान
- मान्यजनलाई आदर, सम्मान र सानालाई माया र सद्भाव
- प्रकोप तथा दुर्घटना र विपद्को पहिचान र सावधानी
- स्थानीय क्षेत्रमा खेलिने खेलहरूको अभ्यास र खेल सामग्रीहरूको उचित प्रयोग

**कक्षा ४-५ को सक्षमता**

यस स्थानीय विषयको अध्ययनपश्चात् कक्षा ४ र ५ का विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

- आफ्नो गाउँपालिका र छिमेकी गाउँपालिका/गाउँपालिकाको पहिचान
- गाउँपालिकाको सामान्य ऐतिहासिक र भौगोलिक परिचय
- स्थानीय जातजातिको भाषा, भेषभूषा, बाजागाजा, संस्कृतिको महत्त्व बोध र सम्मान
- स्थानीय मेलाजात्रा, चाडपर्वको पहिचान र सहभागिता
- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको पहिचान र संरक्षणमा सहभागिता
- स्थानीय क्षेत्रमा पाइने औषधीजन्य बोटबिरुवाको पहिचान, उपयोग र संरक्षणमा सहभागिता
- स्थानीय वन तथा वरपर पाइने चरालगायत वन्यजन्तुको संरक्षणमा सहभागिता
- गाउँपालिका क्षेत्रभित्र भएका पानीका मुहान, सिमसार क्षेत्रको पहिचान, उपयोग, महत्त्व बोध र संरक्षणमा सहभागिता
- वातावरणीय प्रदूषण, त्यसको असर पहिचान र आफ्नो विद्यालय, घर, टोलमा फोहोर व्यवस्थापनसम्बन्धी सिप
- स्थानीय क्षेत्रमा गरिने कृषि, पशुपालन आदि कार्य गर्ने सिप र बजारीकरणमा सहयोग
- स्थानीय जातजातिहरूले पाहुना तथा मान्यजनलाई गर्ने आदर-सत्कारको अनुसरण
- स्थानीय परिकारहरूको पहिचान र महत्त्व
- भूक्षय, बाढी, पहिरो, डुबान, आगलागी, चटयाङ, भूकम्प जस्ता प्रकोप तथा सडक दुर्घटनाबाट सावधानी तथा सुरक्षाका उपायहरूको अवलम्बन
- स्थानीय क्षेत्रमा परम्परागत रूपमा खेलिने खेलहरू र सामान्य योगको अभ्यास

**कक्षा ६-८ को सक्षमता**

यस स्थानीय विषयको अध्ययनपश्चात् कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्ने छन् :

- गाउँपालिकाको भौगोलिक, राजनैतिक, जातिगत संरचनाको पहिचान र गाउँपालिकाको भौगोलिक नक्सा बनाउने सिप
- गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाहरूको उपभोग
- स्थानीय धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरू(मन्दिर, गुम्बा, विहार, चर्च, मस्जिद)हरूको पहिचान, महत्त्व बोध

- स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरूको संरक्षण र व्यवस्थापनमा समुदाय र स्थानीय सरकारलाई सहयोग
- स्थानीय जातजातिको भाषा, संस्कृति, भेषभूषाको महत्त्व बोध, सम्मान र संरक्षण
- स्थानीय मेलाजात्रा, दशैँ, तिहार, बुद्ध जयन्ती, क्रिसमस, इदजस्ता चाडपर्वमा सहभागिता, धर्म संस्कृतिको सम्मान र संरक्षण
- स्थानीय सामाजिक तथा धार्मिक सहिष्णुता कायम गर्न सहयोग
- स्थानीय क्षेत्रमा भएका वनहरूको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागिता
- स्थानीय वनमा पाइने चरालगायत वन्यजन्तुको संरक्षणमा सहभागिता र वन्यजन्तु अपराध नियन्त्रणमा सहयोग
- स्थानीय क्षेत्रको जलस्रोत तथा खनिज पदार्थहरूको संरक्षणका सिपहरू र सहभागिता
- वातावरणीय प्रदूषण न्यूनीकरण र फोहोर व्यवस्थापनसम्बन्धी सिप
- स्थानीय क्षेत्रमा गरिने कृषि कार्यहरूसम्बन्धी सिप
- स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणसम्बन्धी सिप
- पर्यटनसँग सम्बन्धित व्यवसायको महत्त्व बोध, होम स्टे सञ्चालन
- स्थानीय प्रविधिमा आधारित काठ, बाँस, माटोका सामान निर्माण गर्ने सिप तथा परम्परागत प्रविधिमा आधारित सामग्रीको उपयोग
- सामाजिक विकासको सिप
- विद्यालय तथा टोलमा प्रकोप/विपद् व्यवस्थापन, सडक सुरक्षा लगायतका योजनानिर्माणमा सहभागिता
- दैनिक जीवनमा योग तथा ध्यान र सन्तुलित भोजनको महत्त्व बोध गरी अभ्यास

६. विषयवस्तुको क्षेत्र र क्रम

| क्र. सं. | क्षेत्र/विषय वस्तु | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | **चुमनुव्री गाउँपालिकाको परिचय** | ● गाउँपालिकाको नाम र आफू बसोबास गर्ने ठाउँको नाम<br>● आफ्नो टोल बस्तीमा भएका बाटोहरूको नाम | ● गाउँपालिकाको भौगोलिक स्वरूपहरूको नाम<br>● गाउँपालिकाको चार सिमानाको नाम र वडा सङ्ख्या | ● गाउँपालिकाको उचाइ, हावापानी र मुख्य सडकहरूको नाम<br>● गाउँपालिकाको चार सिमाना सहित वडाहरूको नाम, सङ्ख्या, केन्द्र र सिमाना | ● गाउँपालिकाको सामान्य नक्सा, ऐतिहासिक र राजनैतिक पृष्ठभूमि तथा छिमेकी गाउँपालिकाहरूको नाम<br>● गाउँपालिका क्षेत्रभित्रका वडा सामागाउँ,र छेकम्पारको ऐतिहासिक पृष्ठभूमि र विस्तृत परिचय | ● गाउँपालिका क्षेत्रको भू-बनोट र भू-उपयोग<br>● गाउँपालिकाको (सामागाउँ, ल्हो,र सिर्दिबास क्षेत्रको पृष्ठभूमि र विस्तृत परिचय | ● गाउँपालिकाको नक्सा, चार सिमाना तथा वडाहरूको वर्गीकरण, जनसङ्ख्या, जातजाति, मुख्य बस्तीहरू र शैक्षिक अवस्था<br>● गाउँपालिकाको ल्हो र प्रोकको ऐतिहासिक पृष्ठभूमि र विस्तृत परिचय | ● गाउँपालिकाको संरचना<br>● वडाको संरचना परिचय र वडा कार्यालयका कार्यहरू | ● गाउँपालिकाको सेवा सुविधाहरू र विकास प्रक्रिया<br>● स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी परिचय |
| २. | **स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कृति चाडपर्व र मेलाजात्रा** | ● स्थानीय क्षेत्रमा बसोबास गर्ने जाताजातिहरूको नाम (लामानुव्रीपा, गुरुङ, लामाचुम्बा, ठकुरी/क्षेत्री विश्वकर्मा, थकाली,घले, कामी, कार्की) | ● स्थानीय जातजातिले बोल्ने भाषा (गुरुङ भाषा, नुब्रिलाक, चुम्बा, कुथाङ् घले भाषा अन्य भाषामा नेपाली ( थकाली समेत), र | ● स्थानीय जातजातिले बोल्ने भाषा (गुरुङ भाषा, नुब्रिलाक, चुम्बा, घले भाषा अन्य भाषामा नेपाली ( थकाली समेत)र | ● स्थानीय जातजातिले पाहुना तथा मान्यजनलाई गर्ने आदर सत्कार (१ वर्ष पछि गरिने मुख्य संस्कार, ठुई, धुलेन मरेपछि गरिने संस्कार, गोङ्च्यान बच्चा | ● स्थानीय ( लामानुव्रिपा, गुरुङ, लामाचुम्बा ठकुरी/क्षेत्री कार्की, विश्वकर्मा थकाली जाति भाषा, भेषभूषा तथा जन्म, विवाह, मृत्यु | ● स्थानीय ( लामानुव्रिपा, गुरुङ, लामाचुम्बा ठकुरी/क्षेत्री विश्वकर्मा थकाली जाति -भाषा, भेषभूषा (गुन्युचोली पटुकी, साडी, | ● स्थानीय ठकुरी/क्षेत्री विश्वकर्मा थकाली लगायतका जातजातिको (भाषा, भेषभूषा, जन्म, विवाह, मृत्यु | ● स्थानीय जातजाति, असल संस्कार, भाषा तथा भेषभूषा संरक्षण र संवर्धनमा स्थानीय सरकारको भूमिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आदि)<br>● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरूको नाम दशैं, तिहार,नयाँ वर्ष, तिज, माघे सङ्क्रान्ति, होली, ल्होसार, शिवरात्रि, सोनाम ल्होसार पर्व आदि) | लगाउने भेषभूषा ( पाङ्केप, लुङ्गी, चोलो, पछ्यौरा, चप्पल, जुत्ता, धोती,सारी, घलेक मिटिल, नातोप (दिदा), छिल स्थानीय जुत्ता, कोरिल भुरे, छिरिङ खिङ्खापआलुङ् भोलाआदि)<br>● स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरू (दशैं,तिहार ,ल्होसार ,माघे सङ्क्रान्ति ,जनै पूर्णिमा ,सोनाम ल्होसार तिज श्रीपञ्चमी, गुरुङ समुदायको रोधी,समुदायक | लगाउने भेषभूषाको महत्त्व(गुन्यू चोलो, पाङ्केप, लुङ्गी, चोलो, पछ्यौरा, चप्पल, जुत्ता, धोती सारी, घलेक मिटिल, नातोप (दिदा), छिल स्थानीय जुत्ता, कोरिल भुरे, छिरिङ् खिङ्खापआलुङ् भोलाआदि)<br>● स्थानीय मेला, जात्रा, चाडपर्वमा बजाइने बाजाहरू (पञ्चे बाजा, मादल, ढ्याङ्ग्रो,झ्याल ी, बाँसुरी, मुरली, झुमा, डम्फु, दमाहा ,नगारा ,शङ्ख ,नरसिँगा ,ढोलकी | पाएपछि गरिने संस्कार, लाक्पे मेलापात, पर्व, स्याप्री स्थानीय नाच गुन्यु चोली,बेलविवाह, ब्राम्हणको लोक भजन, छेवार, काजक्रिया,मृत्यु संस्कारमा ढ्याङ्ग्रो, बजाएर डाँडामा लगी मृत शरीरलाई गाड्न सहिष्णुता, भाराणम, औंसी, पूर्णिमा, छोरीलाई टीका लगाएर ढोग्ने प्रचलन, गाई, भैँसी र गाई सुत्केरी हुँदा चोख्याउने चलन)<br>● स्थानीय मेला, जात्रा, चाडपर्वमा नाचिने नाचहरू जस्तैः रोधी नाच,डम्फु नाच भजन,बजाइने बाजाहरूको परिचय र अभ्यास (पञ्चे बाजा, मादल, ढ्याङ्ग्रो, | लगायतका संस्कार) (जन्म, न्वारान, भात खुवाइ विवाह, मृत्यु, कूल पूजा, बाली पूजा, झाँक्री पूजा, देवाली पूजा, मृत्यु संस्कारमा ढ्याङ्ग्रो, बजाएर डाँडामा लगी मृत शरीरलाई गाड्न आदि)<br>● रोधी नाच,डम्फु नाच भजनसम्बन्धी जानकारी तथा स्थानीय बाजा (पञ्चे बाजा, नौमती बाजा, मादल, डम्फु,बाँसुरी, मुरली आदि) बजाउने अभ्यास र संरक्षण | टोपी, दौरा सुरुवाल लगायत), जन्म, विवाह, मृत्यु लगायतका संस्कार न्वारन, व्रतबन्ध, छेवर, विवाह, चौरासी, मर्दा जुठो बार्ने, नुन बार्ने, कूल पूजा, देवाली पूजा आदि) स्थानीय शिवरात्रि मेला, श्रीपञ्चमी, बैशाख पूर्णिमा, माघे सङ्क्रान्ति, जनै पूर्णिमा,सोनाम ल्होसार तिज लगायतका मेलाजात्रा चाडपर्वको महत्त्व, | संस्कार (छैंठी, न्वारन, व्रतबन्ध, छेवर, विवाह, मृत्यु, चौरासी पूजा, कूल पूजा, बाली पूजा, विश्वकर्मा पूजा आदि<br>● स्थानीय मेलाजात्रा, चाडपर्वको संरक्षण र प्रवर्धनमा सहभागिता तथा विद्यार्थीको भूमिका | ● दशैं, तिहार, नयाँ वर्ष, तिज, माघे सङ्क्रान्ति, होली, ल्होसार, शिवरात्रि, सोनाम ल्होसार पर्व आदि)फागु जात्रा, लगायतका स्थानीय मेलाजात्राहरू र तिनीहरूको संरक्षण तथा प्रवर्धनमा स्थानीय समुदाय र स्थानीय सरकारको भूमिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ो बौद्ध पूर्णिमा,चाड होली, ल्होसार, शिवरात्रि, आदि) | ,सारङ्गी आदि) | झ्याली, झ्रुमा, डम्फु, दमाहा ,नगारा ,पञ्चे बाजा ,नरसिँगा ,ढोलकी ,तामाङ सेलो बाजा आदि) | | संरक्षण र सहभागिता | | |
| ३. | **स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल** | • गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको नाम (छेप्पू धाज्याङ, ङ्युङ्ने, मन्च्याङ, गोम्बागुम्बा, घङ्री (हिमाल), छो (ताल), छुङ्प्याङ (झरना), गुम्बा, माने, कानी, चर्च (साम्डुक छ्योलिङ गुम्बा, पाङ्सिङ गुम्बा) रिन्जुम गुम्बा, सम्दो गुम्बा, | • गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको नाम र कुनै दुई ओटाको छोटो परिचय सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, लुबराब ल्हो गुम्बा, हिनाब गुम्बा, स्याला गुम्बा, सेराब गुम्बा आदि) • गाउँपालिका भित्रका पर्यटकीय | गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको सूची, कुनै तीन ओटाको परिचय र महत्त्व सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, लुबराब ल्हो गुम्बा, हिनाब गुम्बा, स्याला गुम्बा, सेराब गुम्बा आदि) • मनासलु आधार | • गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको कुनै चार ओटाको परिचय र महत्त्व सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, लुबराब ल्हो गुम्बा, हिनाब गुम्बा, स्याला गुम्बा, सेराब गुम्बा आदि) | • गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको कुनै चार ओटाको परिचय र महत्त्व सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, लुबराब ल्हो गुम्बा, हिनाब गुम्बा, स्याला गुम्बा, सेराब गुम्बा आदि) | • गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको कुनै चार ओटाको परिचय र महत्त्व सेराङ्गी गुम्बा, मु गुम्बा, राजेन गुम्बा, लुबराब ल्हो गुम्बा, हिनाब गुम्बा, स्याला गुम्बा, सेराब गुम्बा आदि) | • गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको महत्त्व, संरक्षण र प्रवर्धनमा स्थानीय समुदायको भूमिका • गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूमा सञ्चालन गर्न सकिने सम्भावित पर्यटकीय | • गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूमा सञ्चालन हुने क्रियाकलापहरू र यी सम्पदाहरूले समाज र राष्ट्रमा पुऱ्याएको योगदान र प्रवर्धन • गाउँपालिका भित्रका प्राकृतिक पर्यटकीय स्थलहरूमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सिङ्ला गुम्बा, फिलिम गुम्बा, घ्याल्चोक गुम्बा, छुम्नेत गुम्बा, मु च्ये गुम्बा, बुद्ध च्योर्टेन, मनासलु आधार शिविर, ल्हो गाउँ, हिनाङ गुफा, झन्साङ ग्लेसियर टुम्बो चे, बर्हो, सोतुङ हिमाल, बिरिन हिमाल आदि)<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको नाम ( दुधपोखरी, रुपिनाला, ग्लासियर, झरना, चेल्टङ (१० धारा ल्हो गाउँ हिनाङ गुफा | स्थलहरूको नाम र कुनै दुई ओटाको छोटो परिचय ( ल्हो गाउँ हिनाङ गुफा झन्साङ ग्लेसियर, टुम्बो चे,बर्हो)आदि) मनासलु संरक्षण क्षेत्रमा रहेको यो गाउँपालिकामा मनासलु, श्रृङ्गी लगायतका १४ वटा हिमश्रृङ्खलाहरू, लार्के, ग्या र ला पासजस्ता प्रसिद्ध पदमार्ग पर्दछन् । छेकम्पार, सामाजस्ता उपत्यका र काल ताल र | शिविर,ल्हो गाउँ<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको नाम र कुनै तीन ओटाको परिचय र महत्त्व ( ल्हो गाउँ हिनाङ गुफा झन्साङ ग्लेसियर,टुम्बो चे,बर्हो)आदि) मनासलु संरक्षण क्षेत्रमा रहेको यो गाउँपालिकामा मनासलु, श्रृङ्गी लगायतका १४ वटा हिमश्रृङ्खलाहरू, लार्के, ग्या र ला पासजस्ता प्रसिद्ध पदमार्ग | • मनासलु आधार शिविर,ल्हो गाउँ,आदि)<br>• )गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको नाम र कुनै चार ओटाको परिचय र महत्त्व ( ल्हो गाउँ मनासलु संरक्षण क्षेत्रमा रहेको यो गाउँपालिकामा मनासलु, श्रृङ्गी लगायतका १४ वटा हिमश्रृङ्खलाहरू, लार्के, ग्या र ला पासजस्ता प्रसिद्ध पदमार्ग पर्दछन् । छेकम्पार, सामा जस्ता उपत्यका र काल ताल र<br>• वीरेन्द्र ताल, तीनवटा महत्त्वपूर्ण झरना, रहेका छन् । गुम्बा आदि) | • मनासलु आधार शिविर,ल्हो गाउँ,आदि) | • मनासलु आधार शिविर,ल्हो गाउँ,आदि)<br>• गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको नाम र कुनै चार ओटाको परिचय र महत्त्व ( ल्हो गाउँ, मनासलु संरक्षणक्षेत्रमा रहेको यो गाउँपालिकामा मनासलु, श्रृङ्गी लगायतका १४ वटा हिमश्रृङ्खलाहरू, लार्के, ग्या र ला पासजस्ता प्रसिद्ध पदमार्ग पर्दछन् । छेकम्पार, सामाजस्ता | गतिविधिहरू : क्यानोयिङ् पर्यटकीय स्थलको संरक्षण तथा प्रवर्धनमा विद्यार्थीको भूमिका | सञ्चालन गर्न सकिने सम्भावित पर्यटकीय गतिविधि: होम स्टे, पर्यापर्यटन लगायत र प्रवर्धनमा स्थानीय समुदाय र गाउँपालिकाको भूमिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | झन्साङ ग्लेसियर,टुम्बो चे,बर्हो)आदि) मनासलु संरक्षण क्षेत्रमा रहेको यो गाउँपालिकामा मनासलु, श्रृङ्गी लगायतका १४ वटा हिमश्रृङ्खलाहरू, लार्के, ग्या र ला पासजस्ता प्रसिद्ध पदमार्ग पर्दछन् । छेकम्पार, सामा जस्ता उपत्यका र काल ताल र वीरेन्द्र ताल, तीनवटा महत्त्वपूर्ण झरना, रहेका छन् । | • वीरेन्द्र ताल, तीनवटा महत्त्वपूर्ण झरना, रहेका छन् । ग्लासियर, झरना, ल्हो गाउँ<br>• गुम्बा आदि) | पर्दछन् । छेकम्पार, सामाजस्ता उपत्यका र काल ताल र<br>• वीरेन्द्र ताल, तीनवटा महत्त्वपूर्ण झरना, रहेका छन् । ग्लासियर, झरना, ल्हो गाउँ गुम्बा आदि) | | | उपत्यका र काल ताल र वीरेन्द्र ताल, तीनवटा महत्त्वपूर्ण झरना, रहेका छन् । गुम्बा आदि) | | |
| ४. | **स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण** | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाको नामहरू: लालीगुराँस | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाको नामहरू: लालीगुराँस | • बोटबिरुवाको महत्त्व तथा उपयोग<br>• स्थानीय वनमा पाइने | • स्थानीय क्षेत्रमा पाइने औषधीजन्य वनस्पतिहरूको नाम यार्चागुम्बा, वनलसुन, कुड्की, | • स्थानीय क्षेत्रमा पाइने औषधीजन्य वनस्पतिहरूको उपयोग यार्चागुम्बा , | • स्थानीय वनहरूका प्रकार र व्यवस्थापन | • सामुदायिक वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा स्याग्या | • वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा स्याग्या परम्परा संरक्षण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यार्चागुम्बा, कुड्की, पाङ्पेहे, पोहे(वनलसुन) , वाङ्ला पाँच औँले,सार्केन, च्याङ्गु,छ्युटे, किताङ, टिमुर,पाखनबेत निरमसी,जटामसी, सतुवा<br>● स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू (गाई, भैँसी, बाख्रा, सँगुर, बङ्गुर भैँडा, कुखुरा, माछा, मौरी, खरायो,हाँस) र वन्यजन्तुहरूको नाम ( चितुवा, फ्याउरो, स्याल, मृग, नियाँले बाघ, दुम्सी, खरायो, बाँदर, ब्वाँसो, घोरल, वन कुखुरा, गोहोरो, चिल, | यार्चागुम्बा , कुड्की, पाङ्पेहे, पोहे( वनलसुन), वाङ्ला पाँच औँले, सार्केन, च्याङ्गु,छ्युटे, किताङ, टिमुर,पाखनभेद निरमसी,जटामसी,सतुवा<br>● स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू (गाई, भैँसी, बाख्रा, सँगुर, बङ्गुर भैँडा, कुखुरा, माछा, मौरी, खरायो,हाँस) र वन्यजन्तुहरूको नाम ( चितुवा, फ्याउरो, स्याल, मृग, नियाले बाघ, दुम्सी, खरायो, | वन्यजन्तु र चराहरूको सूची (चितुवा, फ्याउरो, स्याल, मृग, नियाँले बाघ, दुम्सी, खरायो, बाँदर, ब्वाँसो, घोरल, वन कुखुरा, गोहोरो, चिल, काग,सर्प, छेपारो, साँवे, गिद्ध, भँगेरा, गौँथली, सुगा, जुरेली, तित्रा ढुकुर, रानी चरी, सालक, वनबिरालो, परिचय स्थानीय क्षेत्रको पानीको स्रोतको परिचय बुढीगण्डकी भालु खोला, सुन खोला, लोक्पा खोला | पाँच औँले, सनुवा, निरमसी, जटामसी, पाखनबेत, टिमुर, चिराइतो अम्लो भुम्लो तितो ओसर सिमल यार्चागुम्वा, पाँच औँले, निरमसी, सतुवा,<br>● स्थानीय वनमा पाइने जनावरको परिचय ( थार, घोरल, रतुवा बँदेल, झारल, बाँदर, हाप्रे, डाँफे, मुनाल, कालिज, ब्याँसो, स्याल, फ्याउरो, हरिण, मृग, बाघ, नाउर, कस्तुरी, खुवाथार, बाँदर, दुम्सी, भालु, हिम चितुवा, सारल) दुम्सी, चेन (बाघ), ओभ (भालु), खैरो बाँदर, भिर्रा, घोरल, थार, कस्तुरी, झारल, स्याल, | वनलसुन, कुड्की, च्याउ, पाँच औँले, सनुवा, निरमसी, जटामसी, पाखनबेत, टिमुर, चिराइतो<br>● स्थानीय क्षेत्रमा पाइने चरा र अन्य साना प्राणीहरूको परिचय चिल, गौँथली,जुरेली)<br>● फोहोरमैलाको वर्गीकरण | ● वन्यजन्तुको संरक्षणमा विद्यार्थी र स्थानीयको भूमिका<br>● स्थानीय क्षेत्रमा फोहोरमैलाले प्राकृतिक स्रोत र स्वास्थ्यमा पार्ने असर र रोकथामका उपायहरू | परम्परा संरक्षण सम्बन्धी ॱकानुनी व्यवस्थाको परिचय र महत्त्व<br>● स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन (3R+)<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको परिचय ( ढुङ्गा खानी बालुवा खानी, माटो खानी, गिटी, खरी ढुङ्गा खानी, चुन ढुङ्गा, कमेरो, गेरु, रातोमाटो) | सम्बन्धी ॱकानुनी व्यवस्थाले पारेका सकारात्मक प्रभावहरू तथा स्थानीय समुदाय र गाउँपालिकाको भूमिका<br>● स्थानीय जलस्रोत संरक्षण, फोहोर र प्रदूषण नियन्त्रणमा हाम्रो भूमिका<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको महत्त्व र उपयोग |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | काग,सर्प, छेपारो, साँवे, गिद्ध, भँगेरा, गौँथली, सुगा, जुरेली, तित्रा ढुकुर, रानी चरी, सालक, वनबिरालो, पाटे बाघ,<br>● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम बुढीगण्डकी भालु खोला सुन खोला लोकपा खोला | बाँदर, ब्वाँसो, घोरल, वनकुखुरा, गोहोरो, चिल, काग,सर्प, छेपारो, साँबे, गिद्ध, भँगेरा, गौँथली, सुगा, जुरेली, तित्रा ढुकुर, रानी चरी, सालक, वनबिरालो, पाटे बाघ,<br>● स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको नाम बुढीगण्डकी भालु खोला, सुन खोला, लोक्पा खोला | | डाँफे,कालिज, वनबिरालो<br>● जलस्रोतको अवस्था र प्रदूषण: कारण र असरहरू | | | | |
| ५. | **स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम** | ● स्थानीय क्षेत्रमा उत्पादन हुने अन्नबाली , | ● स्थानीय कृषि उत्पादन- अन्नबाली, | ● स्थानीय कृषि उत्पादन र पशुपालनको | ● तरकारी खेती साग, आलु र बन्दा, मुला, फर्सी, | ● अन्न खेती - धान, तोरी,फापर,,गहुँ, | ● पशुपालन ( बाख्रापालन, कुखुरा, हाँस | ● मौरीपालन, च्याउ खेती, फलफूल | ● स्थानीय कृषि उत्पादनको उपयोग गर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | फलफूल बाली, तरकारी बालीको नाम गहुँ, फापर, तोरी, आलु मुला, गान्टे मुला आलु, मकै, कोदो, जौ, गहुँ, फापर, लट्टे, रायो, काउली, वन्दा, मुला, फर्सी, गाँजर हरियो तरकारी स्याउ<br>● स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको नाम ( हलो, जुवा, कुटी कोदालो, हँसिया,डोको, नाम्लो, बन्चरो, हाते ट्र्याक्टर, करौंती, कुटानी | फलफूल, तरकारी खेतीको परिचय गहुँ, फापर, तोरी, आलु मुला, गान्टे मुला आलु, मकै, कोदो, जौ, गहुँ, फापर, लट्टे, रायो, काउली, बन्दा, मुला, फर्सी, गाँजर<br>हरियो तरकारी लगायत) विभिन्न जडीबुटी: यार्चागुम्बा, वनलसुन, कुड्की, च्याउ, पाँच औंले, सनुवा, निरमसी, जटामसी, पाखनबेत, टिमुर, चिराइतो अम्लो भकिम्लो | महत्त्व र फाइदा<br>● स्थानीय परम्परागत सामग्रीहरूको परिचय र उपयोग - ( हलो, जुवा, कुटी कोदालो, हँसिया,डोको, नाम्लो, बन्चरो, हाते ट्र्याक्टर, करौंती, कुटानी पिसानी (घट्ट) (ढिकी, जाँतो) थोङ् (हलो), ङ्यासिङ् ( जुवा), तोचे ( कोदाली)<br>तारी (बन्चरो), जोपो (चौंरी), ब्री (याक), ता (घोडा), पानी घट्टा (छ्यूता), गहुँ मिल ( ढोदुङ्), तोरी | गाँजर हरियो तरकारी )को जानकारी<br>● स्थानीय क्षेत्रमा भएका उद्योग व्यवसायहरूको सूची र परिचय (कृषि, माछा मार्ने, आरन, सिलाइ, जुत्ता सिलाइ, शिक्षण, सेना, प्रहरी. निजामती, पशुपालन, व्यापार, वैदेशिक रोजगार, ज्याला मजदुरी, सवारी चालक, नोकरी घरेलु उद्योग,कुखुरापालन, डोको नाम्लो बुन्ने, गुन्द्री बुन्ने, भाँडा कुँडा बनाउने आरान, ढिकी, जाँतो, कोल, उर्गौलो, हण्डा, कुटानी पिसानी, होटल, लज, होमस्टे, ब्लक उद्योग, हस्तनिर्मित सामग्री (गुडिया, झोला, थैली, | कोदो, र मकै खेती)को जानकारी<br>● स्थानीय उद्योग व्यवसायहरूको परिचय ( कृषि, माछा मार्ने, आरान, सिलाइ, जुत्ता सिलाइ, शिक्षण, सेना, प्रहरी,. निजामती, पशुपालन, व्यापार, वैदेशिक रोजगार, ज्याला मजदुरी, सवारी चालक, नोकरी घरेलु उद्योग,कुखुरापालन, डोको नाम्लो बुन्ने, गुन्द्री बुन्ने, भाँडा कुँडा बनाउने आरान, ढिकी, जाँतो, कोल, उर्गौलो, हण्डा, कुटानी पिसानी, होटल, लज, होमस्टे, | पालन, माछा र बङ्गुरपालन) को जानकारी<br>● स्थानीय पहिलो उद्योग वा व्यवसायको परिचय र त्यसको समाजमा योगदान<br>● पर्यटन व्यसाय परिचय: क्यानोइङ, कृषि, धार्मिक, प्राकृतिक ऐतिहासिक) | खेती, जडीबुटी (यार्चागुम्बा, बोजो, निम, पारिजात, गुर्जो, गुँदरगानो, हर्रो,बर्रो, अमला, टिमुर,असुरो, रानी सिङ्का, तुलसी, वनमारा, घोलटाप्रे आदि) खेतीको जानकारी र सम्भावना<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित काठका सामग्री निर्माण<br>● पर्यटन व्यवसाय परिचय, सम्भावना र | तरिका, बजारीकरण, कृषि क्षेत्रमा चुनौती र कृषि प्रवर्धन स्थानीय सरकारको भूमिका<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित माटो (मूर्तिकला) र बाँसका सामग्री निर्माण<br>● होम स्टे सञ्चालन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पिसानी (घट्ट) ( ढिकी, जाँतो) थोङ (हलो), ङ्यासिङ ( जुवा), तोचे ( कोदाली)<br><br>तारी (बन्चरो), जोपो (चौंरी), ब्री (याक), ता (घोडा), पानी घट्टा (छ्यूता)गहुँ मिल (ढोदुङ), तोरी पेल्ने मेसिन (छुमपथाह) आदि) | जारायता<br>गुराँस<br>तितो ओसर<br>सिमल<br>बोक्सो<br>बकैनो<br>तितेपाती<br>निम<br>जटामसी<br>भुइँ अमला<br>चिराइतो<br>यार्चागुम्बा, पाँच औंले, निरमसी, सतुवा,आदि)<br>● स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको परिचय( हलो, जुवा, कुटी कोदालो, हँसिया,डोको, नाम्लो, बन्चरो, हाते ट्र्याक्टर, करौंती, | पेल्ने मेसिन ( छुमपथाह) आदि) | प्याराग्लाइडिङ् र न्याफ्टिङ् आदि | ब्लक उद्योग, हस्तनिर्मित सामग्री ( गुडिया, झोला, थैली, प्याराग्लाइडिङ् र न्याफ्टिङ् आदि | | आर्थिक विकास | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुटानी पिसानी (घट्ट) (ढिकी, जाँतो) थोङ (हलो), ङ्यासिङ (जुवा), तोचे (कोदाली)तारी (बन्चरो), जोपो (चौंरी), ब्री (याक), ता(घोडा), पानी घट्टा (छ्यूता), गहुँ मिल (ढोदुङ), तोरी पेल्ने मेसिन (छुमप थाह)आदि) | | | | | | |
| ६. | **सडक सुरक्षा र प्रकोप न्यूनीकरण** | ● स्थानीय क्षेत्रमा हुन सक्ने प्रकोप विपद्को नाम | ● प्राकृतिक प्रकोप र मानवीय कारणले आउनसक्ने विपत्तिहरू (हावाहुरी, आगलागी, सडक दुर्घटना) | ● स्थानीय क्षेत्रमा सडक दुर्घटना (कारण, असर र बच्ने उपायहरू) | ● स्थानीय क्षेत्रमा बाढी, पहिरो, हावाहुरी, आगलागीको असर र न्यूनीकरण | ● सडक सुरक्षा, ट्राफिक सङ्केत र चिह्नहरू | ● सडक सुरक्षाका लागि ट्राफिक चिह्नहरूको उपयोग र महत्त्व | ● स्थानीय क्षेत्रमा हुन सक्ने महामारी र विभिन्न विपद्हरू न्यूनीकरण | ● स्थानीय क्षेत्रमा महामारी, प्रकोप तथा विपद् व्यवस्थापनको योजना, निर्माण र कार्यान्वयन |
| ७. | **सकारात्मक व्यवहार र सामाजिक विकास** | ● साथी, गुरुहरू, परिवारका सदस्यहरूलाई | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू र | ● परिवारिक मेलमिलाप र | ● असल सोच र असल चरित्र निर्माण गर्ने बानीको विकास | ● सामाजिक कुरीतिहरू (बालविवाह, | ● शान्ति र अहिंसाको प्रवर्धनका लागि स्याग्या | ● शारीरिक अपाङ्गता, सामाजिक तथा लैङ्गिक | ● सामाजिक, लैङ्गिक विभेद, कुरीति, कुलत विरुद्ध |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्मान गर्न र आदरार्थी शब्दहरूको प्रयोग<br>• छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर सत्कार | छरछिमेकीसँग आदर, सत्कार<br>• साथीहरूबिच सहयोग र मेलमिलाप | आत्म अनुशासन<br>• बालमैत्री कक्षाबारे बुझ्न र डररहित सिकाइका आधारभूत कुराहरू<br>• आतिथिलाई खादा ओडाएर सम्मान<br>• जनावरलाई पनि मनिस सरह मान | सम्बन्धी वर्णन (मान्यजनलाई आदर सत्कार,<br>• सकारात्मक अनुशासन पद्धति अनुसरण गर्नका लागि अपनाउनुपर्ने बानी व्यहोरा<br>• अतिथिलाई खादा ओडाएर सम्मान<br>• जनावरलाई पनि मनिस सरह मान | बहु विवाह, लगायत<br>• सकारात्मक अनुशासन पद्धति अनुसरण (छुवाछुतको अन्त्य/ परम्परालाई समयसापेक्ष परिवर्तन गर्दै अनुकरण, विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप | परम्पराको भूमिका र महत्त्व<br>• बाल अधिकार परिचय र बालबालिकाको कर्तव्य सम्बन्धी जानकारी<br>• सहयोगको भावना रहेका, विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप | विभेदको परिचय र विभेदको न्यूनीकरणका उपायहरू<br>• विविध जनजाति र आपसी सद्भाव र मेलमिलाप, सकारात्मक व्यवहार तथा सामुदायिक सहिष्णुताको अवस्था, चाडपर्वमा सरसहयोग | गाउँपालिकाको कानुनी प्रावधान र हाम्रो भूमिका सम्बन्धी वर्णन<br>• परिवार र समाज प्रतिको जिम्मेवारी र कर्तव्यबोध सम्बन्धी परिचय (अनाथलाई सहयोग, विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप) |
| | | | | | | | | | |
| ८. | **स्थानीय खेल, स्वास्थ्य परम्परा र भोजन** | • स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम र अभ्यास (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गट्टा, लुकामारी, डोरी | • स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय र अभ्यास (कुनै २ वटा) स्थानीय स्तरमा प्रचलित | • स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय, महत्व र अभ्यास ( कुनै ३ वटा) ( स्थानीय स्तरमा प्रचलित | • योग र ध्यानको प्रारम्भिक अभ्यास<br>• परम्परागत गुन्द्रुक, ढिँडो, अचार,<br>• क्वाँटी बनाउने तरिका | • योग र ध्यानको परिचय र विभिन्न प्रकारका योग र ध्यानको अभ्यास<br>• स्थानीय रोटी, कोदोको पिठो, पुवा, | • आम्ची परम्परा ( सोवारिग्पा) को परिचय र महत्त्व<br>• स्थानीय क्षेत्रमा उत्पादित सन्तुलित | • आम्ची परम्परा ( सोवारिग्पा) को अभ्यास<br>• पत्रु खाना (junk food)का असरहरू र | • दैनिक जीवनमा आम्ची परम्परा ( सोवारिग्पा) को प्रयोग र यसबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल,, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तनाइ, मेच घुमाइ, लक्कु दाल, भलिबल आदि<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नाम (, ढिँडो सिस्नो, च्याउ<br>● दालभात तरकारी, ढिँडो, सिस्नु, गिठा, भ्याकुर, गुन्द्रुक, दुध, चिया, ,अचार, ढिँडो, मकै रोटी, जाँड | खेलहरूको नाम र अभ्यास (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गट्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुचाल, स्किपिङ कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तनाइ, मेच घुमाइ, लक्कु दाल, भलिबल इत्यादि<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूका | खेलहरूको नाम र अभ्यास (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गल्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुचाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपि लौरो इत्यादि) डोरी तनाइ, मेच घुमाइ, लक्कु दाल, भलिबल इत्यादि<br>● स्थानीय परिकारहरूको महत्त्व | | क्वाँटी,कुराउनी, खीर बनाउने तरिका | भोजनको परिचय | पत्रु खानामा कमी ल्याउने उपायहरू | ● स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बोक्रायुक्त खानाका फाइदाहरू |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ● वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा श्याग्या परम्परा संरक्षणसम्बन्धी ंकानुनी व्यवस्थाको परिचय र महत्त्व बताउन<br>● स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन (3R+)का तरिकाहरू अवलम्बन गर्न<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको परिचय दिन | ● वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा श्याग्या परम्परा संरक्षणसम्बन्धी ंकानुनी व्यवस्थाको परिचय र महत्त्व<br>● घर तथा विद्यालयको फोहोरमैलाको व्यवस्थापन (3R+) का तरिकाहरू<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको परिचय, महत्त्व र उपयोग ( ढुङ्गा खानी बालुवा खानी, माटो खानी, गिट्टी, खरी ढुङ्गा खानी, चुन ढुङ्गा, कमेरो, गेरु, रातोमाटो) | ● श्याग्या परम्परा संरक्षण सम्बन्धी ंस्थानीय कानुनी ऐन २०७९<br>● विभिन्न श्रव्य दृश्य सामग्रीहरू<br>● फोहोर व्यवस्थापन सम्बन्धी श्रव्यदृश्य सामग्री<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थहरूको सूची र महत्त्व सम्बन्धी श्रव्यदृश्य सामग्री | ● गाउँपालिका क्षेत्रमा भएका सामुदायिक वनहरूको सूची बनाई प्रस्तुत गर्ने र वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापन भनेको के हो र त्यसको के महत्त्व छ भन्ने बारेमा बताइदिने ।<br>● श्याग्या परम्परा संरक्षणसम्बन्धी ंस्थानीय कानुनी ऐन २०७९ को परिचय दिँदै त्यसका प्रावधानहरूका बारेमा छलफल गर्ने<br>● श्याग्या परम्परा संरक्षणसम्बन्धी ंस्थानीय कानुनी ऐन २०७९ को महत्त्व र त्यसबाट वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा पुग्ने फाइदा सम्बन्धमा छलफल गर्ने ।<br>● कक्षाकोठाबाट निस्कने फोहरलाई व्यवस्थापन गर्न लगाउने ।<br>● ठोस फोहोरहरूको पुनः प्रयोग गरेर बनाइएका सामानहरू देखाएर कम गर्ने, पुनः प्रयोग, प्रशोधन तथा प्रयोगअगाडि एकपटक सोच्ने (3R+: Reduce, Reuse, Recycle, Rethink)को सिद्धान्तबारे बुझाउने ।<br>● कागजहरूको पुनः प्रयोग गरेर फोटो फ्रेमलगायत विभिन्न सामग्रीहरूको निर्माण गर्न सिकाउने ।<br>● तरल फोहोरको व्यवस्थापन गर्न सिकाउने । जस्तैः सब्जी पखालेको पानी करेसाबारीमा प्रयोग गर्ने । | ● वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनको परिचय दिन लगाउने ।<br>● श्याग्या परम्परा संरक्षण सम्बन्धी स्थानीय कानुनी ऐन २०७९ को महत्त्व र फाइदाहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● नजिकको वनको अवलोकन भ्रमण गरी त्यसको उपयोग र संरक्षणमा भएका कार्यहरूबारे बुझेर परियोजना कार्य गर्न लगाउने ।<br>● आफ्नो घरबाट निस्कने फोहोरहरूलाई कसरी व्यवस्थापन गरिएको छ कक्षामा छलफल गर्न लगाई निचोडलाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउने ।<br>● तरल फोहोर व्यवस्थापनका उपायहरूको सूची बनाउन लगाउने ।<br>● पुनः प्रयोग गरेर कागज वा प्लास्टिकको कुनै एक सामग्री तयार पारेर प्रदर्शन गर्न लगाउने । | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● फोहोर व्यवस्थापनसम्बन्धी वृत्तचित्र वा भिडियो प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थहरूको सूची प्रस्तुत गर्ने । ( ढुङ्गा खानी, बालुवा खानी, माटो खानी, गिट्टी, खरी ढुङ्गा खानी, चुन ढुङ्गा, कमेरो, गेरु, रातो माटो आदि)<br>● खनिज वस्तुहरूको महत्त्व र तिनीहरूको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा छलफल गर्ने ।<br>● स्थानीय क्षेत्रमा भएका खानीहरूको अवस्थाबारे स्थलगत भ्रमण गराई त्यसको दिगो व्यस्थापनबारे छलफल गरी निष्कर्ष दिने । | ● स्थानीय क्षेत्रमा पाइने खनिज वस्तुहरूको महत्त्वको सूची प्रस्तुत गर्न लगाउने ।<br>● खानीको स्थलगत भ्रमणको परियोजना बनाई प्रस्तुत गर्न लगाउने । | |
| ८ | ● वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा श्याग्या परम्परा संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारिता तथा स्थानीय समुदाय र गाउँपालिकाको भूमिका उल्लेख गर्न<br>● स्थानीय जलस्रोत संरक्षण, फोहोर र | ● वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा श्याग्या परम्परा संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारिता तथा स्थानीय समुदाय र गाउँपालिकाको भूमिका<br>● वन्यजन्तु अपराध नियन्त्रण र कानुनी व्यवस्था कार्यान्वयनमा गाउँपालिकाको भूमिका | ● श्याग्या परम्परा संरक्षणसम्बन्धी स्थानीय कानुनी ऐन २०७९<br>● श्याग्या परम्परा संरक्षणसम्बन्धी स्थानीय कानुनी ऐन २०७९ संरक्षण र प्रवर्धनका | ● श्याग्या परम्परा संरक्षणसम्बन्धी स्थानीय कानुनी ऐन २०७९ को महत्त्वसम्बन्धी स्थानीय जानकार व्यक्तिसँग छलफल गराई निष्कर्ष दिने ।<br>● श्याग्या परम्परा संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारिता तथा स्थानीय समुदायले गर्दै आएका प्रयासहरू र गाउँपालिकाको भूमिका बारेमा खोजी गरी बताइदिने<br>● विद्यालय नजिकैको वन कार्यालय वा वनका पदाधिकारीसँग भेट गराई उक्त वनको | ● श्याग्या परम्परा संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारिता तथा स्थानीय समुदायले गर्दै आएका प्रयासहरू र गाउँपालिकाको भूमिका बारेमा सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय वनको संरक्षणमा स्थानीय समुदाय, विद्यार्थी र स्थानीय सरकारले गर्नुपर्ने कार्यहरूको सूची बनाउन लगाउने । | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रदूषण नियन्त्रणमा हाम्रो भूमिका<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको महत्त्व र उपयोग | ● स्थानीय जलस्रोत संरक्षण, फोहोर र प्रदूषण नियन्त्रणमा हाम्रो भूमिका<br>● स्थानीय क्षेत्रमा पाइने खनिज पदार्थको परिचय महत्त्व र उपयोग ढुङ्गा खानी, बालुवा खानी, माटो खानी, गिट्टी, खरी ढुङ्गा खानी, चुन ढुङ्गा, कमेरो, गेरु, रातो माटो) | लागि हामीले गर्नुपर्ने कार्यहरूको सूची<br>● वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी लेख, रचना, नियम कानुन<br>● ढुङ्गा खानी, बालुवा खानी, माटो खानी, गिट्टी, खरी ढुङ्गा खानी, चुन ढुङ्गा, कमेरो, गेरु, रातोमाटो सम्बन्धी लेख, रचना, पम्प्लेट<br>● विभिन्न श्रव्य दृश्य सामग्रीहरू | व्यवस्थापन र संरक्षणका कार्यहरूबारे छलफल गर्ने ।<br>● वनको संरक्षण र दिगो उपयोगका लागि स्थानीय समुदायले गर्दै आएका प्रयासहरूको र गाउँपालिकाको भूमिका बारेमा खोजी गरी बताइदिने ।<br>● श्याग्या परम्परा संरक्षणसम्बन्धी कानुनी व्यवस्थाअनसार वन्यजन्तुहरूको शिकार गरेमा, मारेमा वा त्यसलाई असर गरेमा, बेचबिखन गरेमा हुने कानुनी कारबाहीहरूबारे बताइदिने र स्थानीय विज्ञसँग छलफल गराउने ।<br>● मानव र वन्यजन्तुबिच हुने द्वन्द्वहरूका बारेमा छलफल गरी त्यसलाई न्यूनीकरण गर्नका लागि स्थानीय क्षेत्रमा अपनाउन सकिने कार्यहरूको सूची प्रस्तुत गर्ने ।<br>● वन्यजन्तुको अपराधसम्बन्धी कानुनी प्रावधानहरूबारे वृत्तचित्र प्रस्तुत गरी छलफल गर्ने ।<br>● वन्यजन्तु संरक्षणका लागि गाउँपालिकाले बनाएका नियमहरूबारे छलफल गर्ने ।<br>● स्थानीय क्षेत्रमा फोहोर व्यस्थापन र प्रदूषण नियन्त्रणमा काम गरिरहेका सङ्घसंस्थाहरूको खोजी गरी सूची बनाई तिनीहरूले गर्ने कार्यहरूको बारेमा प्रस्तुत गर्ने ।<br>● फोहोर व्यस्थापन र प्रदूषण नियन्त्रणमा स्थानीय समुदाय तथा विद्यार्थीले गर्नुपर्ने कार्यहरूको सूचीसहित छलफल गर्ने । | ● नजिकको वनको अवलोकन भ्रमण गरी त्यसको उपयोग र संरक्षणमा भएका कार्यहरूबारे बुझेर परियोजना कार्य गर्न लगाउने ।<br>● वन्यजन्तुको संरक्षणका लागि गाउँपालिकाले गर्ने गरेका कार्यहरू बुझेर सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● स्वच्छ वातावरणका लागि स्थानीय क्षेत्रमा समुदाय र विद्यार्थीले गर्नुपर्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● पुनः प्रयोग गरेर कागज वा प्लास्टिकको कुनै एक सामग्री तयार पारेर प्रदर्शन गर्न लगाउने ।<br>● विद्यालयमा निस्कने फोहोरलाई बिन कम्पोस्टिङ् गर्न लगाई मल करेसाबारीमा हाल्न लगाउने ।<br>● स्थानीय खानी संरक्षणका लागि हामीले गर्नुपर्ने कार्यहरूको सूची बनाउन लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● कक्षाकोठावाट निस्कने फोहोरलाई वर्गीकरण गरी जैविक फोहोरलाई कम्पोस्ट बनाउन सिकाउने । जस्तैः गड्यौले मल बनाउने, खाल्डे मल बनाउने, भाँडोमा मल बनाउने आदि ।<br>● प्रदूषण नियन्त्रण र मल बनाउने विधिहरू सम्बन्धी भिडियोहरू प्रस्तुत गर्ने ।<br>● गाउँपालिकाको विभिन्न ठाउँमा पाइएका खनिज पदार्थहरू ढुङ्गा खानी, बालुवा खानी, माटो खानी, गिट्टी, खरी ढुङ्गा खानी, चुन ढुङ्गा, कमेरो, गेरु, रातो माटो आदिको परिचय दिने ।<br>●ती खनिज वस्तुहरूको महत्त्व र तिनीहरूको संरक्षण किन गर्नुपर्छ भन्ने बारेमा छलफल गर्ने ।<br>● स्थानीय क्षेत्रमा भएका खानीहरूको अवस्थाबारे स्थलगत भ्रमण गराई त्यसको दिगो व्यस्थापनबारे छलफल गरी निष्कर्ष दिने । | ● खानीको व्यवस्थापनका लागि गाउँपालिकाको भूमिका के हुन सक्छ भन्ने बारेमा परियोजना कार्य गर्न लगाउने । | |

## क्षेत्र ५: स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | ● स्थानीय क्षेत्रमा उत्पादन हुने अन्न बाली, फलफूल खेती, तरकारी बाली पहिचान गरी नाम बताउन<br>● स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरू चिन्न र नाम बताउन | ● स्थानीय क्षेत्रमा उत्पादन हुने अन्न बाली , फलफूल बाली, तरकारी बालीको नाम गहुँ, फापर, तोरी, आलु ( नेहे, ब्राहु, छुप, गेढा : लाहु : ल्युमह) मुला, गान्टेमुला आलु, मकै, कोदो, जौ, गहुँ फापर, लट्टे, रायो, काउली, बन्दा, मुला, फर्सी, गाजर हरियो तरकारी स्याउ आदि<br>● स्थानीय क्षेत्रमा कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको नाम ( हलो, जुवा, कुटी कोदालो, हँसिया,डोको, नाम्लो, बन्चरो, हाते ट्याक्टर, करौंती, कुटानी | ● विभिन्न बालीनालीहरूको फोटो, चित्र<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरूको सूची<br>● कृषि कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको फोटो | ● स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुहरू ल्याई प्रदर्शन गर्ने वा फोटोहरू देखाउने । जस्तैः गहुँ, फापर, तोरी, आलु (नेहे, ब्राहु, छुप, गेढा : लाहु : ल्युमह) मुला, गान्टेमुला, आलु, मकै, कोदो, जौ, गहुँ, फापर, लट्टे, रायो, काउली,बन्दा, मुला, फर्सी, गाजर हरियो तरकार स्याउ आदि ।<br>● विद्यालयपरिसर वा नजिकको तरकारी खेती वा अन्य कुनै खेती भएको क्षेत्रमा अवलोकन भ्रमण गराई त्यहाँ उत्पादन हुने वस्तुहरूको नामसहित चिनाइदिने ।<br>● स्थानीय ठाउँमा मानिसहरूले परापूर्वकालदेखि कृषिको कार्यमा उपयोग गर्दै आएका विभिन्न घरायसी सामग्रीहरूको चित्र प्रस्तुत गर्ने र चिनाइदिने । जस्तैः ( हलो, जुवा, कुटी, कोदालो, हँसिया,डोको, नाम्लो, बन्चरो, हाते ट्रयाक्टर, करौंती, कुटानी पिसानी (घट्ट) (ढिकी, जाँतो) थोङ (हलो), ड्यासिङ (जुवा), तोचे (कोदाली)<br>तारी (बन्चरो), जोपो (चौरी), ब्री (याक), ता (घोडा), पानी घट्टा (छ्युता), गहुँ मिल (ढोदुङ), तोरी पेल्ने मेसिन (छुमप थाह)आदि ।<br>● उक्त औजारहरूको उपयोगबारे चित्रसहित बताइदिने । | ● वरिपरि रहेका बालीनालीको चित्र देखाई के हो चिन्न लगाउने ।<br>● स्थानीय उत्पादन हुने फलफूलहरूको नाम सोध्ने ।<br>● आफ्नो घरको बारी वा नजिकको बारीमा कुन कुन तरकारीहरू उत्पादन हुन्छन् सोध्ने ।<br>● फोटो देखाई विभिन्न औजारहरू चिन्न लगाउने ।<br>● आफ्नो घरमा भएका कृषि औजारहरूको नाम सोध्ने । | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पिसानी (घट्ट) ( ढिकी, जाँतो) थोङ ( हलो), ङ्यासिङ ( जुवा), तोचे ( कोदाली) तारी (बन्चरो), जोपो (चौरी), ब्री ( याक), ता (घोडा), पानी घट्टा (छ्युता), गहुँ मिल (ढोदुङ), तोरी पेल्ने मेसिन ( छुमप थाह)आदि) | | | | |
| २ | ● स्थानीय कृषि उत्पादनःअन्न बाली, फलफूल, पशुपालन, माछापालन, तरकारी खेती, जडीबुटी खेतीको सूची बनाउन र परिचय दिन<br>● स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको परिचय | ● स्थानीय कृषि उत्पादनःअन्नबाली, फलफूल, तरकारी खेतीको परिचय गहुँ, फापर, तोरी, आलु (नेहे, ब्राहु, छुप, गेढा : लाहु : ल्युमह) मुला, गान्टेमुला आलु, मकै, कोदो, जौ, गहुँ, फापर, लट्टे, रायो, काउली,बन्दा, मुला, फर्सी, गाजर हरियो तरकारी स्याउ | ● स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरूको सूची, फोटो, चित्र<br>● पशुपालनमा उपयोग हुने विभिन्न सामग्रीहरूको चित्र<br>● श्रव्यदृश्य सामग्री | ● स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाई फोटोसहित सूची प्रस्तुत गर्ने । जस्तै गहुँ, फापर, तोरी, आलु (नेहे, ब्राहु, छुप, गेढा : लाहु : ल्युमह) मुला, गान्टेमुला, आलु, मकै, कोदो, जौ, गहुँ, फापर, लट्टे, रायो, काउली, बन्दा, मुला, फर्सी, गाजर हरियो तरकारी स्याउ आदि ।<br>● माथिका कृषिजन्य वस्तुहरूको उत्पादनका आधारमा वर्गीकरण गर्न सिकाउने वा कुन वस्तु कहाँबाट उत्पादन हुन्छ भन्ने कुरा बताइदिने । जस्तैः धान, चामल, मकैः अन्नबाली, भान्टा, भिण्डी, लौका, करेला, घिरौंला, घिउसिमी, आलु :तरकारी, दुध, माछामासु : पशुपालन, सुन्तला,आँप, केरा, लिची,अम्बा : फलफूल, सयपत्री, गुराँस, फूल आदि । | ● आफ्नो गाउँघर तथा बस्ती वरिपरि उत्पादन हुने कृषि उत्पादनहरूको सूची बनाउन लगाउने ।<br>● विभिन्न प्रकारका कृषि उपजहरूबिच जोडा मिलाउन लगाउने ।<br>● फोटोद्वारा कृषि उपजहरूको वर्गीकरण गर्न लगाउने ।<br>● कुनै एक पशुपालन गर्दा चाहिने सामानको चित्र बनाउन लगाउने ।<br>● स्थानीय क्षेत्रमा परम्परागत रूपमा प्रयोग हुने | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ● स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको परिचय ( हलो, जुवा, कुटी कोदालो, हँसिया,डोको, नाम्लो, बन्चरो, हाते ट्र्याक्टर, करौँती, कुटानी पिसानी (घट्ट) ( ढिकी, जाँतो) थोङ ( हलो), ङ्यासिङ ( जुवा), तोचे ( कोदाली)<br>तारी (बन्चरो), जोपो (चौँरी), ब्री (याक), ता (घोडा), पानी घट्टा ( छ्युता), गहुँ मिल ( ढोदुङ), तोरी पेल्ने मेसिन (छुमप थाह)<br>● आदि) | | ● विद्यालय नजिकको बजार वा कृषि उत्पादन केन्द्रको अवलोकन भ्रमण गराई त्यहाँ उत्पादित वस्तुहरूको वर्गीकरण गर्न सिकाउने ।<br>● पशुपालन गर्दा आवश्यक पर्ने विभिन्न सामग्रीहरूको फोटो वा चित्र प्रस्तुत गर्ने । जस्तैः हँसिया, खुकुरी, डोरी, दाम्लो, नाम्लो, दुध दुहुने बाल्टी, मोही पार्ने ठेकी आदि ।<br>● स्थानीय पशुपालन फर्म वा पशुपालकको मा लगेर( हलो, जुवा, कुटी कोदालो, हँसिया,डोको, नाम्लो, बन्चरो, हाते ट्र्याक्टर, करौँती, कुटानी पिसानी (घट्ट) (ढिकी, जाँतो) थोङ ( हलो), ङ्यासिङ (जुवा), तोचे (कोदाली)<br>तारी (बन्चरो), जोपो (चौँरी), ब्री (याक), ता (घोडा), पानी घट्टा (छ्युता), गहुँ मिल (ढोदुङ), तोरी पेल्ने मेसिन (छुमप थाह) आदि)प्रत्यक्ष सामग्रीहरू देखाउने । | सामग्रीहरूको सूची बनाउन लगाउने ।<br>● बहुवैकल्पिक प्रश्नहरू गर्ने । | |
| ३ | ● स्थानीय कृषि उत्पादन र पशुपालनको महत्त्व बोध गरी फाइदा बताउन | ● स्थानीय कृषि उत्पादन र पशुपालनको महत्त्व र फाइदा | ● विभिन्न बालीनाली र पशुपालन सम्बन्धी | ● स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाई त्यसको उपयोग, फोटोसहित प्रस्तुत गर्ने । जस्तैः सिमी, काक्रो, बन्दा, मुला, | ● आफ्‌ गाउँघर तथा बस्ती-वरिपरि उत्पादन हुने कृषि उत्पादनहरूको उपयोग कसरी हुन्छ बताउन लगाउने | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● स्थानीय परम्परागत सामग्रीहरूको परिचय दिन र उपयोग गर्न | स्थानीय परम्परागत सामग्रीहरूको परिचय र उपयोग (नाम्लो, मान्द्रो, गुन्द्री, सुकुल, आरन बन्चरो, डालो, मिनी ट्रेक्टर, करौंती,दाम्ला, बन्चरो तारी ( बन्चरो), जोपो ( चौरी), ब्री (याक), ता (घोडा), पानी घट्टा ( छ्युता), गहुँ मिल ( ढोदुङ), तोरी पेल्ने मेसिन (छुमप थाह) आदि | उपयोगिता सहितको फोटो, चित्र<br>● स्थानीय क्षेत्रमा पाइने परम्परागत रूपमा उपयोग भइरहेका घरायसी सामग्रीहरूको फोटो, चित्र तथा उपयोगसम्बन्धी जानकारीमूलक श्रव्यदृश्य सामग्री | गाजर, च्याउ, दाल, फापर, धान, मकै, दुध, मासु, फूलहरू आदि ।<br>● कृषि उत्पादनबाट हामीलाई पुग्ने फाइदाहरूको सूची तयार पारी प्रस्तुत गर्ने ।<br>● चित्र देखाइ कृषि उत्पादनको सामान्य फाइदाहरूको बारेमा समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय क्षेत्रमा पालिने पशुपक्षीहरूको सूची प्रस्तुत गर्ने । जस्तैः गाई, भैँसी, भेडाबाखा, बंगुर, माछा, कुखुरा, हाँस, मौरी आदि ।<br>● पशुपालनको फाइदा सम्बन्धी स्थानीय पशुपालकसँग अन्तरक्रिया गराई निष्कर्ष दिने ।<br>स्थानीय क्षेत्रमा मानिसहरूले परापूर्वकालदेखि घरमा प्रयोग गर्दै आइरहेका सामग्रीहरूको सूची बनाइ फोटोसहित प्रस्तुत गर्ने । जस्तैः नाम्लो, मान्द्रो, गुन्द्री, सुकुल, आरन बन्चरो, डालो, मिनी ट्रेक्टर, करौंती, दाम्ला, बन्चरो तारी ( बन्चरो), जोपो (चौंरी), ब्री (याक), ता (घोडा), पानी घट्टा (छ्युता), गहुँ मिल (ढोदुङ), तोरी पेल्ने मेसिन (छुमप थाह) आदि ।<br>● विद्यालय नजिकको कुनै घर वा स्थानीय सङ्ग्रहालयमा लगेर त्यहाँ भएका परम्परागत सामग्रीहरू प्रत्यक्ष देखाउने र त्यसको उपयोग तथा तिनीहरू के बाट बनेका हुन्छन् भन्ने सम्बन्धी छलफल गर्ने । जस्तैः अन्न राख्न | ● विभिन्न प्रकारका कृषि उपजहरू र त्यसको उपयोग बिच जोडा मिलाउन लगाउने ।<br>● स्थानीय कृषि उपजहरूको महत्त्वबारे लेख्न लगाउने ।<br>● पशुपालनको महत्त्व प्रस्तुत गर्न लगाउने ।<br>● आफ्नो घरमा विद्यार्थीहरूलाई कुनै एक कृषिसम्बन्धी बिरुवा रोप्न लगाउने र त्यसको उपयोगबारे लेखी प्रस्तुत गर्न लगाउने ।<br>● आफ्नो घरमा भएका परम्परागत सामग्रीहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● अवलोकन भ्रमणका आधारमा विभिन्न सामग्रीहरूको चित्र बनाउन र उपयोग लेखी प्रस्तुत गर्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बाँसको डालोको उपयोग गरिन्छ, यो बाँसको चोयाबाट बनाइन्छ । भुईंमा ओछ्याउन गुन्द्रीको उपयोग हुन्छ, यो पराल वा मकैको बुनिन्छ आदि । | | |
| ४ | • तरकारी खेती गर्ने तरिकाबारे जानकारी दिन साग, आलु र बन्दा, मुला, फर्सी, गाजर, हरियो तरकारी<br>• स्थानीय क्षेत्रमा भएका उद्योग तथा व्यवसायहरूको सूची बनाउन र परिचय दिन | • साग, आलु र बन्दा, मुला, फर्सी, गाजर हरियो तरकारी को जानकारी<br>• स्थानीय क्षेत्रमा भएका उद्योग व्यवसायहरूको सूची र परिचय ( आरन, सिलाइ, जुत्ता सिलाइ, शिक्षण, सेना, प्रहरी,. निजामती, पशुपालन, व्यापार, वैदेशिक रोजगार, ज्याला मजदुरी, सवारी चालक, नोकरी घरेलु उद्योग,कुखुरापालन, डोको नाम्लो बुन्ने, गुन्द्री बुन्ने, भाँडा कुँडा बनाउने आरन, नदीमा सुन धुने, ढिकी, जाँतो, कोल, उर्गौलो, हण्डा, कुटानी पिसानी, होटल, लज, होमस्टे, ब्लक उद्योग, | • स्थानीय क्षेत्रमा उत्पादन हुने तरकारीबालीहरूको महत्त्व सम्बन्धी चार्ट भिडियो, वृत्तचित्र, पोस्टर आदि<br>• स्थानीय क्षेत्रमा भएका साना तथा घरेलु उद्योगहरूको सूची, पोस्टर आदि | • स्थानीय स्तरमा उत्पादित तरकारीवालीहरूको सूची बनाई त्यसको उपयोग, फोटोसहित प्रस्तुत गर्ने । जस्तैः भान्टा, भेन्डी, लौका, करेला, घिरौँला, घिउसिमी, साग, आलु र बन्दा, मुला, फर्सी, गाजर हरियो तरकारी आदि ।<br>• साग, आलु र बन्दा, मुला, फर्सी, गाजर हरियो तरकारी आलुको उत्पादनसम्बन्धी सिपको विकास गर्न त्यससम्बन्धी भिडियो वा वृत्तचित्र प्रर्दशन गर्ने । जसमा बीउ, रोप्ने मौसम, माटोको निर्माण, सिँचाइ, गोडमेल, बाली सङ्कलनजस्ता कुराहरू समेट्ने ।<br>• विद्यालय नजिकैको कृषि फर्मको अवलोकन गरी तरकारी उत्पादनसम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने ।<br>• आलु पकेट क्षेत्रको अवलोकन भ्रमण गराउने र आलु उत्पादनसम्बन्धी जानकारी गराउने ।<br>• विद्यालयको खाली जग्गामा विद्यार्थीहरू परिचालन गरी साग र मुला रोपेर हेरचाह र अवलोकन गर्न लगाउने ।<br>• स्थानीय क्षेत्रमा भएका विभिन्न उद्योग व्यवसायहरूको सूची बनाई छोटो परिचय सहित प्रस्तुत गर्ने । ( आरन, सिलाइ, जुत्ता सिलाइ, शिक्षण, सेना, प्रहरी, निजामती, | • आफ्नो गाउँघर तथा बस्ती वरिपरि उत्पादन हुने तरकारी बालीहरूका सूची बनाउन लगाउने ।<br>• साग, आलु र बन्दा, मुला, फर्सी, गाजर हरियो तरकारी खेतीसम्बन्धी वर्णन गर्न लगाउने ।<br>• विद्यार्थीहरूको समूह बनाई विद्यालयमा घिउसिमी र आलु लगाउने र उनीहरूको सिपविकासको मूल्याङ्कन गर्ने ।<br>• अवलोकन भ्रमणका आधारमा परियोजना कार्य गर्न लगाउने ।<br>• आफ्नो गाउँघरमा भएका विभिन्न साना उद्योगहरूको सूची बनाउन लगाउने ।<br>• कुनै एक स्थानीय व्यवसायको परिचय र महत्त्वसम्बन्धी लेख्न लगाउने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | हस्तनिर्मित सामग्री ( गुडिया, झोला, थैली, प्याराग्लाइडिङ् र ज्याफ्टिङ् आदि । | | पशुपालन, व्यापार, वैदेशिक रोजगार, सवारी चालक, नोकरी घरेलु उद्योग,कुखुरापालन, डोकोनाम्लो बुन्ने, गुन्द्री बुन्ने, भाँडाकुँडा बनाउने आरन, नदीमा सुन धुने, ढिकी, जाँतो, कोल, उर्गौलो, हण्डा, कुटानी पिसानी, होटल, लज, होमस्टे, ब्लक उद्योग, हस्तनिर्मित सामग्री (गुडिया, झोला, थैली, प्याराग्लाइडिङ् र ज्याफ्टिङ् आदि)<br>● स्थानीय क्षेत्रमा मानिसहरूले गर्ने विभिन्न व्यवसायहरूमध्ये होटल, लज, दुध डेरी, पानीघट्ट, पशुपालन, ब्लक उद्योग व्यवसायहरूको परिचय दिने र स्थानीय व्यवसायीसँग उक्त व्यवसायहरूको सञ्चालन गर्ने प्रक्रिया तथा फाइदाहरूका बारेमा अन्तरक्रिया गराउने ।<br>● गाउँपालिकाभित्र भएका विभिन्न उद्योगहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः फर्निचर, आरन, ब्लक उद्योग, सिलाइबुनाइ, पानी घट्ट , पानी मिल, गलैंचा हस्तनिर्मित सामग्री ( गुडिया, झोला, थैली,गुन्द्री, डोको, चकटी, राडी,पाखी, अगरबत्ती, डालो, पशुपालन, कृषि शिक्षक, कर्मचारी, वैदेशिक रोजगार, कृषि, व्यापार, होमस्टे आदि ।<br>● विद्यालय नजिकैको कुनै एक दुध डेरी वा पानीघट्ट वा काठमिलको अवलोकन भ्रमण गराई त्यसको परिचयसहित महत्त्व बताइदिने । | ● स्थानीय कुनै एक व्यवसायीको मा गएर उक्त व्यवसाय सञ्चालनसम्बन्धी बुझेर कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>● पानी घट्टको चित्र बनाई छोटो परिचय दिन लगाउने । | |
| ५ | ● अन्न खेती - धान, साग, आलु र बन्दा, मुला, फर्सी, गाजर, | ● अन्न खेती -धान, साग, आलु र बन्दा, मुला, फर्सी, | ● विभिन्न अन्न बालीहरूको उपयोगिता | ● स्थानीय स्तरमा उत्पादित अन्नबालीहरूको सूची बनाई त्यसको उपयोग, फोटोसहित प्रस्तुत गर्ने । जस्तैः धान, सिमी, बोडी, गहुँ, | ● आफ्नो गाउँघर तथा बस्ती वरिपरि उत्पादन हुने अन्न | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हरियो तरकारी, सिमी, बोडी, गहुँ, कोदो, फापर र मकै खेती) को परिचय दिन र खेतीपातीमा सहयोग गर्न<br>● स्थानीय क्षेत्रमा भएका उद्योग व्यवसायहरूको परिचय दिन र महत्त्व बताउन | गाजर, हरियो तरकारी सिमी, बोडी, गहुँ, कोदो, फापर र मकै खेती)को जानकारी<br>● स्थानीय उद्योग व्यवसायहरूको परिचय ( आरन, सिलाइ, जुत्ता सिलाइ, शिक्षण, सेना, प्रहरी. निजामती, पशुपालन, व्यापार, वैदेशिक रोजगार, सवारी चालक, नोकरी घरेलु उद्योग,कुखुरापालन, डोकानाम्लो बुन्ने, गुन्द्री बुन्ने, भाँडा - कुँडा बनाउने आरन, नदीमा सुन धुने, ढिकी, जाँतो, कोल, उर्गौलो, हण्डा, कुटानी पिसानी, होटल, लज, होमस्टे, ब्लक उद्योग, हस्तनिर्मित सामग्री ( गुडिया, झोला, थैली, प्याराग्लाइडिङ् र ऱ्याफ्टिङ् आदि | सहितको फोटो, चित्र<br>● धान, सिमी, बोडी, गहुँ, कोदो, फापर साग, आलु र बन्दा, मुला, फर्सी, गाजर हरियो तरकारी र मकै खेती सम्बन्धी भिडियो, वृत्तचित्र, पोस्टर आदि<br>● गाउँपालिका क्षेत्रमा भएका स्थानीय प्रविधिमा आधारित व्यवसायहरूको सूची, फोटो, ब्रोसर, पम्प्लेट | कोदो, फापर र मकै साग, आलु र बन्दा, मुला, फर्सी, गाजर, हरियो तरकारी आदि ।<br>● धान, गहुँ, कोदो, सिमी, बोडी, कोदो, मकै साग, आलु र बन्दा, मुला, फर्सी, गाजर,हरियो तरकारी उत्पादनसम्बन्धी सिपको विकास गर्न त्यससम्बन्धी भिडियो वा वृत्तचित्र प्रदर्शन गर्ने । जसमा बीउ, रोप्ने मौसम, माटोको निर्माण, सिँचाइ, गोडमेल, बाली सङ्कलन जस्ता कुराहरू समेट्ने ।<br>● विद्यालय नजिकैको कुनै कृषक वा कृषि फर्मको अवलोकन गरी अन्न उत्पादनसम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने ।<br>● कोदो पकेट क्षेत्रको भ्रमण गराई कोदो उत्पादन र बजारसम्बन्धी छलफल गराउने ।<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित विभिन्न उद्योग व्यवसायहरूको सूची बनाई छोटो परिचयसहित प्रस्तुत गर्ने । जस्तैः आरन, सिलाइ, जुत्ता सिलाइ, शिक्षण, सेना, प्रहरी,. निजामती, पशुपालन, व्यापार, वैदेशिक रोजगार, सवारी चालक, नोकरी घरेलु उद्योग,कुखुरापालन, डोकोनाम्लो बुन्ने, गुन्द्री बुन्ने, भाँडाकुँडा बनाउने आरन, नदीमा सुन धुने, ढिकी, जाँतो, कोल, उर्गौलो, हण्डा, कुटानी, पिसानी, होटल, लज, होमस्टे,ब्लक उद्योग, हस्तनिर्मित सामग्री (गुडिया, झोला, थैली, प्याराग्लाइडिङ् र ऱ्याफ्टिङ् आदि ।<br>● स्थानीय क्षेत्रमा भएको कुनै एक घरेलु उद्योगको अवलोकन गराउने र त्यस बारेमा परिचय र त्यसको महत्त्वबारे जानकारी गराउने । जस्तैः | बालीहरूको सूची बनाउन लगाउने<br>● धान, मकै, सिमी खेतीसम्बन्धी वर्णन गर्न लगाउने ।<br>● विद्यार्थीहरूको समूह बनाई विद्यालयको खाली ठाउँमा वा एक एक वटा गमलामा मकै रोप्न लगाउने र उनीहरूको सिपविकासको मूल्याङ्कन गर्ने ।<br>● आफ्नो विद्यालयनजिक वा टोल, बस्तीमा भएका पुराना उद्योगहरूको सूची बनाई त्यसको उत्पादनबारे लेख्न लगाउने ।<br>● गाउँपालिका भित्रको कुनै एक पुरानो उद्योगको परिचय दिन लगाउने ।<br>● फोटोमार्फत् उद्योग व्यवसायहरू चिन्न लगाउने ।<br>● अभिभावक वा स्थानीय जानकारलाई सोधेर आलु खेतीबारे लेख्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | हस्तनिर्मित सामग्री (गुडिया, झोला, थैली)बनाउने, सिस्नुको पाउडर निकाल्ने, पशुपालन आदिबारे परिचय दिने । विभिन्न स्थानीय उद्योगको महत्त्वबारे छलफल गर्ने । जस्तैः त्यसबाट आर्थिक फाइदा हुन्छ, हाम्रो परापूर्वकालमा मानिसहरूले उपयोग गर्ने सामग्रीबारे जानकारी पाइने छ, आफ्नो ठाउँको विषेशता झल्किन्छ आदि । | | |
| ६ | ● पशुपालन (बाख्रापालन, कुखुरा, हाँसपालन, मौरी र बङ्गुरपालन) को सिप हासिल गरी पशुपालनमा सहयोग गर्न<br>● स्थानीय पहिलो उद्योग वा व्यवसायको परिचय दिन र त्यसको समाजमा योगदान बताउन<br>● पर्यटन व्यसायको परिचय दिई पर्यटकीय व्यवसाय सञ्चालनमा सहयोग गर्न | ● पशुपालन ( बाख्रापालन, कुखुरा, हाँसपालन, मौरी र बङ्गुर पालन ) को जानकारी<br>● स्थानीय पहिलो उद्योग वा व्यवसायको परिचय र त्यसको समाजमा योगदान (आरान, सिलाइ, जुत्ता सिलाइ, शिक्षण, सेना, प्रहरी. निजामती,पशुपालन, व्यापार, वैदेशिक रोजगार, ज्याला मजदुरी, सवारी चालक, नोकरी घरेलु उद्योग,कुखुरापालन, डोको नाम्लो बुन्ने, गुन्द्री बुन्ने, भाँडा-कुँडा बनाउने आरन, नदीमा सुन धुने, | ● विभिन्न पशुपालनको तरिका र उपयोगिता सहितको फोटो, चित्र<br>● कुखुरा, मौरी बाख्रापालन, हाँसर बङ्गुरपालन सम्बन्धी भिडियो, वृत्तचित्र, पोस्टर आदि<br>● स्थानीय क्षेत्रमा भएका उद्योगको परिचय सम्बन्धी लेख, | ● स्थानीय स्तरमा पशुपालनसँग सम्बन्धित विभिन्न उत्पादनहरूको सूची बनाई त्यसको उपयोग, फोटोसहित प्रस्तुत गर्ने । जस्तैः दुध, घिउ, मासु, अण्डा, आदि ।<br>● पशुपालनसम्बन्धी सिपको विकास गर्न त्यससम्बन्धी भिडियो वा वृत्तचित्र प्रदर्शन गर्ने । जसमा विभिन्न प्रजाति, गोठ वा खोरको निर्माण, आवश्यक घाँस, दानापानी, उत्पादन दिन लाग्ने समय, जस्ता कुराहरू समेट्ने ।<br>● विद्यालय नजिकैको कृषि,कुखुरा, मौरी , बाख्रा वा बङ्गुर) फर्मको अवलोकन गरी पशुपालनसम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने ।<br>● स्थानीय क्षेत्रमा भएका विभिन्न उद्योग व्यवसायहरूको सूची बनाई छोटो परिचय सहित प्रस्तुत गर्ने । जस्तैः आरन, सिलाइ, जुत्ता सिलाइ, शिक्षण, पशुपालन, व्यापार, वैदेशिक रोजगार,सवारी चालक, कुखुरापालन, डोको नाम्लो बुन्ने, गुन्द्री बुन्ने, भाँडाकुँडा बनाउने आरान, नदीमा सुन धुने, ढिकी, जाँतो, कोल, | ● आफ्नो गाउँघर तथा बस्ती वरिपरि गरिने पशुपालनको सूची बनाउन लगाउने ।<br>● माछापालन र कुखुरापालन सम्बन्धी वर्णन गर्न लगाउने ।<br>● विद्यालय नजिकैको कुनै एक कुखुरापालन केन्द्र, माछापालन केन्द्र वा बङ्गुर पालन केन्द्रको अवलोकन गर्न लगाई उक्त केन्द्रको परिचयसहित परियोजना कार्य गर्न लगाउने ।<br>● आफ्नो विद्यालयनजिक वा टोल तथा बस्तीमा भएका स्थानीय व्यवसाय वा उद्योगहरूको सूची बनाई त्यसको उत्पादनबारे लेख्न लगाउने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ढिकी, जाँतो, कोल, उर्गौलो, हण्डा, कुटानी पिसानी, होटल, लज, होमस्टे, ब्लक उद्योग, हस्तनिर्मित सामग्री ( गुडिया, झोला, थैली, प्याराग्लाइडिङ् र ऱ्याफ्टिङ् लगायत<br>● पर्यटन व्यसाय परिचयः ऱ्याफ्टिङ्, कृषि, धार्मिक, प्राकृतिक ऐतिहासिक | रचना, ब्रोसर, फोटो, भिडियो आदि<br>● स्थानीय पर्यटकीय क्षेत्रहरूको सूची<br>● पर्यटन र पर्यटकीय क्रियाकलाप सम्बन्धी फोटो, ब्रोसर, पम्प्लेट | उर्गौलो, हण्डा, कुटानी पिसानी, होटल, लज, होमस्टे, ब्लक उद्योग, हस्तनिर्मित सामग्री ( गुडिया, झोला, थैली, प्याराग्लाइडिङ् र ऱ्याफ्टिङ् आदि ।<br>● गाउँपालिकाको क्षेत्रमा भएको पानीघट्टको परिचय दिने, त्यसले कसरी काम गर्छ भन्ने बारेमा प्रत्यक्ष देखाउने वा वृत्तचित्र प्रस्तुत गर्ने ।<br>● स्थानीय पुरानो उद्योगहरूबारे खोजी गरी तिनीहरूको परिचय, उत्पादनका बारेमा बताइदिने ।<br>● स्थानीय क्षेत्रमा पर्यटकीय गतिविधिहरूको सूची प्रस्तुत गर्ने ।<br>● पर्यटनको परिचय दिई त्यसको प्रकार, महत्त्व र आर्थिक क्रियाकलापमा पर्यटनको भूमिकासम्बन्धी छलफल गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक पर्यटकीय स्थलको भ्रमण गराई त्यहाँ आउने पर्यटकहरूको बारेमा जानकारी लिने र उक्त कार्यबाट स्थानीय समुदायमा पुगेको फाइदा वा बेफाइदाहरूका बारेमा स्थानीयसँग छलफल गराई निष्कर्ष दिने ।<br>● स्थानीय क्षेत्रमा सञ्चालन गर्न सकिने पर्यटकीय गतिविधिहरू जस्तैः होम स्टे,ऱ्याफ्टिङ् आदि । | ● स्थानीय पानीघट्ट, मादल बनाउने उद्योगको परिचय र त्यसबाट हामीलाई भएको फाइदा बेफाइदाका बारेमा लेख्न लगाउने ।<br>● स्थानीय पर्यटकीय क्षेत्रहरूको सूची बनाई त्यहाँ हुने पर्यटकीय क्रियाकलापहरूको बारेमा लेख्न लगाउने ।<br>● पर्यटन व्यवसायको परिचय लेख्न लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ● मौरीपालन, तरकारी खेती, फलफूल खेती, जडीबुटी खेतीको परिचय दिन र उक्त खेती गर्ने सिपको विकास र बजारको सम्भावना खोजी गर्न<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित काठका सामग्री निर्माण गर्ने सिपको विकास गर्न<br>● पर्यटन व्यवसाय परिचय दिन, यसको महत्त्व तथा स्थानीय क्षेत्रमा सम्भावनाको खोज गरी आर्थिक विकासमा सहयोग गर्न | ● मौरीपालन, तरकारी खेती, फलफूल खेती, जडीबुटी खेती जस्तैः तुलसी, बोजो, निम, पारिजात, गुर्जो, गुँदरगानो, हर्रो, बर्रो, अमलालगायत) खेतीको जानकारी र सम्भावना<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित काठका सामग्री निर्माणसम्बन्धी<br>● पर्यटन व्यवसाय परिचय, सम्भावना र आर्थिक विकास | ● मौरीपालन, फलफूल खेती, जडीबुटी खेती गर्ने तरिका, उपयोगिता सहितको फोटो, चित्र, भिडियो, वृत्तचित्र, पोस्टर आदि<br>● काठका सामग्री बनाउने तरिकाहरू र उत्पादित सामानहरूबारे भिडियो, पोस्टर, चित्र, लेख आदि<br>● स्थानीय पर्यटकीय क्षेत्रहरूको सूची<br>● पर्यापर्यटन सम्बन्धी भिडियो, पोस्टर, चित्र, लेख आदि | ● मौरीपालनसम्बन्धी स्थानीय मौरीपालकसँग अन्तरक्रिया गराउने तथा मौरीपालन क्षेत्रको अवलोकन भ्रमण गराई मौरीपालनका लागि आवश्यक आधारभूत पक्षहरूबारे जानकारी गराउने । जस्तैः घार, घमाइलो ठाउँ आदि ।<br>● स्थानीय स्तरमा उत्पादन हुने विभिन्न प्रकारका फलफूलहरूको सूची बनाई त्यसको उपयोग, फोटोसहित प्रस्तुत गर्ने । जस्तैः - कागती, नासपाती, अम्बा, सुन्तला, लिची आदि ।<br>● स्थानीय क्षेत्रमा खेती गर्न सकिने जडीबुटीहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः तुलसी, बोजो, निम, पारिजात, गुर्जो, गुँदरगानो, हर्रो, बर्रो, अमला आदि ।<br>● फलफूल खेती, च्याउ खेती तथा जडीबुटी खेतीसम्बन्धी सिपको विकास गर्न त्यससम्बन्धी भिडियो वा वृत्तचित्र प्रदर्शन गर्ने । जसमा विभिन्न बिउ, बिरुवा, रोप्ने समय, उत्पादन दिन लाग्ने समय, गोडमेल, बजारजस्ता कुराहरू समेट्ने ।<br>● गाउँपालिका क्षेत्रमा विभिन्न फलफूल पकेट क्षेत्रहरूको पहिचान गरी बताइदिने ।<br>● विद्यालय नजिकैको कुनै एक फलफूल बगैँचा वा जडीबुटी रोपेको क्षेत्रमा अवलोकन गरी फलफूल तथा जडीबुटी उत्पादनसम्बन्धी त्यहाँका जानकार व्यक्तिसँग छलफल गर्ने । | ● आफ्नो गाउँघर तथा बस्ती वरिपरि गरिने फलफूल खेतीको सूची बनाउन लगाउने ।<br>● मौरीपालनका लागि आवश्यक आधारभूत पक्षहरूको सूची बनाउनुहोस् ।<br>● आफ्नो गाउँघर तथा बस्ती वरिपरि देखिने जडीबुटी जन्य वनस्पतिहरूको सूची बनाउन लगाउने ।<br>● विद्यालय नजिकैको कुनै एक बगैँचा वा कृषि केन्द्रको अवलोकन गर्न लगाई उक्त केन्द्रको परिचय सहितको परियोजना कार्य गर्न लगाउने ।<br>● स्थानीय रूपमा काठका विभिन्न उत्पादनहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● काठको कुनै एक सामग्री बनाई प्रदर्शन गर्न लगाउने | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● स्थानीय क्षेत्रमा उत्पादन हुने काठका सामग्रीहरूको सूची बनाई तिनीहरू कहाँ, कुन ठाउँमा उत्पादन हुन्छन् भन्ने बारेमा बताउने ।<br>● स्थानीय क्षेत्रमा भएको काठको सामान उत्पादन गर्ने उद्योग अवलोकन वा काठका सामान बनाउने व्यक्तिसँग भेट गराई त्यस बारेमा परिचय र त्यसको बजार मागसम्बन्धी जानकारी गराउने । जस्तैः काठको ठेकी, काठको मूर्तिहरू, काठको बाकस तथा सजावटका सामग्रीहरू आदि ।<br>● स्थानीय विज्ञको सहयोगमा कुनै एक काठको सामान बनाउने अभ्यास गराउने ।<br>● स्थानीय क्षेत्रमा भएका प्राकृतिक पर्यटकीय क्षेत्रहरूको सूची प्रस्तुत गर्ने ।<br>● पर्यापर्यटनको परिचय दिई त्यसको महत्त्व र आर्थिक क्रियाकलापमा पर्यटनको भूमिकासम्बन्धी छलफल गर्ने ।<br>● विद्यालय नजिकको कुनै एक पर्यटकीय स्थलको भ्रमण गराई त्यहाँ आउने पर्यटकहरूको बारेमा जानकारी लिने र उक्त कार्यबाट स्थानीय समुदायमा पुगेको फाइदा वा बेफाइदाहरूका बारेमा स्थानीयसँग छलफल गराई निष्कर्ष दिने ।<br>● पर्यटनको फाइदा तथा आर्थिक विकाससम्बन्धी अन्तरक्रिया गर्ने । | ● सिपविकासको मूल्याङ्कन गर्ने ।<br>● बहुवैकल्पिक प्रश्नहरू गर्ने ।<br>● स्थानीय पर्यटकीय क्षेत्रहरूको सूची बनाई त्यहाँ हुने पर्यटकीय क्रियाकलापहरूको बारेमा लेख्न लगाउने ।<br>● पर्यटन व्यवसायको प्रवर्धनमा स्थानीय समुदायको भूमिका लेख्न लगाउने ।<br>● विद्यालय नजिकको पर्यटकीय क्षेत्रको बारेमा परियोजना कार्य गराउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ● स्थानीय कृषि उत्पादनको उपयोग गर्ने तरिका, बजारीकरण, कृषि क्षेत्रमा चुनौती र कृषि प्रवर्धनमा स्थानीय सरकारको भूमिका बताउन<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित माटोको (मूर्तिकला) र बाँसका सामग्री निर्माण गर्ने सिपको विकास गर्न<br>● होम स्टे सञ्चालनका लागि आधारभूत पक्षहरूको पहिचान गरी होम स्टे सञ्चालनमा सहयोग गर्न | ● स्थानीय कृषि उत्पादनको उपयोग गर्ने तरिका, बजारीकरण, कृषि क्षेत्रमा चुनौती र कृषि प्रवर्धनमा स्थानीय सरकारको भूमिका<br>● स्थानीय परम्परागत प्रविधिमा आधारित माटो (मूर्तिकला) र बाँसका सामग्री निर्माण<br>● होम स्टे सञ्चालन | ● कृषिजन्य उत्पादनको प्रवर्धनसम्बन्धी श्रव्यदृश्य सामग्री<br>● स्थानीय कृषि क्षेत्रको प्रवर्धनका लागि गाउँपालिकाले बनाएको योजना<br>● बाँस र माटोका सामग्री बनाउने कला, त्यसको महत्त्व र बजार सम्बन्धी श्रव्यदृश्य सामग्री<br>● स्थानीय क्षेत्रमा बन्ने बाँस तथा माटोका सामानको सूची<br>● होम स्टे सम्बन्धी श्रव्यदृश्य सामग्री | ● स्थानीय क्षेत्रमा कृषि व्यवसाय सञ्चालन गर्दा आइपर्न सक्ने चुनौती र ती चुनौती कम गर्न कृषकहरूले अपनाउनुपर्ने सावधानीका विषयमा स्थानीय कृषि फर्म सञ्चालक वा कृषि विज्ञसँग अन्तरक्रिया गराउने ।<br>● गाउँपालिकाभित्र कुन कुन ठाउँहरू कुन कुन उत्पादनका लागि उपयुक्त हुन सक्छन् र ती क्षेत्रहरूलाई कसरी उत्पादन पकेट क्षेत्रको रूपमा विकास गर्न सकिन्छ भन्ने बारेमा स्थानीय बाली विज्ञसँग अन्तरक्रिया गराई निष्कर्ष दिने ।<br>● स्थानीय कृषि उपजहरूको बजारीकरण गर्नका लागि गाउँपालिकाले के कस्तो सहयोग गर्न सक्छ भन्ने बारेमा गाउँपालिका कृषि शाखाका प्रतिनिधि वा जनप्रतिनिधिसँग अन्तरक्रिया गराई निष्कर्ष दिने ।<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने बाँसका सामग्रीहरूको सूची बनाई तिनीहरू कहाँ, कुन ठाउँमा उत्पादन हुन्छन् भन्ने बारेमा बताउने । जस्तैः बाँसको कुर्सी, बाँसको मान्द्रो, डालो, बाँसका विभिन्न आकृतिहरू, लुगा राख्ने ऱ्याक आदि ।<br>● स्थानीय क्षेत्रमा भएको बाँसको सामान उत्पादन गर्ने उद्योग अवलोकन वा बाँसका सामान बनाउने व्यक्तिसँग भेट गराई त्यस बारेमा परिचय र त्यसको बजार मागसम्बन्धी जानकारी गराउने । | ● स्थानीय कृषि उत्पादनको प्रवर्धनका लागि स्थानीय सरकार र कृषकले गर्नुपर्ने कार्यहरूको सूची बनाउन लगाउने ।<br>● कृषिव्यवसाय सञ्चालन गर्दा आइपर्न सक्ने चुनौतीहरूको सूची बनाउन लगाउने ।<br>● आफ्नो विद्यालयनजिक वा टोल,बस्तीमा भएका परम्परागत बाँसका सामान बनाउने व्यवसाय वा उद्योगहरूको सूची बनाई त्यसको उत्पादनबारे लेख्न लगाउने ।<br>● स्थानीय रूपमा बाँसका विभिन्न उत्पादनहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● बाँसको कुनै एक सामग्री बनाई प्रदर्शन गर्न लगाउने ।<br>● माटोको कुनै एक उत्पादन बनाई प्रस्तुत गर्न लगाउने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● स्थानीय विज्ञको सहयोगमा कुनै एक बाँसको सामान बनाउने अभ्यास गराउने ।<br>● बाँसका सामानहरू बनाउने तरिकासँग सम्बन्धित फोटो, भिडियो प्रस्तुत गर्ने, त्यसको परिचय र महत्त्वबारे बताईदिने ।<br>● स्थानीय क्षेत्रमा बनाइने माटोका सामग्रीहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः माटोका भाँडाहरू, मुर्तिहरू आदि ।<br>● स्थानीय ठाउँमा माटोका सामानहरू वा मूर्ति बनाउने मानिससँग प्रत्यक्ष भेटघाट गराई माटोको सामान्य मूर्ति बनाउन सिकाउने ।<br>● होम स्टेको परिचय दिई यसको सञ्चालनका लागि आधारभूत आवश्यक कुराहरूको सूची बनाई प्रस्तुत गर्ने ।<br>● विद्यालय नजिकको कुनै होम स्टे सञ्चालन भइरहेको क्षेत्रको अवलोकन गराई सम्बन्धित व्यक्तिसँग भेट गराई होम स्टे सञ्चालनका सिपहरू र फाइदासम्बन्धी अन्तरक्रिया गराउने । जस्तैः रानीश्वाराको होम स्टे ।<br>● देशको कुनै नमुना होम स्टेसम्बन्धी भिडियो वा वृत्तचित्र खोज गरी प्रस्तुत गर्ने । | ● होम स्टेको परिचय दिई यसका लागि आवश्यक कुराहरूको बुँदागत रूपमा लेखी प्रस्तुत गराउने ।<br>● मानौँ तपाईंको घरको तीन वटा कोठाहरू खाली छन् । तपाईंले अब उक्त कोठाहरूलाई उपयोग गरी होम स्टे सञ्चालन गर्ने विचार गर्नुभयो । अब तपाईंको घरमा होम स्टे सञ्चालनको योजना बनाई प्रस्तुत गर्नुहोस् । | |

## क्षेत्र ६: सडक सुरक्षा र प्रकोप न्यूनीकरण

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | • स्थानीय क्षेत्रमा हुनसक्ने प्रकोप विपद्को नाम बताउन | • स्थानीय क्षेत्रमा हुनसक्ने विभिन्न प्रकोप र विपद्हरूको नाम जस्तैः आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्प लगायतको नाम | • प्रकोप, विपद् तथा दुर्घटना सम्बन्धी फोटो, चित्रहरू<br>• श्रव्यदृश्य सामग्री | • विभिन्न पत्रपत्रिकाहरू तथा पोस्टरहरूमा प्रकाशित भएका आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्पले गरेका असरहरूको चित्रहरू प्रदर्शन गर्ने र चिनाउने ।<br>• विद्यार्थीहरूलाई विद्यालय नजिकैको पहिरो वा नदीकटान वा डुबान क्षेत्रको अवलोकन गराउने ।<br>• प्रकोपसम्बन्धी भिडियो देखाउने । | • फोटोहरू देखाई प्रकोपका नामहरू भन्न लगाउने ।<br>• विपद्का नाम सम्बन्धित फोटोहरूसित जोडा मिलाउन लगाउने ।<br>• बहुवैकल्पिक प्रश्नहरू गर्ने । | १० |
| २ | • प्राकृतिक प्रकोप र मानवीय कारणले आउन सक्ने विपत्तिहरूको पहिचान गरी नाम बताउन | • प्राकृतिक प्रकोप र मानवीय कारणले आउन सक्ने विपत्तिहरू जस्तैः हावाहुरी, आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्प लगायतको असरहरू | • प्रकोप, विपद् तथा दुर्घटना सम्बन्धी फोटो, चित्रहरू<br>• प्रकोप विपद्सँग श्रव्य दृश्य सामग्री | • विद्यालय नजिकको खोला तथा सडकहरूको भ्रमण गराई त्यहाँ देखिएका प्रकोपहरूको सूची बनाउन लगाई प्रस्तुत गर्ने । जस्तैः खोला किनारमा बाढी, पहिरो, सडक छेउमा पहिरो, वनका आगलागी, भूकम्पले भत्काएका संरचना, सडक भत्केको, हावाहुरीले छानाहरू बिगारेको आदि ।<br>• विभिन्न प्रकारका प्रकोपजन्य फोटोहरू देखाई त्यसको असर र कारणबारे बताइदिने ।<br>• प्रकोपसम्बन्धी भिडियो र त्यसबाट सुरक्षित रहने उपायहरू सिकाउने । | • आफ्नो घर, टोलको वरिपरि भएका प्रकोपहरूको सूची बनाउन लगाउने ।<br>• फोटोमार्फत् प्रकोपहरूको पहिचान गर्न लगाउने र त्यसका असरहरूबारे सोध्ने ।<br>• पहिरो जान सक्ने कारणबारे प्रश्नोत्तर गर्ने ।<br>• बहुवैकल्पिक प्रश्नहरू गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ● स्थानीय क्षेत्रमा हुन सक्ने सडक दुर्घटनाबारे वर्णन गरी (कारण, असर र बच्ने उपायहरू), सावधानीका उपायहरू बताउन | ● स्थानीय क्षेत्रमा सडक दुर्घटनाको कारण, असर पहिचान र सावधानीका उपायहरू | ● सडक, सवारी दुर्घटना र न्यूनीकरण सम्बन्धी फोटो, चित्रहरू, श्रव्यदृश्य सामग्रीहरू | ● सवारी दुर्घटनाको परिचय दिई सवारी दुर्घटनाले स्थानीय क्षेत्रमा हुनसक्ने क्षतिको बारेमा समूहगत छलफल गरी निष्कर्ष प्रस्तुत गराउने ।<br>● सवारी दुर्घटना कम गर्नका लागि अपनाउन सकिने उपायहरूका बारेमा भिडियो प्रस्तुत गर्ने र सूची बनाई प्रस्तुत गर्ने ।<br>● विद्यालय नजिकको गाडी गुड्ने सडकको अवलोकन भ्रमण गराई बाटो काट्न तथा बाटोमा सुरक्षित तरिकाले हिँड्न अभ्यास गराउने ।<br>● विद्यार्थीहरूलाई व्यस्त सडक वा सहरबजारमा बाटो काट्दा अपनाउनुपर्ने उपायहरूबारे सिकाउने । | ● स्थानीयस्तरमा सवारी दुर्घटनाका असरहरू के के हुन सक्छन् सोध्ने ।<br>● सडक दुर्घटना कम गर्न अपनाउनुपर्ने उपायहरूबारे अभिनय गर्न लगाउने ।<br>● बाटोमा हिँड्दा, खेल्दा दैनिक क्रियाकलापहरू अवलोकन गर्ने । | १० |
| ४ | ● स्थानीय क्षेत्रमा हुन सक्ने बाढी, पहिरो, हावाहुरी, आगलागीको बारेमा बुझेर असर र न्यूनीकरणका उपायहरू बताउन | ● स्थानीय क्षेत्रमा भूक्षय, पहिरो, हावाहुरी, बाढी तथा आगलागी हुन सक्ने क्षेत्रहरूको पहिचान, सूची र सावधानीका लागी अपनाउनुपर्ने उपायहरू | ● बाढी, पहिरो, हावाहुरी, आगलागी सम्बन्धी फोटो, चित्रहरू<br>● प्रकोपबाट हुन सक्ने क्षति, असर न्यूनीकरण र सावधानी सम्बन्धी श्रव्यदृश्य सामग्री | ● हावाहुरी, भूक्षय, पहिरो, बाढी तथा आगलागी संभावित स्थानीय स्थानहरूको भ्रमण गराई त्यसबारे परिचय दिने ।<br>● स्थानीय क्षेत्रमा भएका प्राकृतिक प्रकोपहरूको सूची बनाई त्यसले पारेको असरबारे छलफल तथा पत्रपत्रिका लगायतका सूचनाका स्रोतहरूबारे प्रस्तुति दिने ।<br>● हावाहुरी, बाढी, पहिरो, आगलागी, भूकम्पसम्बन्धी भिडियो प्रस्तुत गर्ने र सावधानीका उपायहरूको अभ्यास गराउने ।<br>● प्रकोप विपद्को बेला सुरक्षित स्थानको खोज गरी सावधानी अपनाउने अभ्यास गराउने । | ● भूक्षय, पहिरो, बाढी तथा आगलागीका बारेमा छोटो वर्णन गर्न लगाउने ।<br>● प्रकोपका कारण निम्तने असरहरूको सूची बनाई असर कम गर्नका लागि अपनाउनुपर्ने उपायहरूको बारेमा प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय क्षेत्र भ्रमणको परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ● सडक सुरक्षाबारे बताउन, ट्राफिक सङ्केत र चिह्नहरू चिन्न | ● सडक सुरक्षा र ट्राफिक सङ्केतहरूबारे जानकारी (रोक, जाऊ, दाँया, बाँया, जेब्रा क्रस, रातो बत्ती, हरियो बत्ती आदि) | ● ट्राफिक सङ्केतहरूसम्बन्धी फोटो, भिडियो, पोस्टर | ● विद्यार्थीहरूलाई ट्राफिक नियम र सङ्केतहरूसम्बन्धी चित्रसहित बताउने । जस्तैः रोक, जाऊ, दाँया, बाँया, जेब्रा क्रस, रातो बत्ती, हरियो बत्ती आदि ।<br>● सडक सुरक्षासम्बन्धी भिडियो प्रस्तुत गर्ने ।<br>● सडक सुरक्षासम्बन्धी सडक नाटक प्रस्तुत गर्ने, स्थानीय ट्राफिक प्रहरीसँग अन्तरक्रिया गर्ने । | ● ट्राफिक सङ्केतहरू देखाएर चिन्न लगाउने ।<br>● विभिन्न ट्राफिक सङ्केतहरू बनाई प्रस्तुत गर्न लगाउने ।<br>● गाडी आवतजावत धेरै हुने ठाउँमा बाटो काटेको अभिनय गर्न लगाउने ।<br>● बहुवैकल्पिक प्रश्नहरू गर्ने । | ८ |
| ६ | ● सडक सुरक्षाका लागि ट्राफिक चिह्नहरूको महत्त्व बोध गरी उपयोग गर्न | ● सडक सुरक्षाका लागि ट्राफिक चिह्नहरूको उपयोग र महत्त्वसम्बन्धी जानकारी | ● ट्राफिक सङ्केतहरूसम्बन्धी फोटो, भिडियो, पोस्टर | ● विद्यार्थीहरूलाई सडक र सवारी सुरक्षाका लागि हामीले अपनाउनुपर्ने कार्यहरू र सवारी चालकले अपनाउनुपर्ने कार्यहरूको बारेमा जानकारी गराउने । जस्तैः मादक पदार्थ सेवन गरेर सवारी नचलाउने, सवारी चलाउनु अगाडि राम्ररी चेकजाँच गरेर मात्र चलाउने, धेरै द्रुत गतिमा सवारी नचलाउने, सडकमा जथाभावी नखेल्ने, गाडीमा नझुन्डिने आदि ।<br>● विद्यार्थीहरूलाई ट्राफिक नियम र सङ्केतहरूसम्बन्धी चित्रसहित बताउने । जस्तैः (रोक, जाऊ, दाँया, बाँया, जेब्रा क्रस, रातो बत्ती, हरियो बत्ती आदि)<br>● सडक सुरक्षासम्बन्धी सडकनाटक प्रस्तुत गर्ने, स्थानीय ट्राफिक प्रहरीसँग अन्तरक्रिया गर्ने ।<br>● सडक सुरक्षासम्बन्धी भिडियो प्रस्तुत गर्ने । | ● विभिन्न ट्राफिक सङ्केतहरू बनाई प्रस्तुत गर्न लगाउने ।<br>● सडक र सवारी सुरक्षाका लागि हामीले गर्न सकिने कार्यहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● गाडी आवतजावत धेरै हुने ठाउँमा बाटो काटेको अभिनय गर्न लगाउने ।<br>● सडक र सवारी सुरक्षाका लागि सवारी चालकले अपनाउनुपर्ने सावधानीबारे लेख्न लगाउने ।<br>● सडकनाटकको सहभागिताका आधारमा मूल्याङ्कन गर्ने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | ● स्थानीय क्षेत्रमा हुन सक्ने महामारीहरू पहिचान गर्न र विभिन्न विपद्हरू न्यूनीकरणका कार्यहरूमा सहयोग गर्न | ● गाउँपालिका क्षेत्रमा हुन सक्ने विभिन्न महामारीको परिचय र विपद्हरूमा सावधानी अपनाउनका लागि गर्नुपर्ने उपायहरू, रोकथाम तथा क्षति न्यूनीकरणका उपायहरू | ● जैविक भाइरस, महामारी सम्बन्धी श्रव्य दृश्य सामग्री, पोस्टर, पम्प्लेट आदि<br>● बाढी, पहिरो, आगलागी, भूकम्पको असर न्यूनीकरण सम्बन्धी फोटो, चित्रहरू | ● स्थानीय क्षेत्रमा फैलन सक्ने विभिन्न किसिमका महामारीहरूसँग सम्बन्धित भिडियो, वृत्तचित्र प्रस्तुत गर्ने । जस्तैः हैजा, पखाला, कोभिड १९,स्वाइन फ्लू, वर्ड फ्लू आदि ।<br>● यस्ता महामारीबाट बच्न अपनाउनुपर्ने सावधानीका बारेमा स्थानीय विज्ञसँग छलफल गर्ने ।<br>● स्थानीय स्तरमा पहिरो, बाढी भूकम्प लगायतका विपद्हरू भोगेका मानिसहरूसँग अन्तरक्रिया गर्ने र अनुभव सुन्ने । जस्तैः आगलागी, घर आगलागी, डुबान हुनाको मुख्य कारण, रोकथाम तथा क्षति न्यूनीकरण गर्ने उपायहरू ।<br>● स्थानीय विज्ञहरूसँग प्रकोप/विपद्सम्बन्धी छलफल गरी त्यसको असर न्यूनीकरणका लागि स्थानीय स्तरमा गर्न सकिने क्रियाकलापहरूको सूची प्रस्तुत गर्ने ।<br>● नजिकैको प्रकोपजन्य क्षेत्रको अवलोकन भ्रमण गराई त्यहाँ देखिएका समस्याहरूबारे छलफल गर्ने । | ● महामारीको परिचय दिन लगाउने ।<br>● कोभिड १९ को असर कम गर्न हामीले अपनाउनुपर्ने सतर्कताहरूको सूची बनाउन लगाउने ।<br>● आगलागी, घर आगलागी, डुबानबाट आइपर्न सक्ने खतराहरूलाई कम गर्न हामीले गर्न सक्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● वि.सं. २०७२ सालको भूकम्पबारे अभिभावकलाई सोधेर छोटकरीमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● विपद्बाट बच्नका लागि अपनाइने उपायहरूको अभिनय गर्न लगाउने । | ८ |
| ८ | ● स्थानीय क्षेत्रमा महामारी, प्रकोप तथा विपद् व्यवस्थापनको योजनानिर्माण र | ● गाउँपालिका क्षेत्रमा आइपर्न सक्ने रोगको महामारी, हुन सक्ने विभिन्न प्रकोप विपद्हरूको असर पहिचान, असर | ● महामारी, प्रकोपबाट हुन सक्ने क्षति, असर न्यूनीकरण र सावधानी | ● विभिन्न समयमा स्थानीय रूपमा देखा पर्नसक्ने विभिन्न, महामारी र त्यसका लागि अपनाउनु पर्ने सावधानीहरूका बारेमा अन्तरक्रिया छलफल गर्ने, त्यससँग सम्बन्धित भिडियो प्रस्तुत गर्ने । जस्तैः हैजा, झाडा आदि । | ● स्थानीय क्षेत्रमा विपद् व्यवस्थापन र सुरक्षासम्बन्धी गाउँपालिकाले के गरिरहेको छ वा योजना के छ भन्ने बारेमा आफ्नो बस्ती भएका वडाका प्रतिनिधि वा | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यान्वयनमा सहयोग गर्न | न्यूनीकरण र सावधानीका लागि समुदायमा प्रकोप, विपद योजना निर्माण र कार्यान्वयनमा गाउँपालिकाको भूमिका | सम्बन्धी श्रव्य दृश्य सामग्री<br>● विपद् व्यवस्थापन योजना निर्माण सम्बन्धी लेख, किताव, वृत्तचित्र आदि<br>● गाउँपालिका विपद् व्यवस्थापन योजना पुस्तिका | ● स्थानीय विज्ञको सहयोगमा यस्ता महामारीको असर न्यूनीकरणका लागि विद्यालयमा गर्नुपर्ने पूर्व तयारी योजना बनाई सबैले देख्ने ठाउँमा टाँस्न लगाउने ।<br>● प्राकृतिक प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्हरूको बारेमा छलफल गरी त्यसबाट सुरक्षित रहन हामीले अपनाउनुपर्ने उपायहरूका बारेमा भिडियो वा पोस्टरहरू प्रदर्शन गर्ने, विज्ञसँग छलफल गर्ने, परामर्श लिने ।<br>● विज्ञको सुझावका आधारमा क्षति न्यूनीकरणका लागि तत्काल गर्नुपर्ने कार्यहरूको सूची तयार पारी सबैले देख्ने ठाउँमा टाँस्ने । जस्तैः विद्यालयमा हुँदा भूकम्प आएमा के गर्ने, हावाहुरी आउँदा के गर्ने आदि ।<br>● प्रकोपको पूर्व तयारीका लागि गाउँपालिकाले के गरिरहेको छ र त्यस कार्यमा हामीले कसरी सहयोग गर्न सक्छौं भन्ने बारेमा गाउँपालिकाका प्रतिनिधिसँग अन्तरक्रिया गराउने ।<br>● प्रकोप व्यवस्थापनको अल्पकालीन र दीर्घकालीन योजनाबारे छलफल गरी योजना, निर्माण र त्यसको अभ्यास र प्रचारप्रसार गर्ने । | गाउँपालिकाका प्रतिनिधिसँग छलफल गरी बुँदागत रूपमा लेखेर प्रस्तुत गर्न लगाउने ।<br>● समूहगत रूपमा विद्यालयको विपद् योजना सामग्री बनाई प्रस्तुत गर्न लगाउने ।<br>● भूकम्पको बेला हामीले सुरक्षित रहन गर्न सकिने कार्यहरूको बारेमा प्रस्तुति दिन लगाउने ।<br>● समूहगत रूपमा जनचेतनामूलक सामग्रीहरू समुदायमा प्रस्तुत र अभिनय गर्न लगाउने । | |

## क्षेत्र ७ : सकारात्मक व्यवहार र सामाजिक विकास

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू लाई सम्मान गर्न र आदरार्थी शब्दहरू प्रयोग गर्न<br>● छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर सत्कार गर्न | ● साथी, गुरुहरू, परिवारका सदस्यहरूसँग घुलमिल र आदरार्थी शब्दहरूको प्रयोग । जस्तैः तिमी, तपाइँ, हजुर, नमस्कार, फ्याफुल्ला, लास्सो आदि ।<br>● छिमेकी बालबालिकासँग घुलमिल भई सामान्य खेलहरू खेल्ने र आदर सत्कार । जस्तैः विभिन्न बाल गीतहरू गाउने, पालैपालो नाच्ने, एक अर्कालाई सम्मान गर्ने, झगडा नगर्ने आदि | ● मानिसलाई नमस्कार गरेको, आदर सत्कार गरेको, अरूलाई सहयोग गरेको फोटो, भिडियो<br>● आदरसत्कार सम्बन्धीका कथा कविता, लेख, रचनाहरू | ● विद्यार्थीहरूबिच नमस्कार गर्न सिकाई एक आपसमा परिचय गर्न अभ्यास गराउने । जस्तैः तिमी, तपाइँ, हजुर, नमस्कार, फ्याफुल्ला, लास्सो आदि ।<br>● समूहमा बस्न अभ्यास गराउने ।<br>● आफूभन्दा ठूला मानिस र साथीहरूसँग बोल्दा तपाइँ, हजुर जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न अभ्यास गराउने ।<br>● विद्यार्थीहरूबिच मिलेर पढिरहेको वा खेलिरहेको चित्र वा भिडियोहरू देखाउने ।<br>● साथीहरू समूहमा मिलेर कुनै एक बालगीत गाउन लगाउने, पालैपालो नाच्न लगाउने ।<br>● समूहमा विभिन्न खेलहरू खेल्न सिकाउने । | ● आदरार्थी शब्दहरू प्रयोग गरी आफ्नो साथीको, गुरुको नाम भन्न लगाउने ।<br>● घरका सदस्यहरूको नाम भन्न लगाउने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गरी मूल्याङ्कन गर्ने । | १० |
| २ | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छरछिमेकीसँग आदरसत्कार गर्न | ● साथी, गुरुहरू, परिवारका सदस्यहरू र छरछिमेकीसँग आदरसत्कार | ● मानिसलाई नमस्कार गरेको, आदर सत्कार गरेको, | ● विद्यार्थीहरूबिच नमस्कार गर्न सिकाई एक आपसमा परिचय गर्न लगाउने ।<br>● समूहमा बस्न लगाउने । | ● नमस्कार गरी आफ्नो परिचय दिन लगाउने ।<br>● आफ्नो घरमा भएका सदस्यहरूको नातासहित वाक्य बनाउन लगाउने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ● साथीहरूबिच सहयोग र मेलमिलाप कायम राख्न | ● साथीहरूबिच सहयोग र मेलमिलाप कायम | अरूलाई सहयोग गरेको फोटो, भिडियो<br>● आदरसत्कार सम्बन्धीका कथा कविता, लेख, रचनाहरू | ● आफूभन्दा ठूलो कक्षाका विद्यार्थीहरूलाई दाजु,दिदी भनी सम्बोधन गर्ने अभ्यास गराउने ।<br>● आफूभन्दा सानो कक्षाका विद्यार्थीहरूलाई पनि तिमी, तपाईं जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने ।<br>● साथीहरू र शिक्षकहरूबिच नम्र र शिष्ट व्यवहार देखाउन अभिनय गरेर देखाउने र त्यससम्बन्धी विभिन्न चित्रहरू देखाउने ।<br>● कुनै साथी खेल्दा लड्यो वा चोटपटक लाग्यो भने कसरी सहयोग गर्न सकिन्छ भन्ने बारेमा अभिनय गरेर देखाउने । जस्तैः साथीलाई उठाउन सहयोग गर्ने, कपडामा धुलोहरू लागेमा पुछ्न सहयोग गर्ने, साथी घाइते भएमा तत्काल शिक्षकलाई खबर गर्ने, कार्यालयसम्म पुऱ्याउन सहयोग गर्ने । | ● चित्रहरू र शब्दहरूबिच जोडा मिलाउन लगाउने ।<br>● आदरार्थी शब्द प्रयोगको अवस्था अवलोकन र पृष्ठपोषण प्रदान गर्ने ।<br>● हामीले सहयोगी किन बन्नु पर्छ भनेर सोध्ने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने । | |
| ३ | ● पारिवारिक मेलमिलाप र आत्मानुशासन कायम गर्न<br>● बालमैत्री कक्षाबारे बुझ्न र डररहित सिकाइका आधारभूत कुराहरू बताउन | ● पारिवारिक मेलमिलाप र आत्मानुशासन<br>● बालमैत्री कक्षाबारे बुझ्न र डररहित सिकाइका आधारभूत कुराहरू | ● पारिवारिक मेलमिलाप, असल नागरिक सम्बन्धीका भिडियो, वृत्तचित्र, लेख, रचना<br>● हामीले विद्यालय तथा घर र समाजमा गर्न हुने र गर्न नहुने | ● विद्यालय तथा परिवारमा आफूभन्दा ठूलालाई आदर गर्न र सानालाई माया गर्न सिकाउने । आदरार्थी शब्दहरू प्रयोग गर्न प्रेरित गर्ने ।<br>● घरमा फुर्सदमा भएको समयमा आफूले सक्ने कामहरू सघाउन, त्यसमा होसियारी अपनाउन प्रेरित गर्ने ।<br>● झुटो बोल्ने, चोरी गर्नेजस्ता कार्यहरू नराम्रो हुन् भन्ने बुझाउन विभिन्न भिडियोहरू देखाई राम्रो कार्य मात्र गर्न अभिप्रेरित गर्ने ।<br>● हामीले दैनिक जीवनमा गर्न हुने र गर्न नहुने कार्यहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः सम्मान, माया, काममा सहयोग, साँचो बोल्ने, चोर्ने, झुक्याउनेजस्ता काममा नलाग्ने आदि । | ● आफूभन्दा ठूलालाई आदर र सानालाई माया किन गर्नुपर्छ भन्ने बारेमा सोध्ने ।<br>● विद्यार्थीहरूले घरमा अभिभावकहरूलाई के के काममा सहयोग गर्दछन् सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● विद्यार्थीहरूको दैनिक क्रियाकलापको अवलोकन गर्ने । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कार्यहरूको सूची, चार्ट<br>● बालमैत्री कक्षा बुझाउने किसिमको चार्ट, भिडियो | ● बालमैत्री कक्षा र डररहित सिकाइसम्बन्धी भिडियो प्रस्तुत गर्ने ।<br>● बालमैत्री भयरहित कक्षा हुनका लागि कक्षामा हुनुपर्ने आधारभूत कुराहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः सफा कक्षाकोठा, उज्यालो आउने किसिमको, भूकम्प प्रतिरोधी भवन, सजिलोसँग बस्नका लागि डेक्स, बेन्च, कुर्सी आदिको व्यवस्था भएको, साथीहरूबिच मेलमिलाप, शिक्षकले सबैलाई समान व्यवहार गर्ने आदि । | ● बालमैत्री कक्षा हुनका लागि आवश्यक पक्षहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● हामीले एक अर्काको सम्मान किन गर्नुपर्छ भनेर सोध्ने । | |
| ४ | ● असल सोच र असल चरित्रनिर्माण गर्ने बानीको विकास गर्न<br>● सकारात्मक अनुशासन पद्धति अनुसरण गर्न | ● असल सोच र असल चरित्रनिर्माण गर्ने बानीको विकाससम्बन्धी वर्णन (अनाथलाई सहयोग, मरे परेको ठाउँमा भेट्ने चलन, पाहुना सत्कार, सामूहिक अर्मपर्म, अफ्ठ्यारोमा चन्दालगायत)<br>● सकारात्मक अनुशासन पद्धति अनुसरण गर्नका लागि अपनाउनुपर्ने बानी,व्यहोरा | ● असल सोच, समाज तथा समुदायको अवधारण सम्बन्धी लेख रचना, पम्प्लेट, ब्रोसर<br>● सकारात्मक अनुशासन र व्यवहार सम्बन्धी कथा, कविता, पोस्टर आदि<br>● श्रव्यदृश्य सामग्रीहरू | ● असल सोचाइ र अनुशासनसम्बन्धी भिडियो वा वृत्तचित्र प्रस्तुत गर्ने ।<br>● सभ्य मानिसमा हुनुपर्ने गुणहरूका बारेमा छलफल गर्ने । जस्तैः परिवार तथा बाहिरका मानिससँग मेलमिलाप राख्ने, नम्र बोल्ने, आपत्‌विपद्‌मा सहयोग गर्ने, आफूभन्दा सानालाई माया र ठूलालाई सम्मान गर्ने , कुनै पनि किसिमको विभेद नगर्ने, अनाथलाई सहयोग, पाहुनालाई सत्कार, सामूहिक अर्मपर्म, अफ्ठ्यारोमा परेकोलाई सहयोग गर्ने ।<br>● विद्यार्थीहरूले घर तथा विद्यालयमा पालना गर्नुपर्ने अनुशासन र व्यवहारबारे सूची बनाई प्रस्तुत गर्ने । जस्तैः जथाभावी फोहोर नगर्ने, साथीहरूसँग मित्रता कायम गर्ने, एक आपसमा सहयोग गर्ने आदि ।<br>● हामी विद्यार्थीलगायत सबै मानिसहरू किन अनुशासित बन्नुपर्छ ? यसबाट के फाइदा हुन्छ? भन्ने बारेमा अन्तरक्रिया गरी निष्कर्ष दिने । | ● आफ्नो घरमा रहेका परिवारका सदस्यहरूसँग कस्तो व्यवहार गनुपर्छ ? सोध्ने ।<br>● हामी किन अनुशासनमा बस्नुपर्छ र त्यसबाट के फाइदा हुन्छ लेख्न लगाउने ।<br>● सभ्य र असल मानिसमा हुनुपर्ने गुणहरूबारे सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>● बहुवैकल्पिक प्रश्नहरू गर्ने ।<br>● विद्यार्थीहरूलाई सकारात्मक अनुशासन झल्किने किसिमको अभिनय गर्न लगाउने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जस्तैः अनुशासित र सहयोगी भएमा सबैले माया र सम्मान गर्छन् । अनुशासन र सकारात्मक सोच भएको मानिसले समाजमा योगदान गर्न र उदाहरण बन्न सक्छ आदि । | | |
| ५ | ● सामाजिक कुरीतिहरू (बालविवाह,बहुविवाह) बारे बताउन<br>● सकारात्मक अनुशासन पद्धति अनुसरण गर्न | ● सामाजिक कुरीतिहरू (बालविवाह, बहुविवाह, लगायत<br>● सकारात्मक अनुशासन पद्धति अनुसरण (सहिष्णुतामा आधारित/छुवाछुतको अन्त्य/ परम्परालाई समयसापेक्ष परिवर्तन गर्दै अनुकरण, विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप) | ● सामाजिक कुरीति र विभेद सम्बन्धी लेख रचना, पम्प्लेट, ब्रोसर<br>● सकारात्मक अनुशासन र व्यवहार सम्बन्धी कथा, कविता, पोस्टर आदि<br>● श्रव्यदृश्य सामग्रीहरू | ● बालविवाह, बहुविवाह, आदिको परिचय तथा असर र त्यसको न्यूनीकरणका उपायहरू सम्बन्धी छलफल गरी बुँदागत रूपमा प्रस्तुत गर्ने । जस्तैः बालविवाह र बहुविवाह कानुनी रूपमा अपराध हो भन्ने कुरा बताउने, बाल विवाहले स्वास्थ्यमा समेत नकारात्मक असर पार्छ भन्ने कुरा उदाहरणसहित बताउने ।<br>● सामाजिक कुरीति नियन्त्रणसम्बन्धी काम गर्ने स्थानीय सङ्घसंस्थाका प्रतिनिधिहरूसँग बाल विवाहसम्बन्धी छलफल, अन्तरक्रिया गर्ने/गराउने । स्थानीय सङ्घसंस्थाको परिचय दिने ।<br>● सामाजिक कुरीति, विभेदसम्बन्धी चेतनामूलक भिडियो प्रस्तुत गर्ने ।<br>● सामाजिक कुरीतिहरू विरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरू गर्ने (घरदैलो, सचेतना, पोस्टरिङ, र्‍याली, सडक नाटक आदि) सञ्चालन गरी विद्यार्थीहरूलाई सहभागी गराउने ।<br>● विद्यार्थीहरूलाई सकारात्मक सोचको विकास गराउन सकारात्मक सोचसम्बन्धीका भिडियो वा वृत्तचित्र खोज गरी देखाउने र अन्तरक्रिया गर्ने । जस्तैः सहिष्णुतामा आधारित/छुवाछुतको अन्त्य/परम्परालाई समयसापेक्ष परिवर्तन गर्दै अनुकरण, विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप आदि । | ● सामाजिक कुरीतिहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● सामाजिक, विभेद विरुद्ध हामीले स्थानीय स्तरमा गर्न सकिने कियाकलापहरूका बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● बालविवाह र बहुविवाह विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरूका बारेमा स्थानीय ठाउँ तथा अन्य विद्यार्थीहरूलाई बुझाउन समूहगत रूपमा नाटक प्रदर्शन गर्न लगाउने ।<br>● सकारात्मक र असल मानिसमा हुनुपर्ने गुणहरूको सूची बनाउन लगाउने ।<br>● असल मानिसलाई किन सबैले सम्मान गर्छन् भनेर सोध्ने ।<br>● दैनिक व्यवहारको अवलोकन गर्ने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● हामी विद्यार्थी लगायत सबै मानिसहरू किन अनुशासित बन्नुपर्छ ? यसबाट के फाइदा हुन्छ ? भन्ने बारेमा अन्तरक्रिया गरी निष्कर्ष दिने । जस्तैः अनुशासित र सहयोगी भएमा सबैले माया र सम्मान गर्छन् । आफ्नो दैनिक क्रियाकलापहरू गर्नलाई सहज हुन्छ । अनुशासन र सकारात्मक सोच भएको मानिसले समाजमा योगदान गर्न र उदाहरण बन्न सक्छ आदि ।<br>● सकारात्मक अनुशासन पालन गर्नाले समाज र राष्ट्रमा पुग्ने फाइदाहरू र हामीले अनुसरण गर्नुपर्ने व्यवहारहरूको बारेमा छलफल गर्ने । | | |
| ६ | ● बालअधिकारबारे बताउन र आफ्नो कर्तव्यबोध गरी दैनिक जीवनमा लागु गर्न<br>● शान्ति र अहिंसाको प्रवर्धनका लागि श्याग्या परम्पराको भूमिका र महत्त्व बताउन | ● बालअधिकार परिचय र बालबालिकाको कर्तव्यसम्बन्धी जानकारी<br>● शान्ति र अहिंसाको प्रवर्धनका लागि श्याग्या परम्पराको भूमिका र महत्त्व | ● बाल अधिकारसँग सम्बन्धित विभिन्न लेख, पोस्टर, किताबहरू<br>● बालअधिकार सम्बन्धी कार्य गर्ने सङ्घसंस्थाहरूले निकालेको रिपोर्टहरू<br>● नैतिक शिक्षा तथा संस्कार र असल बानी सम्बन्धीका कथा, कविता, | ● बालअधिकारको बारेमा बुझाउन वा अधिकार सम्बन्धी भिडियो वा वृत्तचित्र देखाई त्यसबारे छलफल गर्ने र निष्कर्ष दिने ।<br>● बालअधिकारभित्र पर्ने विषयवस्तु वा पक्षहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः खाना खान पाउने अधिकार, पढ्न, लेख्न, खेल्न पाउने अधिकार, जबरजस्ती काममा लाउन नपाइने, समान व्यवहार आदि ।<br>● बालअधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घले पारित गरेका बुँदाहरू खोज गरी सूची बनाएर प्रस्तुत गर्ने ।<br>● स्थानीय बालअधिकारमा काम गर्ने सङ्घसंस्थाका प्रतिनिधिसँग अधिकार र कर्तव्य पालनबारे समूहगत छलफल गराउने । जस्तैः बालबालिकाले अधिकार मात्र होइन आफ्नो कर्तव्य पनि पालना गर्नुपर्छ । अरूलाई सम्मान गर्नुपर्छ । चोरी डकैतीजस्ता कार्यहरूमा लाग्नु | ● बालअधिकारको परिचय दिन लगाउने ।<br>● बालअधिकारभित्र पर्ने पक्षहरूको सूची बनाउन लगाउने ।<br>● आफ्नो कर्तव्य पालन भन्नाले के बुझिन्छ ?<br>● असल मानिसमा हुनुपर्ने गुणहरूका बारेमा सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● श्याग्या परम्पराले शान्ति र अहिंसाको प्रवर्धनका लागि कस्तो भूमिका खेलेको छ भन्ने बारेमा सोध्ने । | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लेख, वृत्तचित्र आदि<br>● स्थानीय श्याग्या परम्पराबारे जानकारी | हुँदैन । आफ्नो  कारण अरूलाई असर पर्ने कामहरू गर्नुहुँदैन आदि ।<br>● विद्यार्थीहरूलाई  श्याग्या  परम्पराले शान्ति र अहिंसाको प्रवर्धनका लागि कस्तो भूमिका खेलेको छ र त्यसमा आफ्नो  के भूमिका छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने ।<br>● स्थानीय ठाउँमा परम्परागत रूपमा चलि आएका राम्रा अभ्यासहरूको बारेमा बताउने र त्यसले समाजमा पुगेको फाइदाबारे छलफल गर्ने । असल नागरिक बन्न हामीले गर्नुपर्ने कार्यहरूको सूची बनाउन लगाउने । | ● असल चरित्रले समाजमा के कस्तो फाइदा पुऱ्याउँछ भन्ने बारेमा सोध्ने ।<br>● दैनिक क्रियाकलापको अवलोकन गर्ने ।<br>● विद्यार्थीहरूको समूह बनाई आदर-सत्कारसम्बन्धी अभिनय गर्न लगाउने ।<br>● मित तथा सैना लगाउने चलनबारे वर्णन गर्न लगाउने । | |
| ७ | ● शारीरिक अपाङ्गता, सामाजिक तथा लैङ्गिक विभेदको परिचय र विभेदको न्यूनीकरणका उपायहरू<br>● विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप, सकारात्मक व्यवहार तथा सामुदायिक सहिष्णुताको अवस्था, अतिथि सत्कारमा विशेष ध्यान, विभिन्न चाडपर्वमा सरसहयोग गर्ने बानीको विकास गर्न | ● शारीरिक अपाङ्गता, सामाजिक तथा लैङ्गिक विभेदको परिचय र विभेदको न्यूनीकरणका उपायहरू<br>● विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप, सकारात्मक व्यवहार तथा सामुदायिक सहिष्णुताको अवस्था, अतिथि सत्कारमा विशेष ध्यान, विभिन्न चाडपर्वमा सरसहयोग | ● सामाजिक कुरीति र विभेद सम्बन्धी लेख रचना, पम्प्लेट, ब्रोसर<br>● श्रव्यदृश्य सामग्रीहरू | ● आर्थिक विभेद - धनी गरिबको भिन्नता), लैङ्गिक विभेद, जातीय विभेद तथा सामाजिक विभेद आदिको परिचय तथा असर र त्यसको न्यूनीकरणका उपायहरूसम्बन्धी छलफल गरी बुँदागत रूपमा प्रस्तुत गर्ने ।<br>● मानिसमा शारीरिक अपाङ्गताका हुन सक्ने विभिन्न जोखिमहरूका बारेमा छलफल गर्ने । जस्तैः कोही मानिस दुर्घटनामा परेर अपाङ्ग हुन सक्छ वा कोही मानिस जन्मदैं वा कुनै रोगका कारण अपाङ्ग हुन सक्छ । तर हामीले कसैलाई पनि विभेद गर्नु हुँदैन भन्ने बारेमा सिकाउने ।<br>● विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप, सकारात्मक व्यवहार तथा सामुदायिक सहिष्णुताको महत्त्वबारे छलफल गर्ने | ● सामाजिक कुरीतिहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● सामाजिक, लैङ्गिक विभेद विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरूका बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● सामाजिक, लैङ्गिक विभेद विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने कियाकलापहरूका बारेमा स्थानीय ठाउँ तथा अन्य विद्यार्थीहरूलाई बुझाउन समूहगत रूपमा नाटक प्रदर्शन गर्न लगाउने ।<br>● दशैं र इदमा गरिने क्रियाकलापहरूका बारेमा | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● स्थानीय जातजातिले अतिथि सत्कारमा गर्ने क्रियाकलापहरूको बारेमा अभिनय गर्न लगाउने ।<br>● विभिन्न चाडपर्वमा सरसहयोग, विभेद न्यूनीकरणका लागि हामी विद्यार्थीले गर्नुपर्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः केटाकेटीका भनेर कुनै पनि कार्यहरूमा भेदभाव गर्न हुँदैन । समाजमा मानिसहरूलाई भेदभावका कार्यहरू गर्नु हुँदैन भनेर अभिभावकलाई सम्झाउने आदि ।<br>● सामाजिक कुरीति र विभेद नियन्त्रणसम्बन्धी काम गर्ने स्थानीय सङ्घसंस्थाका प्रतिनिधिहरूसँग विभेदसम्बन्धी छलफल, अन्तरक्रिया गर्ने/गराउने । स्थानीय सङ्घसंस्थाको परिचय दिने । | लेख्न लगाउने , सामूहिक अभिनय गर्न लगाउने ।<br>● सामाजिक राम्रा अभ्यासहरूको किन संरक्षण र प्रवर्धन गर्नुपर्छ भन्ने बारेमा लेख्न लगाउने, वक्तृत्वकलाको आयोजना गर्ने । | |
| ८ | ● सामाजिक, लैङ्गिक विभेद, कुरीति, कुलत विरुद्ध गाउँपालिकाको कानुनी प्रावधान र हाम्रो भूमिकाबारे बुझेर अरूलाई सुसूचित गर्न<br>● परिवार र समाजप्रतिको जिम्मेवारी र कर्तव्यबोध गरी दैनिक जीवनमा लागु गर्न | ● सामाजिक, लैङ्गिक विभेद, कुरीति, कुलत विरुद्ध गाउँपालिकाको कानूनी प्रावधान र हाम्रो भूमिकासम्बन्धी वर्णन<br>● परिवार र समाज प्रतिको जिम्मेवारी र कर्तव्यको बोधसम्बन्धी परिचय (अनाथलाई सहयोग, विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप) | ● सामाजिक विभेद, कुलत र दुर्व्यसनी सम्बन्धी लेख रचना, पम्प्लेट, ब्रोसर<br>● श्रव्यदृश्य सामग्रीहरू<br>● सामाजिक अपराध | ● सामाजिक विभेद, कुलत, दुर्व्यसनीको परिचय तथा असर र त्यसको न्यूनीकरणका उपायहरू सम्बन्धी छलफल गरी बुँदागत रूपमा प्रस्तुत गर्ने । त्यस्ता कार्यबाट सतर्क रहन सुसूचित गर्ने ।<br>● कुलत र दुर्व्यसनी नियन्त्रणसम्बन्धी काम गर्ने स्थानीय सङ्घसंस्थाका प्रतिनिधिहरूसँग छलफल, अन्तरक्रिया गर्ने/गराउने । सामाजिक विभेद, कुलत र दुर्व्यसनीसम्बन्धी भिडियो प्रस्तुत गर्ने ।<br>● सामाजिक विभेद, कुलतविरुद्ध स्थानीय क्षेत्रमा गर्न सकिने कार्यक्रमहरू गर्ने (घरदैलो, सचेतना, पोस्टरिङ, र्‍याली, सडक नाटक आदि) सञ्चालन गर्ने । | ● सामाजिक विभेद अपराध हो यसलाई हटाउन हामी सबै जाग्नुपर्छ भन्ने शीर्षकमा वक्तृत्वकलाको आयोजना गर्ने ।<br>● कुलत र दुर्व्यसनीविरुद्ध हामीले स्थानीय स्तरमा गर्न सकिने क्रियाकलापहरूका बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● सामाजिक विभेद, कुलत तथा दुर्व्यसनी नियन्त्रणका लागि गाउँपालिकाले गर्दै आएका कार्यक्रमहरू खोजी | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विरुद्धको नियम कानुनको सूची<br>● सामाजिक उत्तरदायित्व सम्बन्धी श्रव्यदृश्य सामग्रीहरू | ● सामाजिक विभेद, कुलतजस्ता सामाजिक अपराधहरूको कानुनी सजायहरूबारे स्थानीय विज्ञसँग छलफल गर्ने र गाउँपालिकाले गर्दै आएका कार्यहरूबारे जानकारी दिने ।<br>● असल परिवार, अनुशासन र परिवारमा अभिभावकले निभाउनुपर्ने सकारात्मक भूमिका सम्बन्धी भिडियो वा वृत्तचित्र प्रस्तुत गर्ने ।<br>● असल मानिसले परिवारका अन्य सदस्यहरू र समाजमा गर्नुपर्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः अनाथलाई सहयोग, विविध जनजाति र समुदायबिच आपसी सद्भाव र मेलमिलाप, भेदभाव नगर्ने, सबैलाई समान व्यवहार र मेलमिलाप गर्ने, समाजमा अफठ्यारो परेका मानिसहरूलाई सहयोग गर्ने, कुलत, चोरी, डकैतीमा नलाग्ने, सामाजिक सद्भाव फैलाउन सहयोग गर्ने आदि ।<br>● असल परिवारबाट असल समाज बन्छ भन्ने कुरा देखाउन कुनै नाटक वा भिडियो खोजेर प्रदर्शन गर्ने । विद्यार्थीहरूले घर तथा विद्यालयमा पालना गर्नुपर्ने अनुशासन र कर्तव्यहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः सरसहयोग, मेलमिलाप, सम्मान, आदर आदि । | गरी बुँदागत रूपमा प्रस्तुत गर्न लगाउने ।<br>● सामाजिक उत्तरदायित्वभित्र के के कुराहरू पर्दछन् सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● असल र सहयोगी मानिसमा हुनुपर्ने गुणहरूको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● घरदैलो कार्यक्रम सञ्चालन गराई विद्यार्थीको दैनिक क्रियाकलाप अवलोकन गर्ने ।<br>● बहुवैकल्पिक प्रश्नहरू गर्ने । | |

## क्षेत्र ९: स्थानीय खेलकुद, स्वास्थ्य, परम्परा र भोजन

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | ● स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम बताउन र अभ्यास गर्न<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नाम बताउन | ● स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम र अभ्यास (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गट्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुढाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि ।<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूको परिकारहरूको नाम (, ढिँडो सिस्नो, च्याउ<br>● दाल,भात,तरकारी, ढिँडो, सिस्नु, गिठा, भ्याकुर, गुन्द्रुक, दुध, चिया, कफी,अचार, | ● स्थानीय खेलहरूको सूचीको चार्ट<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूको सूची, पोस्टर, ब्रोसर, लेख आदि | ● स्थानीय स्तरमा बालबालिकाहरूले खेल्ने खेलहरूको सूची तयार पारी नाम प्रस्तुत गर्ने । (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गल्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुढाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि आदि)<br>● (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गल्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुचाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि आदि खेल सम्बन्धीका क्रियाकलापहरू विद्यार्थीहरूलाई सिकाउने र अभ्यास गराउने ।<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको सूची तयार पारी फोटोसहित प्रस्तुत गर्ने । जस्तैः ( ढिँडो सिस्नो, च्याउ<br>● दाल,भात,तरकारी, ढिँडो, सिस्नु, गिठा, भ्याकुर, गुन्द्रुक, दुध, चिया, कफी,अचार, ढिँडो, मकै रोटी, जाँड क्वाँटी, माछा, मासु, अण्डा, खिर, पनिर, कुराउनी, सिस्नो, निउरो, गिठा, | ● विद्यार्थीहरूले घर तथा विद्यालयमा खेल्ने गरेका खेलहरूको नाम सोध्ने ।<br>● चित्रबाट कुन खेल खेलिरहेको छ चिन्न लगाउने ।<br>● स्थानीय खेलहरू खेल्न लगाई खेल सिपको मूल्याङ्कन गर्ने ।<br>● फोटोमार्फत् विभिन्न खानाका परिकारहरू चिन्न लगाउने ।<br>● आफूलाई मनपर्ने खानाहरूको नाम सोध्ने ।<br>● बहुवैकल्पिक प्रश्नहरू गर्ने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ढिँडो, मकै रोटी, जाँड क्वाँटी, माछा, मासु, अण्डा, खिर, पनिर, कुराउनी, सिस्नो, निउरो, गिठा, इत्यादि) | | इत्यादि)आफ्नो घरमा पाक्ने परिकारहरूको नाम पालैपालो भन्न लगाउने । | | |
| २ | ● स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय दिन र अभ्यास गर्न (कुनै २ वटा)<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नाम बताउन र सामान्य परिचय दिन | ● स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय र अभ्यास (कुनै २ वटा) (( भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गल्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुढाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नाम (ढिँडो, सिस्नो, च्याउ | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरूको सूची, ब्रोसर, फोटो, खेल खेल्ने तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृश्य सामग्री<br>● स्थानीय क्षेत्रमा खाइने खानाहरूको सूची, पोस्टर, ब्रोसर, लेख | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तै: (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गल्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुढाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि ।<br>● भलिबल, चुङ्गी, छेलोसम्बन्धी जानकारी दिने र खेल्ने प्रक्रियाबारे वर्णन गरी खेल अभ्यास गराउने ।<br>● विद्यार्थीहरूलाई स्थानीय खेलहरूको परिचय, खेल्ने तरिकाबारे जानकारी गराई खेल अभ्यास गराउने भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गट्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुढाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि | ● आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरूको सूची बनाउन लगाउने ।<br>● भलिबल र कपड्डी खेल खेल्ने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>● (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गल्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुढाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपी लौरो इत्यादि) डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि खेलको अभ्यास गराई विद्यार्थीहरूको प्रदर्शनीका आधारमा मूल्याङ्कन गर्ने ।<br>● स्थानीय परम्परागत खानाहरूको सूची बनाउन लगाउने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ● दाल भात,तरकारी, ढिँडो, सिस्नु, गिठा, भ्याकुर, गुन्द्रुक, दुध, चिया, कफी,अचार, ढिँडो, मकै रोटी, जाँड क्वाँटी, माछा, मासु, अण्डा, खिर, पनिर, कुराउनी, सिस्नो, निउरो, गिठा, इत्यादि) | | ● स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः ढिँडो सिस्नो, च्याउ )<br>● दाल,भात,तरकारी, ढिँडो, सिस्नु, गिठा, भ्याकुर, गुन्द्रुक, दुध, चिया, कफी,अचार,ढिँडो, मकै रोटी, जाँड क्वाँटी, माछा, मासु, अण्डा, खिर, पनिर, कुराउनी, सिस्नो, निउरो ।<br>● निउरो, गिठा, इत्यादि) खानाहरूको परिचय दिने । जस्तैः ढिँडो के बाट बनाइन्छ, कसरी बनाइन्छ, भन्ने बारेमा बताउने, कुनै भिडियो भए देखाउने वा ढिँडो पकाएको प्रत्यक्ष देखाउने । | ● भटमासको कुन कुन परिकार बनाएर खान सकिन्छ ? सोध्ने ।<br>● चामलको भात पकाउन आवश्यक कुराहरूको सूची बनाउन लगाउने । | |
| ३ | ● स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय, महत्त्व बताउन र अभ्यास गर्न (कुनै ३ वटा)<br>● स्थानीय परिकारहरूको महत्त्व बोध गरी बताउन | ● स्थानीय स्तरमा प्रचलित खेलहरूको नाम र अभ्यास (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गल्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुढाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ भाले छिपाइ, गपी लौरो इत्यादि) | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरूको सूची, ब्रोसर, फोटो, खेल खेल्ने तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृश्य सामग्री<br>● स्थानीय परिकारको महत्त्व | ● स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरू खेल्ने तरिकाबारे छलफल गर्ने र खेल्ने अभ्यास गराउने । (भलिबल, चुङ्गी, छेलो, फुटबल, रुमाल चोरी, गल्टा, लुकामारी, डोरी नाघी खेल, गट्टा, लक्कु ढलाइ, बाघचाल, लक्कुढाल, स्किपिङ, कबड्डी, खोपी, गुच्चा, भित्र बाहिर, तातो आलु, हाँडी फुटाइ, भाले छिपाइ, गपि लौरो इत्यादि)<br>डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि।<br>● डन्डीबियो, कवड्डी, चुङ्गी, बाघचाल, लक्कुढालसम्बन्धी जानकारी दिने र खेल्ने प्रक्रियाबारे वर्णन गरी खेल अभ्यास गराउने ।<br>● स्थानीय खेलहरूको महत्त्वबारे बताइदिने ।<br>● स्थानीय बुढापाकाहरूसँग यी खेलहरूबारे छलफल गराउने । | ● आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरूको परिचय दिन लगाउने ।<br>● फुटबल, रुमाल चोरी, कबड्डी, भलिबल, खेल्ने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>● विभिन्न खेलहरू खेल्ने अभ्यास गराई विद्यार्थीहरूको प्रर्दशनीका आधारमा मूल्याङ्कन गर्ने । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | डोरी तानाइ, मेच घुमाइ, लक्कुढाल, भलिबल इत्यादि<br>● स्थानीय क्षेत्रमा खाइने परिकारहरूको नाम र महत्त्व (ढिँडो सिस्नो, च्याउ दाल,भात,तरकारी, ढिँडो, सिस्नु, गिठा, भ्याकुर, गुन्द्रुक, दुध, चिया, कफी,अचार, ढिँडो, मकै रोटी, जाँड क्वाँटी, माछा, मासु, अण्डा, खिर, पनिर, कुराउनी, सिस्नो, निउरो, गिठा, इत्यादि) | सम्बन्धी श्रव्यदृश्य सामग्री | ● स्थानीय परिकारहरूको सूची बनाई प्रस्तुत गर्ने र उक्त परिकारहरू के बाट कसरी बन्छन्, कसरी खाने गरिन्छ भन्ने बारेमा बताउने । जस्तैः ढिडो, रोटी, सातु, आटो (जौ, मकै), पिठो, भात, निउरो, भटमास, मकैको खाजा, गुन्द्रुक, सिस्नु, निगालोको टुसा, गिठा, क्वाँटी, रायो साग, कुराउनी, गिठा आदि ।<br>● स्थानीय परिकारको महत्त्व र फाइदासम्बन्धी छलफल गरी निष्कर्ष दिने । जस्तैः स्थानीय परिकारहरूले आफ्नो मौलिक परिचयमा सहयोग गर्छन् । स्वस्थ खाना खान पाइने छ । आफ्नै खेतवारीका उत्पादनहरूले बजार पाउँछन् आदि ।<br>● विभिन्न स्थानीय खानाहरू पकाउने तरिकाहरूको भिडियो प्रस्तुत गर्ने । | ● स्थानीय खानाका परिकारहरूको सूची प्रस्तुत गर्न लगाउने ।<br>● स्थानीय परिकारहरूको महत्त्व लेख्न लगाउने ।<br>● आफ्नो घरमा खाने गरेका खानाका परिकारहरूबारे सोध्ने । | |
| ४ | ● योग र ध्यानको प्रारम्भिक अभ्यास गर्न<br>● परम्परागत गुन्द्रुक, ढिँडो, मकैको खाजा,आलम बनाउने सिप सिकेर उपयोग गर्न | ● योग र ध्यानको प्रारम्भिक अभ्यास<br>● परम्परागत गुन्द्रुक, ढिँडो, मकैको खाजा, आलम बनाउने तरिकाबारे जानकारी | ● योग अभ्यास सम्बन्धी चित्र, फोटो, भिडियो, वृत्तचित्र<br>● परम्परागत गुन्द्रुक, ढिँडो, भाडोको अचार, | ● मेरुदण्ड सोझो बस्न बस्न लगाउने ।<br>● ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औंलाको टुप्पा जोडेर बाँकी तीन औंला सोझो गरेर घुँडा माथि राखी शान्त बस्न लगाउने ।<br>● हात, खुट्टा, दायाँबायाँ, तलमाथि गर्न र सामान्य मार्च पास जस्तो सिकाउने ।<br>● सामान्य योग अभ्यासका भिडियो देखाउने र अभ्यास गराउने । | ● क्रियाकलाप अनुसारको बसाइ तथा व्यवहार परिवर्तन अवलोकन गर्ने ।<br>● हातखुट्टाको चाल मिलाएर चलाउन लगाउने ।<br>● उफ्रने, दौड्नेजस्ता अभ्यासहरू गर्न लगाउने ।<br>● सामान्य योग अभ्यास गराई अवलोकन गर्ने । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मकैको च्याँख्लो बनाउने सिप सम्बन्धी फोटो, भिडियो<br>● खाना पकाउन जान्ने मानिस | ● स्थानीय क्षेत्रमा बनाइने परम्परागत खानाहरू बनाउने तरिकाबारे श्रव्यदृश्य सामग्री खोजी गरी प्रस्तुत गर्ने ।<br>● परम्परागत परम्परागत गुन्द्रुक, ढिँडो, भाङ्गोको अचार, मकैको च्याँख्लो बनाउने सिपसम्बन्धी फोटो, भिडियो प्रस्तुत गर्ने वा स्थानीय जानकार व्यक्तिलाई बोलाएर उक्त परिकारहरू प्रत्यक्ष बनाएर देखाउन लगाउने ।<br>● विद्यार्थीहरूलाई समूहगत रूपमा गुन्द्रुक र ढिँडो बनाउने अभ्यास गराउने । | ● परम्परागत गुन्द्रुक, ढिँडो, भाङ्गोको अचार, मकैको च्याँख्लो बनाउने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>● स्थानीय कुनै एक परिकार बनाउन लगाउने र त्यसका आधारमा सिपको मूल्याङ्कन गर्ने । | |
| ५ | ● योग र ध्यानको परिचय दिन र विभिन्न प्रकारका योग र ध्यानको अभ्यास गर्न<br>● स्थानीय बटुक, रोट, आँटो, रोटी, कोदोको पिठो, पुवा, कुराउनी, खिर बनाउने सिपको विकास गर्न | ● योग र ध्यानको परिचय र विभिन्न प्रकारका योग र ध्यानको अभ्यास<br>● स्थानीय बटुक, रोट, आँटो, रोटी, कोदोको पिठो, पुवा, कुराउनी, खीर बनाउने तरिका | ● योग अभ्यास सम्बन्धी चित्र, फोटो, भिडियो, वृत्तचित्र<br>● स्थानीय योग गुरु<br>● स्थानीय बटुक, रोट, आँटो, रोटी, कोदोको पिठो, पुवा, कुराउनी, खिर बनाउने सिप सम्बन्धी | ● ज्ञान मुद्रा (आँखा चिम्लेर बुढी र चोर औँलाको टुप्पा जोडेर बाँकी तीन औँला सोझो गरेर घुँडामाथि राखी शान्त बस्न लगाउने ।<br>● श्वासप्रश्वाससम्बन्धी खेल खेलाउने<br>● योग गर्ने तरिकाहरूबारे भिडियो देखाई अभ्यास गराउने ।<br>● स्थानीय बटुक, रोट, आँटो, रोटी, कोदोको पिठो, पुवा, कुराउनी, खिर बनाउने सिपसम्बन्धी वृत्तचित्र वा भिडियो प्रस्तुत गरी छलफल गर्ने ।<br>● स्थानीय पाक विज्ञ (Cook)लाई विद्यालयमा बोलाएर फापरको आलुदम, ढिँडो र चामलको पिठोको बाबर बनाउने तरिकाहरू प्रत्यक्ष देखाउन लगाउने । | ● हातखुट्टा चलाउने अभ्यास गर्न लगाउने ।<br>● खेल, योग र ध्यानको परिचय दिन लगाउने ।<br>● दैनिक क्रियाकलाप अवलोकन गर्ने ।<br>● कोदोको पिठो, पुवा, कुराउनी, खिर बनाउने तरिकाबारे वर्णन गर्न लगाउने ।<br>● विभिन्न स्थानीय खाना बनाउने परियोजना कार्यका आधारमा मूल्याङ्कन गर्ने । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | श्रव्यदृश्य सामग्री<br>● स्थानीय खाना विज्ञ | ● विभिन्न पर्वका अवसरमा बनाइने परिकारहरूको बारेमा बताइदिने ।<br>● विद्यार्थीहरूलाई स्थानीय खाना बनाउने परियोजना वा अभ्यास कार्य गर्न लगाउने । | ● बहुवैकल्पिक प्रश्नहरू गर्ने । | |
| ६ | ● आम्ची परम्परा (सोवारिग्पा) को परिचय र महत्त्व बताउन<br>● स्थानीय खेल, योग व्यायामको महत्त्व बोध गरी खेलहरू खेल्न र योग, व्यायाम गर्न<br>● स्थानीय क्षेत्रमा उत्पादित सन्तुलित भोजनको परिचय दिन | ● आम्ची परम्परा (सोवारिग्पा) को परिचय र महत्त्व<br>● स्वस्थ भोजन र फाइदाहरूसम्बन्धी वर्णन | ● स्थानीय क्षेत्रमा प्रचलित आम्ची परम्परा (सोवारिग्पा) को सूची, ब्रोसर, फोटो<br>● आम्ची परम्परा ( सोवारिग्पा) तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृश्य सामग्री<br>● खानाका विभिन्न परिकारहरूको सूची, फोटो र | ● स्थानीय क्षेत्रमा प्रचलित आम्ची परम्परा ( सोवारिग्पाको महत्त्वको सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने । जस्तैः गुणस्तरीय स्वास्थ्य सेवा, सामाजिक विकास, शारीरिक तन्दुरुस्ती आदि ।<br>● आम्ची परम्परा (सोवारिग्पा) अभ्यासहरूको महत्त्व र फाइदासम्बन्धी छलफल गरी निष्कर्ष दिने ।<br>● आम्ची परम्परा (सोवारिग्पा) अभ्यासहरूको भिडियो देखाउने<br>● आम्ची परम्परा (सोवारिग्पा) विज्ञलाई बोलाएर कक्षा लिन लगाउने<br>● स्थानीय क्षेत्रमा उत्पादित र तयार पारिएका खानाहरूको महत्त्व बताउने । जस्तैः स्वच्छ हुन्छ, स्वस्थ हुन्छ, किन्नलाई धेरै महङ्गो पर्दैन आदि ।<br>● कस्तो खानालाई स्वस्थ खाना भनिन्छ भन्ने बारेमा छलफल गर्ने । जस्तैः सफा, ताजा, धेरै तेलयुक्त नभएको, राम्ररी पाकेको, सडेगले | ● स्थानीय क्षेत्रमा प्रचलित आम्ची परम्परा (सोवारिग्पा)को महत्त्वको सूची बनाउन लगाउने ।<br>● आम्ची परम्परा (सोवारिग्पा)को फाइदा बताउन लगाउने ।<br>● कस्तो खानालाई स्वस्थ खाना भनिन्छ ?<br>● स्वस्थ खानाका फाइदाहरूबारे सोध्ने ।<br>● दैनिक क्रियाकलाप अवलोकन गर्ने । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | महत्त्वसम्बन्धी श्रव्यदृश्य सामग्री | नभएको, स्थानीय क्षेत्रमा उत्पादित सागसब्जीहरू आदि ।<br>● सन्तुलित भोजन वा विभिन्न प्रकारका खानाको महत्त्वबारे भिडियो प्रस्तुत गरी छलफल गर्ने वा स्थानीय पोषणविद्सँग अन्तरक्रिया गराउने । | | |
| ७ | ● विभिन्न प्रकारका योग प्राणायाम र ध्यानको अभ्यास गर्न<br>● पत्रु खाना (Junk F ood)का असरहरू बुझेर पत्रु खानामा कमी ल्याउने उपायहरू दैनिक जीवनमा अवलम्बन गर्न | ● योग र ध्यानको परिचय, विभिन्न प्रकारका योग,प्राणायाम र ध्यानको अभ्याससम्बन्धी जानकारी<br>● पत्रु खाना Jjunk Food)प्राकृतिक खानाको परिचय र पत्रु खानामा कमी ल्याउने उपायहरू | ● विभिन्न योगा र प्राणायाम सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृश्य सामग्री<br>● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरूको सूची, फोटो, पोस्टर<br>● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खाना सम्बन्धी भिडियो, वृत्तचित्र | ● विभिन्न योगहरूको नामसहित गर्ने तरिकाबारे भिडियो प्रस्तुत गर्ने । जस्तैः बसेर गर्ने (गौमुख आसन, वज्रासन) उठेर गर्ने (ताडासन, ध्रुव आसन) सुतेर गर्ने (शवासन, ध्वजासन) लगायत योगहरूको नाम पहिचान र अभ्यास)<br>● स्थानीय योग गुरुबाट योग तथा आसनसम्बन्धी अभ्यास गराउने ।<br>● सूक्ष्म व्यायामको भिडियो देखाउने, शिक्षकले गरेर देखाउने र विद्यार्थीहरूलाई अभ्यास गराउने ।<br>● योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने ( शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>● स्थानीय क्षेत्रमा उत्पादन हुने अन्न, सागपात, आलु, फलफूलको सेवनबाट फाइदा हुन्छ भन्ने कुरा बताउने । चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाइएको खानाले हामीलाई हुने फाइदाहरूबारे छलफल गर्ने ।<br>● बजारमा पाइने पत्रु खाना (Junk Food) हरूको सूची बनाई त्यसले हामीलाई गर्ने असरहरूबारे प्रस्तुत गर्ने । जस्तैः चिल्लो पिरोको मात्रा हुने, पहिले बनाएर प्याकिङ् गरिएको हुनाले स्वच्छ नहुने आदि । | ● बसेर, उठेर वा सुतेर गर्ने कुनै २।२ वटा आसन गरेर देखाउन लगाउने ।<br>● कुनै एउटा योग तथा आसनको बारेमा वर्णन गर्न लगाउने ।<br>● बहुवैकल्पिक प्रश्नहरू गर्ने ।<br>● सामान्य योगका आसनहरू गर्न लगाउने र विद्यार्थीहरूको प्रदर्शनीका आधारमा मूल्याङ्कन गर्ने ।<br>● प्राकृतिक र पत्रु खानाको परिचय दिन लगाउने ।<br>● स्थानीय क्षेत्रमा पाइने पत्रु खानाहरूको सूची बनाउन लगाउने ।<br>● पत्रु खानाको असरबारे वर्णन गर्न लगाउने ।<br>● दैनिक खाजाको अवलोकन गर्ने । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● प्राकृतिक खाना र पत्रु खानासम्बन्धी भिडियो प्रस्तुत गर्ने । | | |
| ८ | ● खेलकुद, योग र ध्यानको दैनिक जीवनमा प्रयोग र यसबाट स्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव बताउन र दैनिक जीवनमा खेलहरू खेल्न, योग र ध्यान गर्न<br>● स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बोक्रायुक्त खानाका फाइदाहरू बताउन र स्थानीय खानाहरूको प्रवर्धनमा सहयोग गर्न | ● योग र ध्यानले हाम्रो दैनिक जीवनमा र स्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव र योगको अभ्यासका सिपहरू<br>● स्थानीय स्तरमा उत्पादित प्राकृतिक तथा रेसादार, बोक्रायुक्त खानाका फाइदाहरू र पत्रु खानाको (Junk Food) असरसम्बन्धी जानकारी | ● विभिन्न योगा र प्राणायाम सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृश्य सामग्री<br>● योग र ध्यानको फाइदा सम्बन्धी सूची, ब्रोसर, फोटो, श्रव्यदृश्य सामग्री<br>● स्वस्थकर, प्राकृतिक खाना र पत्रु खानाहरूको सूची, फोटो, पोस्टर, वृत्तचित्र | ● विभिन्न योगहरूको नामसहित गर्ने तरिकाबारे भिडियो प्रस्तुत गर्ने । जस्तैः बसेर गर्ने (गौमुख आसन, बज्र आसन) उठेर गर्ने (ताड आसन, ध्रुव आसन) सुतेर गर्ने (शव आसन, ध्वज आसन) लगायत योगहरूको नाम पहिचान र अभ्यास)<br>● योग र ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>● दैनिक अभ्यासको तालिका बनाउन लगाउने र कुनै प्रसिद्ध व्यक्तिहरूले बनाएको नमूना प्रदर्शन गर्ने र त्यसैअनुरूप दैनिक अभ्यास गर्ने ।<br>● प्राकृतिक खाना र पत्रु खानासम्बन्धी भिडियो प्रस्तुत गर्ने ।<br>● स्थानीय क्षेत्रमा उत्पादित खानाहरूको सूची र महत्त्व प्रस्तुत गर्ने ।<br>● चिल्लोरहित, ताजा, रेसादार खानाले, रसायन नमिसाइएको खानाले हामीलाई हुने फाइदाहरूबारे छलफल गर्ने । जस्तैः रोग क्षमता बढाउने ।<br>● बजारमा पाइने पत्रुखाना (Junk Food) हरूको सूची बनाई त्यसले हामीलाई गर्ने असरहरूबारे प्रस्तुत गर्ने । | ● योग र ध्यानले कसरी हाम्रो स्वास्थ्यमा राम्रो प्रभाव पार्दछ भन्ने बारेमा सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● कुनै एउटा योग तथा आसनको बारेमा वर्णन गर्न लगाउने ।<br>● सामान्य योगका आसनहरू गर्न लगाउने र विद्यार्थीहरूको प्रदर्शनीका आधारमा मूल्याङ्कन गर्ने ।<br>● प्राकृतिक र रेसादार खानाको महत्त्व लेख्न लगाउने ।<br>● पत्रु खानाहरूले हाम्रो स्वस्थ्यमा पार्ने असरहरूका बारेमा लेख्न बनाउन लगाउने ।<br>● पत्रु खाना खाने बानीमा कमी ल्याउन हामीले सुधार्नु पर्ने बानीको सूची बनाउन लगाउने । | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ● स्थानीय पोषणविज्ञ | ● हाम्रो दैनिक जीवनमा सन्तुलित भोजन र योग व्यायामको अन्तरसम्बन्धबारे विज्ञसँग छलफल गरी बुँदागत रूपमा प्रस्तुत गर्ने । | | |

## ८. पाठ्यघण्टा र अङ्क विभाजन तालिका

### कक्षा १-३

| **क्र.सं.** | **क्षेत्र/एकाइ** | **कक्षा १-३** | | |
|---|---|---|---|---|
| | | पाठ्यघण्टा | पाठ्यघण्टा | पाठ्यघण्टा |
| १. | चुमनुब्री गाउँपालिकाको परिचय | २० | २० | २० |
| २. | स्थानीय जातजाति, भाषा, भेषभूषा, संस्कृति, चाडपर्व र मेलाजात्रा | २० | २० | २० |
| ३. | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | २० | २० | २० |
| ४. | स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण | २५ | २५ | २५ |
| ५. | स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | २५ | २५ | २५ |
| ६. | सडक सुरक्षा र प्रकोप न्यूनीकरण | १५ | १५ | १५ |
| ७. | सकारात्मक व्यवहार र सामाजिक विकास | १५ | १५ | १५ |
| ८. | स्थानीय खेलकुद, स्वास्थ्य, परम्परा र भोजन | २० | २० | २० |
| | **जम्मा** | **१६०** | **१६०** | **१६०** |

### कक्षा ४-८

| **क्र.सं.** | **क्षेत्र/एकाइ** | **कक्षा ४-८** | |
|---|---|---|---|
| | | **पा.घ.** | **अ.भा.** |
| १. | चुमनुब्री गाउँपालिकाको परिचय | १६ | १२ |
| २. | स्थानीय जातजाति, भाषा, भेषभूषा, चाडपर्व, संस्कृति र मेलाजात्रा | १६ | १२ |
| ३. | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | १६ | १२ |
| ४. | स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण | २२ | १८ |
| ५. | स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | २० | १६ |
| ६. | सडक सुरक्षा र प्रकोप न्यूनीकरण | १२ | ९ |
| ७. | सकारात्मक व्यवहार र सामाजिक विकास | १२ | ९ |
| ८. | स्थानीय खेलकुद, स्वास्थ्य परम्परा र भोजन | १४ | १२ |
| | **जम्मा** | **१२८** | **१००** |

- पा.घ. = पाठ्यघण्टा, अ.भा. = अङ्कभार

## ९. सिकाइ सहजीकरण प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयनका क्रममा विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थीकेन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइअगाडि बढाइने छ । यस पाठ्यक्रमलाई विद्यालयमा विद्यार्थीहरूबिच प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भसामग्री, वेभमा आधारित सामग्री र स्थानीय विज्ञसँगको अन्तरक्रिया लगायतका शैक्षणिक सामग्रीहरूको अधिकतम प्रयोग गरिने छ । सिकाइ सहजीकरण गर्न विभिन्न प्रचलित विधिहरू अपनाउन सकिने छ ।

कुनै पनि सिकाइ दिगो हुनका लागि सिकारुहरूले/विद्यार्थीहरूले प्रत्यक्ष अनुभव गरेका कुराहरूले महत्त्वपूर्ण प्रभाव पारेको हुन्छ । त्यसका लागि सहजकर्ताले जहिले पनि विद्यार्थीहरूको रुचि, उनीहरूको अवस्थालाई बुझेर विद्यार्थीकेन्द्रित सहजीकरण गर्नुपर्दछ । जसबाट विद्यार्थीहरूको संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor)सिकाइमा प्रत्यक्ष फाइदा पुग्छ । विद्यार्थीकेन्द्रित सहजीकरण गर्दा सहजकर्ताले मुख्य गरी निम्न तीनवटा तहलाई ध्यानमा राखी कक्षा सञ्चालन गर्नुपर्दछ ।

क) पूर्व तयारी : विद्यार्थीहरूमा उत्प्रेरणा जगाउने

ख) उपयुक्त सहजीकरण विधि : विद्यार्थीकेन्द्रित अन्तरक्रियात्मक शिक्षण विधिहरूको प्रयोग गर्ने

ग) अभिलेखीकरण तथा सिकाइ उपलव्धि/सक्षमता मापन : विषयवस्तुको अभिलेखीकरण र त्यसको प्रस्तुति गर्ने

**पूर्व तयारी :** स्थानीय विषयको सहजीकरण गर्दा सहजकर्ता/शिक्षकले कक्षाकोठामा पस्नु अगाडि र कक्षामा पसिसकेपछि विषयवस्तुको सहजीकरण गर्नुभन्दा अगाडि विभिन्न चरणका तयारीहरू गर्नुपर्दछ, जसलाई पूर्व तयारी भनिन्छ ।  कक्षामा जानु अगाडि विषयस्तुसँग सम्बन्धित कुराहरूको खोज गरी त्यसको पाठ योजनासहितको तयारी प्रथम चरणको तयारी हो, जसमा सिकाइ उपलब्धि, सक्षमता समावेश गरी सहजीकरणका विधिहरू समेतको तयारी गर्नुपर्दछ । यदि कोही अन्य सहजकर्ता, विषयविज्ञलाई बोलाउने हो भने उक्त व्यक्तिलाई पनि विषयवस्तुबारे अग्रिम जानकारी गराउनुपर्दछ । यदि अवलोकन भ्रमण वा बाहिरी वातावरणमा लगेर सिकाउन लागिएको छ भने त्यस ठाउँको बारेमा अग्रिम जानकारी लिई त्यस अनुरूपको तयारी गनुपर्दछ ।

सहजकर्ता कक्षाकोठामा विषयवस्तुको तयारीसहित प्रवेश गरिसकेपछि कक्षामा विद्यार्थीहरूको बसाइको अवस्थामा ध्यान दिनुपर्दछ । विषयवस्तुको माग र सहजीकरण विधिलाई सहयोग पुग्ने गरी यु (U)आकार, राउन्ड टेबल (Round Table) आकार, स्क्यायर (Square) आकार, लहरमा (Line) राख्ने जस्ता विभिन्न तरिकामा कक्षाकोठाको बसाइको व्यवस्था मिलाउनुपर्दछ । विद्यार्थीहरूको इच्छा बुझ्ने, विभिन्न खेलहरूमार्फत् उत्प्रेरणा जगाउने कार्य गर्नुपर्दछ । विद्यार्थीहरूमा उत्प्रेरणा दुई तरिकाबाट जगाउन सकिन्छ । जसमा बाहिरी कुराहरूको सहयोगमा उत्प्रेरणा जगाउने (Extrinsic Motivation)जस्तैः विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू गरी पुरस्कारको व्यवस्था गरेर तथा आफैँ भित्रबाट उत्प्रेरणा जगाउने (Intrinsic motivation), जस्तैः विद्यार्थीहरूलाई केही रमाइला अनुभवहरू सुनाइ उनीहरूमा पनि विषयवस्तुसम्बन्धी जान्ने इच्छाशक्ति बढाउन अभिप्रेरित गर्ने । विद्यार्थीहरूमा उत्प्रेरणासँगै अघिल्लो दिनको विषयवस्तु वा क्रियाकलापको अनुभव, समीक्षा विद्यार्थीहरूबाटै गर्ने/गराउने र आजको विषयवस्तुलाई जोडेर विषयवस्तुमा प्रवेश गर्ने गर्नुपर्दछ ।

**उपयुक्त सहजीकरण विधि :** शिक्षक वा सहजकर्ताले तयारीका चरणहरू पूरा गरी विषयवस्तुमा प्रवेश गरेपछि उद्देश्यअनुसार सक्षमता हासिल हुने गरी विद्यार्थीकेन्द्रित विधिहरू उपयोग गरी सहजीकरण गर्नुपर्दछ । हाल प्रचलनमा रहेका प्रश्नोत्तर विधि, प्रदर्शन विधि, समस्या-समाधान विधि, अवलोकन, छलफल, अभिनय, कथावाचन, क्षेत्र भ्रमण, परियोजना, द्रुत लेखन, जिग्सअ, मस्तिष्क मन्थन आदि विधिहरू अपनाउन सकिन्छ । पाठ्यक्रमको उद्देश्यअनुसार एकै पटकमा पनि एकभन्दा धेरै विधिहरूको प्रयोग गर्न सकिन्छ तर सबै विधिहरूमा विद्यार्थीकेन्द्रित, सक्रिय सहभागिता, सामाजिक सहभागिता, उपयुक्त क्रियाकलाप र रणनीतिको प्रयोग हुनुपर्दछ । केही विधिहरूको छोटो जानकारी तल प्रस्तुत गरिएको छः

सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छ :

**१) प्रश्नोत्तर विधि :** विषयवस्तुको परिधिमा रहेर शिक्षक र विद्यार्थी तथा विद्यार्थी र विद्यार्थीबिच प्रश्नोत्तर विधिको उपयोग गरेर सिकाउने/सिकाइन्छ ।

**२) प्रदर्शन विधि :** विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग गर्ने वा पुग्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइ गतिविधि अगाडि बढाउने/बढाइन्छ ।

**३) समस्या-समाधान विधि :** विषयवस्तुको केन्द्रमा रहेर समस्या दिने र उक्त समस्याको समाधान गर्न सिकाउने गतिविधि यसमा अवलम्बन गरिन्छ ।

**४) अवलोकन विधि :** विषयवस्तुको प्रकृतिका आधारमा अवलोकन गर्न सकिने र मिल्ने भए अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ ।

**५) छलफल विधि :** समूहमा वा व्यक्तिका बिच परस्पर छलफल गर्न लगाई सिकाइ क्रियाकलाप सम्पन्न गर्न प्रेरित गर्ने विधि नै छलफल विधि भएकोले वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ ।

**६) अभिनय विधि :** चरित्र-चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्री भए अभिनय विधिबाट सिकाउन सकिन्छ ।

**७) खोज विधि :** सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन उपयोग हुने अर्को प्रमुख विधिको रूपमा खोज विधिलाई लिइन्छ । खोज विधिमा सामग्रीको खोजलाई उच्च प्राथमिकता दिइन्छ ।

**८) परियोजना कार्य विधि :** परियोजना कार्य विधिको प्रयोगले कुनै पनि कार्य समूहमा वा एकल कुनै तरिकाबाट कसरी सहजै सम्पन्न गर्न सकिन्छ भन्ने कुरालाई उच्च प्राथमिकता दिएर गरिन्छ र विद्यार्थीहरूलाई गर्न लगाइन्छ । काम, समय र व्यक्तिको सङ्ख्यालाई परियोजनामा विशेष महत्त्व दिइन्छ । विषयवस्तुको प्रकृति विद्यार्थीको उमेर समूह, सिकाइ स्तर, स्थानीय परिवेशजस्ता पक्षमा यस विधिमा विशेष ख्याल गरिन्छ ।

**९) वाचन/कथाकथन विधि :** कुनै पनि विषयवस्तुलाई कथात्मक शैलीमा प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन विधि हो । यसलाई वाचन विधि पनि भनिन्छ । घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ ।

**१०) घटना अध्ययन विधि :** घटना अध्ययनमा समाजका सामाजिक विषयसँग सम्बद्ध घटनाहरू पर्दछन् । यसमा विविध विषयवस्तुहरू पर्न सक्छन् । होची अर्घेली वा घटना दुर्घटनाका विषय पनि हुन सक्छन् । जुनसुकै प्रकृतिका विषय भए पनि तिनको अध्ययन गरी चित्त बुझ्दो निष्कर्षमा पुग्ने गरी घटनाहरूको अध्ययन र निचोड गर्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो ।

**११) क्षेत्र भ्रमण :** क्षेत्र भ्रमण (Field Trip) अन्तर्गत विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी  रूपमा विषयको अनुसन्धानात्मक अध्ययन गर्दछन् । क्षेत्र भ्रमणले शिक्षक तथा विद्यार्थी दुवैलाई नियमित रूपमा कक्षाकोठामा हुने पठनपाठनबाट बाहिर जाने मौका प्रदान गर्ने हुँदा छुट्टै अनुभव र आनन्द दिन्छ । यसका निम्नानुसारका ३ मुख्य चरणहरू हुन्छन्:

**पहिलो चरण :** यस चरणमा भ्रमणको तयारी हुन्छ जसअन्तर्गत शिक्षकले विद्यार्थीहरूलाई विषयवस्तु तथा गन्तव्यको परिचय गराई आवश्यक तयारी गर्छन्/गर्न लगाउँछन् ।

**दोस्रो चरण :** यस चरणमा शिक्षकको नेतृत्वमा विद्यार्थीहरू निर्दिष्ट गन्तव्य (क्षेत्र) मा पुग्दछन् र अवलोकन तथा अन्तरक्रिया गर्दछन् ।

**तेस्रो चरण :** भ्रमण सकिएपछि आउने यस चरणमा सहभागीले भ्रमणबाट प्राप्त तथ्यतथ्याङ्कका विषयमा छलफल गरी निष्कर्ष निकाल्छन् । यसका अतिरिक्त शिक्षकले विद्यार्थीहरूलाई विभिन्न प्रश्न सोधी उत्तर खोज्ने र छलफल गर्ने पनि गर्दछन् । अध्ययन विश्लेषणका क्रममा माथि उल्लेख गरिएका विधिहरूभन्दा बाहेक अन्य विधिहरूको पनि चर्चा गरिएको पाइन्छ । यस्ता विधिहरूले पनि सिकाइको गतिमा विस्तार र विकास गर्न योगदान गर्दछन् ।

केही फरक चिन्तनपरक विधिहरू पनि वर्तमान अवस्थामा व्यवहार र प्रयोगमा आएका छन् । केही त्यस्ता विधिहरू निम्न छन् :

**समालोचनात्मक चिन्तनपरक विधिहरू :** गुण-दोषका आधारमा तथ्यहरू केलाउँदै सिकाउन प्रेरित गर्ने विधिलाई नवीनतम् विधिका रूपमा समालोचनात्मक विधि भनिन्छ । यो विधि सिकाइमा पछिल्लो समय प्रयोगमा आएको नौलो विधि हो । यसभित्र पनि विभिन्न विधिहरू पर्दछन् ।

**क) मस्तिष्क मन्थन (Brain Storming):** विद्यार्थीलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो । यो कुनै पनि आग्रह पूर्वाग्रह नराखी कार्यसम्पादन गर्ने विधि हो । यसका चरणहरू निम्न छन् : प्रथम चरण : सम्पूर्ण कक्षालाई मस्तिष्क मन्थनका विषयमा जानकारी गराउने । दोस्रो चरण : समस्या वा पाठ बुझिने गरी बताउने । तेस्रो चरण : निश्चित समय तोकेर विद्यार्थीलाई समस्या समाधान गर्न लगाउने । चौथो चरण : समस्या समाधानका उपाय बताउन विद्यार्थीलाई प्रेरित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, थप कुरा राख्न भन्ने । पाँचौ चरण : उनीहरूले भनेका कुरा टिप्ने । छैटौं चरण : अन्तमा विद्यार्थीलाई एक्लाएक्लै वा समूहमा विचार मन्थन गर्न लगाउने ।

**ख) सङ्गठित सिंहावलोकन (Structure Overview) :** छोटो समयमा सिकारुमा उत्सुकता जगाउन गरिने वा दिइने व्याख्यान नै सङ्गठित सिंहावलोकन हो । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** पाठका विषयमा चाख लाग्दा र सिकारुपरक विषयवस्तु बुझेर उनीहरूलाई भन्न लगाउने । पाठको अवधारणा र खास शब्दका विषयमा विवरण तयार गर्ने ।

**दोस्रो चरण :** सिकारुको ध्यान तान्ने खालका नक्सा, चित्र, तालिका आदि कक्षामा लिएर जाने ।

**तेस्रो चरण :** छोटो समय (पाँच मिनेट) मा प्रस्तुत गर्न सकिने मुख्य बुँदा भएको प्रस्तुति तयार गर्ने ।

**चौथो चरण** विद्यार्थीलाई व्यस्त र अन्तरक्रियात्मक बनाउनुका साथै प्रश्नोत्तर गर्ने र टिप्पणी गर्दै हौसला दिने । **पाँचौ चरण :** केही सान्दर्भिक विषय पछि बताउँला भन्दै प्रस्तुति अन्त्य गर्ने जसले उनीहरूमा उत्सुकता जगाउन सकोस् ।

**ग)जिग्सअ (Jigsaw)**जिग्सअ विधिलाई सहयोगात्मक विधि पनि भनिन्छ । एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । यसमा विज्ञ समूह र मातृसमूह रहन्छ । विज्ञ समूह र मातृ समूह र मातृ समूह  र विज्ञ समूह भएर आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिका प्रक्रियागत चरण यसप्रकार छन् :

**पहिलो चरण :** विज्ञ समूहका लागि शिक्षकद्वारा प्रश्नको निर्माण गरिन्छ । प्रश्नको तयारी गर्दा हरेक समूहका लागि प्रश्न सेट तयार गरिन्छ र प्रश्न बनाउँदा तोकिएको पाठ्यांशबाट बनाइन्छ ।

**दोस्रो चरण :** शिक्षकले ४/५ जनाको समूह बनाई विद्यार्थीलाई मातृ समूहमा बस्न लगाउने । - एक आपसमा घुलमिल हुने र सौहार्द्रपूर्ण व्यवहार प्रदर्शन गर्ने परिवेश तयार गर्ने ।

**तेस्रो चरण :** शिक्षकले मातृ समूहका विद्यार्थीलाई विज्ञ समूहमा मिलेर काम गर्न लगाउने । मातृसमूहका कम्तीमा एक एक जनालाई विज्ञ समूहमा नेताको छनोट गर्ने ।

**चौथो चरण :** शिक्षकले प्रत्येक समूहलाई आफ्नो समूहमा परेको प्रश्नको उत्तर खोज्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा गएर कसरी प्रस्तुत गर्ने भन्ने तयारी गर्ने । समस्या भए शिक्षकले सहयोग गर्ने ।

**पाँचौँ चरण :** विज्ञ समूहमा रहेर आर्जन गरेको ज्ञान मातृ समूहमा फर्केर प्रयोग गर्ने । निश्चित समयभित्र छलफल गरी टुङ्गोमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्ने मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता पाउने ।

**घ)सोच जोडीमा छलफल आदान-प्रदान (Think, Pair, Share)**समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव बढाई पाठप्रति उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । सिर्जनशील छलफल गर्न र चिन्तन विकास गर्न यो विधि अवलम्बन गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** शिक्षकले दिएका प्रश्नका विषयमा तोकिएको समयभित्र सोच-विचार गर्ने ।

**दोस्रो चरण :** आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण :** सबै जोडीले आफ्ना विचार सबैसँग प्रस्तुत गर्ने । प्रस्तुत भएका विचार टिपोट गर्ने ।

**ङ) सङ्क्षिप्त/द्रुत लेखन (Quick Write) :** छलफल गरिएका र गरिने क्रममा आएका स्वतः स्फूर्त रचनात्मक र सिर्जनात्मक असल विचारलाई तत्कालै टिपोट गर्न र त्यसलाई लिपिबद्ध गर्न यो विधि उपयोगी मानिन्छ । अनौपचारिक पक्ष भित्रका महत्त्वपूर्ण कुरालाई समेट्न यो विधि सर्वोपयोगी मानिन्छ

। ५-१० मिनेटभित्र सम्पन्न गरिसक्नुपर्ने क्रियाकलापका लागि यस विधिलाई उपयोग गरिन्छ । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** आफूले दिन लागेको विषयमा विद्यार्थीहरूलाई छोटो विचार लेख भनेर बताउने र निर्दिष्ट समय सीमाभित्र निरन्तर लेख्न भन्ने ।

**दोस्रो चरण :** विद्यार्थीलाई लेख्नका लागि निर्दिष्ट विषय दिने ।

**तेस्रो चरण :** समय यकिन गरिदिने । यसले लेखनमा द्रुतता दिलाउन सहयोग गर्ने र समयमा काम फत्ते हुने हुन्छ ।

**चौथो चरण :** विद्यार्थीले तयार गरेको लेख प्रस्तुत गर्न लगाउने । यसरी प्रस्तुत भएका लेखमा आवश्यकताअनुसार परिमार्जन गरेर प्रकाशन योग्य बनाउन सकिने ।

**च) मान्यता (Value line)**मान्यतालाई सहयोगात्मक सिकाइ क्रियाकलापका रूपमा अर्थ्याइन्छ । अरूका फरक वा भिन्न विचार आउन सक्ने विषयमा विद्यार्थीलाई आफना विचार राख्न लगाउन उपयोग गरिन्छ । विचार वा भनाइमा हुने सहमति वा असहमतिका बिचको विभेद कारणसहित प्रस्तुत गर्नु वा अरुका तथ्यपरक विचारको सम्मान गर्नु यसको प्रमुख पक्ष हो । यस किसिमको रचनात्मक र सिर्जनात्मक गुण विद्यार्थीमा हुनुपर्दछ । यस किसिमको अभ्यासले कुनै विषयमा ध्यान दिने, त्यसमा आफ्नो राय दिने, अरूका धारणा सुन्ने, तथ्य र तर्क पर्गेल्ने कारणसहित स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा प्रमुख रहन्छन् । यसका चरणहरू निम्नलिखित छन् :

**पहिलो चरण :** शिक्षकले कक्षालाई विपक्ष वा पक्षमा खडा हुने खालका प्रश्न सोध्ने । उत्तरका रूपमा प्राप्त तथ्य समर्थन वा विरोधका रूपमा प्रस्तुत हुने/हुनुपर्ने ।

**दोस्रो चरण :** हरेक विद्यार्थीले आफ्नो तथ्य र तर्क स्वतन्त्र भएर टिपोट गर्ने वा लेख्ने ।

**तेस्रो चरण :** शिक्षक र विद्यार्थी विपरीत दिशामा रहने र छलफल गर्न लागिएको विषय पनि बिल्कुल उल्टो धारणा आउने प्रकृतिको रहेको/रहने/हुनुपर्ने ।

**चौथो चरण :** विद्यार्थीलाई आफ्नो राय वा मत मिल्ने समूहतिर लाग्न निर्देश गर्ने । यसले स्पष्ट रूपमा समूह बनाउने ।

**पाँचौ चरण :** आफ्नो समूहका विद्यार्थीलाई छलफल गर्न लगाई मत फरक भए अर्को समूहमा पठाउने गर्नुपर्छ ।

**छैटौं चरण :** दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने ।

**सातौं चरण :** प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई आफ्ना विचार प्रस्तुत गर्न लगाउने । तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने । विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थीकेन्द्रित विधिलाई प्राथमिकता दिएर सिकाइ अगाडि बढाउनुपर्छ । माथि उल्लेख गरिएका केही नयाँ विधिहरू हुन् वा पुराना विधि नै किन नहुन्, सबैमा विद्यार्थीको सक्रिय भूमिकाले महत्त्व पाउनुपर्छ । माथि उल्लेख गरिएका विधिहरू नमुना हुन् । पाठ्यक्रमको आवश्यकताअनुसार अन्य विधिहरू पनि उपयोगमा ल्याउन सकिन्छ ।

**अभिलेखीकरण तथा सिकाइ उपलब्धि/सक्षमता मापन :** विद्यार्थीहरूलाई आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्न लगाउनु पनि सहजीकरण प्रक्रियाको एक महत्त्वपूर्ण अङ्ग हो । यहाँ अभिलेखीकरण गर्नु भन्नुको अर्थ विद्यार्थीहरूले सिकेका कुराहरूलाई हुबहु कापीमा लेख्ने भन्न खोजिएको होइन । विद्यार्थीहरूले आफूले सिकेका कुराहरूको अभिलेखीकरण गर्ने क्रममा विषयवस्तुमा आधारित कथा, कविता, निबन्ध आदि लेख्ने, चित्र बनाउने, विभिन्न फोटोहरू टाँस्ने वा वास्तविक वस्तुहरू नै टाँस्ने, जस्तैः कुहिने र नकुहिने वस्तु छुट्याउने विषय छ भने कागजको टुक्रा र प्लास्टिक टाँस्ने, कुनै बिरुवाको जीवनचक्र वा खेतीसम्बन्धी छ भने त्यसको बिउ, पातहरू टाँस्न सकिन्छ । कुनै विषय वस्तुमा क्षेत्र भ्रमण, अवलोकन आदि गराइएको छ भने त्यसको सामूहिक परियोजना कार्य गराई प्रस्तुत गर्न लगाउनुपर्छ । कुनै विषयवस्तुहरूमा विद्यार्थीहरूलाई सिपसँग सम्बन्धित सामग्रीहरू बनाउन लगाई प्रस्तुत गर्न लगाउने । जस्तैः बाँसका सामग्री बनाउन लगाउने । विद्यार्थीहरूलाई विषयवस्तुको सहजीकरणका क्रममा यस्ता विभिन्न कार्यहरू गराउँदा उनीहरूसँग सिकेका कुराहरूको अभिलेख रहिरहन्छ र भविष्यमा पुनरावलोकन गर्न समेत सहज हुन्छ । यसरी विद्यार्थीहरूले गरेको अभिलेखको प्रस्तुति गर्न लगाई उनीहरूलाई सकारात्मक पृष्ठपोषण (Positive feedback) सहित हौसला प्रदान (Appreciation)गर्नुपर्दछ । विद्यार्थीहरूको अभिलेखीकरण, प्रस्तुति, अभिनयजस्ता कार्यहरूबाट सहजकर्ताले सहजीकरण गरेका विषयवस्तुहरूको सिकाइउपलब्धि, सक्षमता, सिप कति हासिल भयो भन्ने कुराको मापन समेत गर्न सक्छन् । सिकाइ सहजीकरणका क्रममा विद्यार्थीहरूको दैनिक कार्य, अनुभव, सिप तथा व्यावहारिक परिवर्तनको समेत अवलोकन गर्दै सहजकर्ताले समेत प्रत्येक विद्यार्थीहरूको दैनिक अभिलेख राख्ने कार्य सम्पन्न गरेपछि मात्र सहजीकरणको प्रक्रिया पूरा भएको मानिन्छ । विद्यार्थी तथा सहजकर्ता दुवैले राख्ने अभिलेखबाट विद्यार्थी मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न समेत सजिलो हुन्छ ।

## १०. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय विषयको पठनपाठनपछि विद्यार्थी मूल्याङ्कनका निम्न तरिकाहरू अवलम्बन गरिने छ ।

१. आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएकोले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यस पद्धतिलाई अनुसरण गरिने छ ।

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले गरेर, अवलोकन गरेर सिक्ने भएकोले नियमित विद्यार्थी अवलोकन गरेर, पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio)फाइल रहनेछ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख रहनेछ र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।

४. कक्षा १-३ को विद्यार्थी मूल्याङ्कनका लागि निरन्तर मूल्याङ्कन पद्धति (Continuous Assessment System-CAS) अपनाउनुपर्दछ । जसमा सैद्धान्तिक तथा प्रयोगात्मक क्रियाकलापहरू समावेश गर्नुपर्दछ । यसैका आधारमा कक्षोन्नति गरिने छ । यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिको अनुसूची फारम प्रयोगमा ल्याउनुपर्नेछ ।

५. कक्षा ४-८ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) (CAS) र ५०% निर्णयात्मक (बार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । विद्यार्थीलाई कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा गरिने छ । तर कक्षा ४-८ को लिखित मूल्याङ्कन अक्षराङ्कन मूल्याङ्कन पद्धतिमा गरिने छ ।

६. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा थप सहायताका साथ पुनः मूल्याङ्कन गरी सिकाइ उपलब्धिस्तर वृद्धि पश्चात् सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्र. अ. को निर्णयबाट कक्षोन्नति गर्न सकिने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

७. आधारभूत तहको अन्त्य (कक्षा ८) मा ५०% निर्णयात्मक (बार्षिक परीक्षा) र ५०% निर्माणात्मक/प्रयोगात्मक/आन्तरिक त्रैमासिक परीक्षा पद्धतिबाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० % हुनेछ र अक्षराङ्कन मूल्याङ्कन पद्धतिमा गरिने छ ।

९. विद्यार्थीहरूको मूल्याङ्कन गर्दा ज्ञान तथा बोध तहका (Knowledge Level) अति छोटा प्रश्नहरू, सामान्य बुझाइका आधारमा उत्तर दिने छोटा प्रश्नहरू समेट्नुपर्दछ । त्यसैगरी विश्लेषण गर्ने, अनुसन्धान गर्ने, विभिन्न सामानका नमुनाहरू बनाई प्रस्तुत गर्ने, कुनै कामहरू आफैँ गर्न सक्ने र विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि सिप तहका (Skill Level) प्रश्नहरू समेट्नु पर्दछ । यसका साथै व्यवहार कौशल सिप/व्यावहारिक परिवर्तन (Soft Skill/Attitude)सँग सम्बन्धित किसिमका प्रश्नहरू समावेश गर्नुपर्ने छ ।

१०. प्रयोगात्मक तथा परियोजनामूलक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने छ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तनजस्ता पक्षहरू समेट्नुपर्ने छ ।

११. प्रयोगात्मक तथा परियोजनामूलक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ ।

१२. कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

१३. विद्यार्थी मूल्याङ्कनसम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी हुने छ ।

## ११. पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

स्थानीय विषयको यस पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक र विषय शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ । समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा उपयोग गरिने छ । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र औचित्यअनुसार स्थानीय भाषा, नेपाली भाषा वा अङ्ग्रेजी माध्यमसमेत अवलम्बन गर्न सक्ने छन् । विषयक्षेत्रमा आबद्ध गाउँपालिका एवम् जिल्लाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिने छ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण, तालिम आदिको व्यवस्था गरिने छ ।

## १२. समय निर्धारण

आधारभूत तह कक्षा १-३ मा स्थानीय विषयको साप्ताहिक ५ कार्यघण्टा हुनेछ जसमा वार्षिक १६० कार्यघण्टा पठनपाठन गर्नुपर्ने छ । त्यसैगरी आधारभूत तह कक्षा ४-८ मा स्थानीय विषयको साप्ताहिक ४ कार्यघण्टा कायम गरी वार्षिक १२८ कार्यघण्टा दिइएको छ । प्रचलित शिक्षा ऐन, नियमावली र कार्यविधि बमोजिम प्रत्येक विद्यालय खुल्ने छ र पठनपाठन हुने छ । कक्षा १-३ मा वार्षिक १६० कार्य घण्टा नघट्ने र कक्षा ४-८ मा वार्षिक १२८ कार्यघण्टा नघट्ने गरी ४० मिनेट वा ४५ मिनेट वा १ घण्टाको पिरियड बनाउन सकिने छ । पाठ्यांशअनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ ।

## १३. पाठ्यक्रम परिमार्जन

मानिसका सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकताहरूको परिवर्तनसँगै आवश्यकताअनुसार यो पाठ्यक्रमलाई परिमार्जन र परिष्कृत गर्दै लगिने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सन्दर्भहरूको खोज, अनुसन्धान र अध्ययन गरिने छ र प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ । परिवर्तित सन्दर्भलाई यस पाठ्यक्रमले निरन्तर सम्बोधन गर्दै अगाडि बढ्ने छ ।

## अनुसूचीहरू

## अनुसूची १

### विधा/क्षेत्र, क्रमअनुसार कक्षागत अनुमानित पाठसङ्ख्या तालिका

| **क.स.** | **विधा/क्षेत्र** | **कक्षाअनुसार अनुमानित पाठसङ्ख्या** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
| १. | चुमनुव्री गाउँपालिकाको परिचय | २ | २ | २ | २ | २ | २ | २ | २ |
| २. | स्थानीय जातजाति, भाषा, भेषभूषा, चाडपर्व, संस्कृति र मेलाजात्रा | २ | २ | २ | २ | २ | ३ | ३ | ३ |
| ३. | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | २ | २ | २ | २ | २ | २ | २ | २ |
| ४. | स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ५. | स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | २ | २ | २ | २ | २ | ३ | ३ | ३ |
| ६. | सडक सुरक्षा र प्रकोप न्यूनीकरण | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ७. | सकारात्मक व्यवहार र सामाजिक विकास | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ८. | स्थानीय खेलकुद, स्वास्थ्य परम्परा र भोजन | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| **जम्मा** | | **१६** | **१६** | **१६** | **१६** | **१६** | **१८** | **१८** | **१८** |

# अनुसूची २

## विद्यार्थी मूल्याङ्कन योजना

### (क) निरन्तर मूल्याङ्कन प्रक्रिया

कक्षा १–३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा ४-८ मा भने ५०% निरन्तर मूल्याङ्कन/निर्माणात्मक/आन्तरिक परीक्षा सञ्चालन गर्नुपर्दछ भने बाँकी ५०% को लिखित/अन्तिम परीक्षा सञ्चालन गर्नुपर्दछ । कक्षा १-८ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख राख्नुपर्छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमा बढी जोड दिनु उपयुक्त हुने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ । यसरी विद्यार्थीलाई गृहकार्य दिनु परेमा दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन ।

कक्षा १–८ मा विद्यार्थी निरन्तर/आन्तरिक मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुनेछ :

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गर्नुका साथै सबै विद्यार्थीलाई थप तथा माथिल्लो स्तरको सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नुपर्दछ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषयगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहार, कुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कन पश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरूप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना-निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्ब गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

## मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धि अनुसारको सूचक अर्थात् विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात् साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूको अर्को महत्त्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधना विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकता अनुरूपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । के कस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् भन्ने कुरा अघिल्लो अनुच्छेदमा उल्लेख गरिसकिएको छ । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्ने कुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ । यसको थप विस्तृतीकरण विषयक्षेत्रगत रूपमा अनुसूचीमा समावेश गरिएको छ । शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

शिक्षण सिकाइका क्रममा विद्यार्थीको नियमित मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरू निम्नअनुसार छन् :

**१. कक्षा सहभागिता :** नियमित रूपमा कक्षामा नआउँदा शिक्षण सिकाइ कार्य कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षामा सहभगितामा पनि ध्यान दिनुपर्छ । विद्यार्थीको कक्षाकार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

**२. लिखित तथा मौखिक कार्य :** अध्ययन-अध्यापनका क्रममा कुराकानी तथा छलफललगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । छोटा छोटा कक्षा परीक्षा सञ्चालन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यस्ता परीक्षाहरू औपचारिक

किसिमका र लामा नभई अनौपचारिक स्वरूपका छोटा हुनु उपयुक्त हुन्छ । विषयवस्तुको स्वरूप तथा परीक्षण गरिने सिकाइ आधारभूत तहको पाठ्यक्रम, २०७६ उपलब्धिलाई विचार गरेर लिखित वा मौखिक प्रतिक्रिया प्राप्त हुने परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । त्यस्तै, कक्षामा गर्न दिएका कार्य नियमित रूपमा सक्रियतापूर्वक गरे नगरेका, यदि गरेको भए सही रूपमा गरे वा नगरेको हेरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीले सही रूपमा कक्षाकार्य नगरेको भए आवश्यक पृष्ठपोषण दिनुपर्दछ । कक्षामा गर्न नसकिएका कार्यहरू र थप अभ्यास गर्न केही गृहकार्य पनि दिन सकिन्छ । गृहकार्य गराइको मूल्याङ्कन गरी थप पृष्ठपोषण दिन सकिन्छ । तर कक्षा १-३ का विद्यार्थीलाई सामान्यतया गृहकार्यको बोझ दिनुहुन्न । यस तहका विद्यार्थीलाई गृहकार्य कुनै विशिष्ट अवस्थामा न्यून मात्रामा मात्र दिनुपर्छ अर्थात् दैनिक र नियमित गृहकार्य दिनु आवश्यक हुन्न ।

**३. परियोजना तथा प्रयोगात्मक कार्य** : विद्यार्थीको क्षमता, स्तर र पाठ्यवस्तुसँग मिल्दा परियोजना कार्य गर्न दिनुपर्छ । जस्तै : आफ्नो समुदायमा बोलिने भाषाभाषीको विवरण ल्याउने, समुदायमा बोलिने भाषाको अवस्था पहिचान गर्नुपर्छ । यसमा चरणबद्ध र व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. अवलोकन :** सिकेका कुरा व्यवहारमा प्रयोग गरे वा नगरेको, कार्यसम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्ठपोषण दिन सकिन्छ ।

**५. विद्यार्थीका कार्यको प्रदर्शन** : विद्यार्थीले गरेका कार्यहरूको प्रदर्शन गराई उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य कविता निबन्ध, कथा लेखन, चित्र बनाउने आदिको प्रदर्शन पनि गराउन सकिन्छ ।

**६. घटनावृत्त अभिलेख :** विद्यार्थीले कुनै घटनामा प्रदर्शन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा व्याख्या गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

**७. छोटा परीक्षा:** कुनै विषयवस्तुको सिकाइपश्चात् विषयवस्तरको प्रकृतिअनुसार लिखित तथा मौखिक परीक्षाहरू सञ्चालन गर्न सकिन्छ । यस्ता परीक्षाहरू अनौपचारिक रूपमा सञ्चालन गर्नुपर्छ । यस्तो अनौपचारिक रूपमा सञ्चालन गरिने परीक्षाले विद्यार्थीहरूलाई परीक्षाको त्रासबाट मुक्त गर्न सहयोग पुग्नाका साथै सहज ढङ्गबाट सिकाइ मूल्याङ्कन गर्न सकिन्छ ।

**८. स्व र सहपाठी मूल्याङ्कन :** विद्यार्थीले आफूले केकति सिक्न सकेँ भनी सिकाइसँग सम्बन्धित विभिन्न कार्य सम्पादनलगायत अन्य माध्यमबाट सिकाइ अवस्थाको मूल्याङ्कन गरी स्वपृष्ठपोषण प्राप्त गरी सिकाइ सुधारको अवसर सिर्जना गर्न सकिन्छ । विद्यार्थीले आफ्नो सिकाइ तथा कार्यबाट अनुभव तथा सिकाइको प्रत्यावर्तन (Reflection) गर्ने विभिन्न नमुनाहरूमा विद्यार्थीलाई प्रत्यावर्तन लेख्न लगाई त्यसका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । त्यसैगरी कक्षामा सहपाठीहरूले एकअर्काका कार्यको मूल्याङ्कन गर्ने, सँगै बसेर गरिएका कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

**९. अभिभावकको प्रतिक्रिया :** विद्यार्थीले कार्यसम्पादन, व्यवहारमा भएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक, अभिभावक र विद्यार्थीबिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ ।

विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लिखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ ।

कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न

विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (Portfolio)तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

**विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षा सहभागिता | अवलोकन, दैनिक क्रियाकलाप, अभिभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फाराम, रुब्रिक्स |
| २. | मौखिक कार्य | अवलोकन, रुजु सूची, फाराम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | लिखित कार्य | अवलोकन फाराम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | परियोजना तथा प्रयोगात्मक कार्य | प्रस्तुति अवलोकन फाराम, रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, श्रव्य तथा दृश्य सामग्री, |
| ५. | कार्य सम्पादन तथा प्रदर्शन | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, प्रस्तुति अवलोकन फाराम, लेखन शैली |
| ६. | सहपाठी मूल्याङ्कन | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फाराम आदि । |
| ७. | स्वमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम |
| ८. | अभिभावकको प्रतिक्रिया | रुजु सूची, श्रेणी मापन, फाराम |
| ९. | कुराकानी, छलफल | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम |

**विद्यार्थी उपलब्धि स्तरको व्याख्या**

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

१. सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ् गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न

लगाउनुपर्छ । फाराममा उल्लेख भएका बाहेक अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।

२. प्रत्येक सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइस्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्राप्त गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा विद्यार्थीले १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुन: मूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखित गर्नुपर्छ ।

४. सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसको कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुन सक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नानुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड} \times १००}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}}$$

**प्रतिशतका आधारमा श्रेणी निर्धारण गर्ने तरिका**

पाठगत आधारमा मापन गरेपछि हरेक त्रैमासिकमा उपलब्धि स्तर प्रतिशतका आधारमा विद्यार्थीहरूलाई निम्नलिखित तरिकाले अक्षराङ्कन पद्धतिमा छुट्याउनुपर्दछ ।

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

८ ५०% निरन्तर मूल्याङ्कन/आन्तरिक परीक्षाबाट लिइन्छ भने बाँकी ५०% आवधिक/अन्तिम परीक्षाबाट लिइन्छ ।

**विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग**

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनु पर्ने हुनसक्दछ । शिक्षकले विद्यार्थीको आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नु पर्दछ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्य परिवेशलाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिँदैन र यसो गर्नु उपयुक्त पनि हुँदैन । त्यसैले यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

- दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने सामग्री वा प्रश्न ठुलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्ने वा परीक्षा दिने व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।
- दृष्टिविहिनमध्ये ब्रेललिपि पढ्न र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको अडियो रेकर्डिङ् दिएर उत्तर वा कार्यको विवरण अडियो रेकर्डिङ् गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउने तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।
- दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहिनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्ने ।
- कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्ने । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्ने ।
- शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
- बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

**(ख) निर्णयात्मक (आवधिक) परीक्षा**

**कक्षा : ४-५** पूर्णाङ्क : ५०

समय : १ घण्टा ३० मिनेट उत्तीर्णाङ्क: अक्षराङ्कनमा मूल्याङ्कन गरिने

**औसत प्रश्नतालिका (तहगत रूपमा)**

| **ज्ञान/बोध तह (Knowledge/Understanding Level)** | **सिप/उच्च तह (Hard Skill Level/Higher Abilities)** | **व्यावहारिक परिवर्तन/उच्च तह (Soft Skill/Attitude/Higher Abilities)** |
|---|---|---|
| **५० %** | **३०%** | **२० %** |

**कक्षा : ६-८**

पूर्णाङ्क : ५०

समय : १ घण्टा ३० मिनेट उत्तीर्णाङ्क: अक्षराङ्कनमा मूल्याङ्कन गरिने

**औसत प्रश्नतालिका (तहगत रूपमा)**

| **ज्ञान/बोध तह (Knowledge/Understanding Level)** | **सिप/उच्च तह (Hard Skill Level/Higher Abilities)** | **व्यावहारिक परिवर्तन/उच्च तह (Soft Skill/Attitude/Higher Abilities)** |
|---|---|---|
| **४० %** | **३०%** | **३०%** |

**(ग) परीक्षा प्रक्रिया**

- ❖ विद्यार्थीहरूको मूल्याङ्कन गर्दा निर्माणात्मक (Formative)पद्धति तथा निर्णयात्मक (Summative)पद्धति, सैद्धान्तिक र प्रयोगात्मक (Theoritical and Practical)दुवै अपनाउनु पर्दछ ।
- ❖ ज्ञान तथा बोध तह (Knowledge/Understanding Level)मा अति छोटा प्रश्नहरू पर्दछन् । जसअन्तर्गत वस्तुगत बहुवैकल्पिक उत्तर, खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक तथा बेठिक छुट्याउने, चित्र हेरेर चिन्ने आदि पर्दछन् । त्यसैगरी छोटो उत्तर लेख्ने/भन्ने एक वाक्यदेखि चार वाक्यसम्मको उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् ।
- ❖ सिप तथा उच्च तह (Hard Skill/Higher Abilities)अन्तर्गत लामो उत्तर दिनुपर्ने किसिमका प्रश्नहरू पर्दछन् । जसमा विद्यार्थीको व्याख्या गर्ने, विश्लेषण गर्ने, नमुनाहरू बनाउने, गरेर देखाउने, व्यावहारिक ज्ञानको क्षमता आदि पर्दछन् ।
- ❖ व्यवहार कौशल सिप/व्यावहारिक परिवर्तन तथा उच्च तह (Soft Skill/Attitude/Higher Abilities)अन्तर्गत सकारात्मक परिवर्तन, विद्यार्थीहरूको दैनिक आनीबानी, सामाजिक कार्यहरूमा सहभागिता, सम्मान आदि जस्ता कुराहरूको मूल्याङ्कन गरिन्छ ।
- ❖ मूल्याङ्कनमा संज्ञानात्मक (Congnitive), भावनात्मक (Affective) तथा मनोक्रियात्मक (Psychomotor)क्षेत्रलाई समेत समेटेको हुनुपर्दछ ।

- ❖ प्रयोगात्मक क्रियाकलापमा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने छ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यावहारिक परिवर्तनजस्ता कुराहरू पर्दछन् ।
- ❖ प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, जैविक विविधता, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्का उदाहरणहरू, सामाजिक मूल्य,मान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्दछ ।

## अनुसूची ३
## विधा/क्षेत्र, क्रमअनुसार कक्षागत अनुमानित प्रश्नसङ्ख्या योजना तालिका

**कक्षा ४-५**

| क.सं. | विधा/क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | | |
| १. | चुमनुव्री गाउँपालिकाको परिचय | २ | १ | २ | २ | २ | ४ | - | - | - | ४ | ६ |
| २. | स्थानीय जातजाति, भाषा,भेषभूषा, चाडपर्व, संस्कृति र मेलाजात्रा | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ३. | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ४. | स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ५. | स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | २ | १ | २ | १ | २ | २ | १ | ३ | ३ | ४ | ७ |
| ६. | सडक सुरक्षा र प्रकोप न्यूनीकरण | २ | १ | २ | १ | २ | २ | - | - | - | ३ | ४ |
| ७. | सकारात्मक व्यवहार र सामाजिक विकास | १ | १ | १ | - | - | - | १ | ३ | ३ | २ | ४ |
| ८. | स्थानीय खेलकुद,स्वास्थ्य परम्परा र भोजन | १ | १ | १ | २ | २ | ४ | - | - | - | ३ | ५ |
| **जम्मा** | | **१५** | **१** | **१५** | **१०** | **२** | **२०** | **५** | **३** | **१५** | **३०** | **५०** |

**नोटः**

१. प्रश्न बनाउँदा तीन तहका (ज्ञान, बोध, उच्च/ज्ञान, सिप, व्यावहारिक परिवर्तन/संज्ञानात्मक, भावनात्मक, मनोक्रियात्मक) प्रश्नहरू समावेश गर्नुपर्छ।

२. ज्ञान तहमा १ अङ्कभार हुने, बोध तहमा २ अङ्कभार हुने र उच्च तहमा ३ अङ्कभार हुने गरी प्रश्ननिर्माण गर्नुपर्दछ।

**कक्षा ६-८**

| क.सं. | विधा/क्षेत्र | अति छोटो उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | जम्मा अङ्क | | |
| १. | चुमनुव्री गाउँपालिकाको परिचय | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| २. | स्थानीय जातजाति, भाषा, भेषभूषा, चाडपर्व, संस्कृति र मेलाजात्रा | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ३. | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ४. | स्थानीय प्राकृतिक स्रोत र वातावरण संरक्षण | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ५. | स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | १ | १ | १ | १ | २ | २ | १ | ४ | ४ | ३ | ७ |
| ६. | सडक सुरक्षा र प्रकोप न्यूनीकरण | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ७. | सकारात्मक व्यवहार र सामाजिक विकास | १ | १ | १ | १ | २ | २ | - | - | - | २ | ३ |
| ८. | स्थानीय खेलकुद,स्वास्थ्य परम्परा र भोजन | २ | १ | २ | - | - | - | १ | ४ | ४ | ३ | ६ |
| **जम्मा** | | **१०** | **१** | **१०** | **८** | **२** | **१६** | **६** | **४** | **२४** | **२४** | **५०** |

**नोटः**

१. प्रश्न बनाउँदा तीन तहका (ज्ञान, बोध, उच्च/ज्ञान, सिप, व्यावहारिक परिवर्तन/संज्ञानात्मक, भावनात्मक, मनोक्रियात्मक) प्रश्नहरू समावेश गर्नुपर्छ ।

२. ज्ञान तहमा १ अङ्कभार हुने, बोध तहमा २ अङ्कभार हुने र उच्च तहमा ४ अङ्कभार हुने गरी प्रश्नको निर्माण गर्नुपर्दछ ।

## अनुसूची ४

## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम नमुना

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ..........................................................................................

ठेगाना :........................................... विद्यार्थीको नाम :................................................

जन्म मिति : .......................................................कक्षा/रोल नं.. :................................

विद्यार्थीको घरको ठेगाना : ........................................................................................

पारिवारिक विवरण : आमाको नाम : ........................................पेसा : ..........................

सम्पर्क नं. : .......................... बाबुको नाम : ...............................................................

पेसा : .......................... सम्पर्क नं. : ..........................

बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ................................................पेसा : .......................... सम्पर्क नं. : ..........................

विद्यार्थीसँगको नाता : .......................... विद्यालय भर्ना मिति : ............................

**स्वास्थ्यसम्बन्धी विवरण**

**मिति** :............................ **तौल (के.जी.मा)** :......................... **उचाइ (से.मी.मा)** :.............

कुनै विशेष रोग वा शारीरिक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः ............................................................ शिक्षकको नाम र सही : ....................................

मिति : ................

**निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमूना**

कक्षा :............ विषय :.......................... विद्यार्थीको नाम :.........................................रोल नं. :.........

| **विषय क्षेत्र/पाठ** | **अपेक्षित सिकाइ उपलब्धि/सक्षमता** | **मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक** | **नियमित पढाइ पछिको मूल्याङ्कन** | **मिति** | **थप सहायता पछिको पछिको मूल्याङ्कन** | **मिति** | **समग्र सिकाइ उपलब्धि स्तर** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **सिकाइ उपलब्धि स्तर** | | **सिकाइ उपलब्धि स्तर** | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोटः** पाठहरूको सिकाइ उपलब्धि/सक्षमता पाठ्यक्रमले दिएअनुसार लेख्नुपर्दछ। मूल्याङ्कनका आधार/सूचकहरू अनुसूचीमा दिए बमोजिम राख्न सकिन्छ। कुन मितिमा मूल्याङ्कन गरेको हो, प्रत्येक पटकको मिति उल्लेख गर्नुपर्दछ। सिकाइ उपलब्धि स्तरलाई १ देखि ४ सम्म स्तरीकृत गर्ने, यदि कुनै विद्यार्थीको सिकाइ उपलब्धि सामान्यभन्दा पनि कम आएमा त्यस्ता विद्यार्थीको स्तर बढाउन थप सहायता कक्षा सञ्चालन गरी, पुनः सिकाइ उपलब्धि स्तर मापन गरी समग्र/औसत स्तर निकाल्नुपर्दछ। प्रत्येक त्रैमासिकमा विद्यार्थी मूल्याङ्कन विवरण फारामका आधारमा प्रत्येक विद्यार्थीको उपलब्धि स्तर/श्रेणी निर्धारण गरी अभिभावक समेतको सहभागितामा पृष्ठपोषण प्रदान गर्नुपर्दछ। कक्षामा उपस्थिति रेकर्ड दैनिक हाजिर कापीबाट लिन सकिन्छ ।

## अनुसूची ५ः समूह छलफलमा आएका समेट्नुपर्ने विषयवस्तुहरू

सिर्दिबास-३ नं. वडा समूह

१ → स्थानीय जातजाति, भाषा, भेषभूषा र रहनसहन

क. गुरुङ , घले, कामी, कार्की

ख. स्थानीय भाषा (गुरुङ भाषा) राष्ट्रिय भाषा, घले भाषा

ग. महिला- लुङ्गी, चोलो, पछेउरा, चप्पल, जुत्ता, धोती सारी, घलेक

ङ सामान्य ढुङ्गे छानाको घर, लोकल खाना (ढिँडो, सिस्नु, मर्चु, चोकम, खोले) (दाल भात), कङ्, खु, स्या, (दाल, तरकारी, मासु) एक अर्कोबिच श्रमको आदानप्रदान (पर्म)

२ → स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल मेलाजात्रा र बाजागाजा

क. धार्मिक स्थल- गुम्बा, माने, कानी, चर्च (साम्डुक छ्योलिङ्गुम्बा, पाङ्सिङ् गुम्बा)

ख. पर्यटकीय स्थल- दुधपोखरी, रुपिनाला, ग्लासियर, झरना, चेल्टङ् (१० धारा)

ग. मेला- ल्होसार (पुष १५)

घ. बाजागाजा- मादल, छ्याम (झुर्मा) ढ्याङ्ग्रो, सहनाइ, शङ्ख, डमरु, घण्ट

३ → स्थानीय वातावरण

क. बोटबिरुवा- सल्ला, धुपी, उत्तिस, तेज पत्ता, निगालो, बाँस, सिमल, चाँप, लालीगुराँस

ख. जडीबुटी- यार्चागुम्बा, वनलसुन, कुड्की, च्याउ, पाँच औंले, सनुवा, निरमसी, जटामसी, पाखनबेत, टिमुर, चिराइतो

ग. वन्यजन्तु- दुम्सी, चेन (बाघ), ओभ (भालु), खैरो बाँदर, भिर्रा, घोरल, थार, कस्तुरी, झारल, स्याल, डाँफे, कालिज, वनबिरालो

| | |
|---|---|
| ङ. स्थानीय पेसा र व्यवसाय कृषि, उत्पादन र प्रयोग हुने औजार पशुपालन, स्थानीय घरेलु उद्योग, पर्यटन | कृषि उत्पादन- गहुँ, फापर, तोरी, आलु (नेहे, ब्राहु, छुप, गेढा : लाहु : ल्यूमह) मुला, गान्टेमुला जडीबुटी बेचबेखन<br>थोङ् (हलो), ङ्यासिङ् (जुवा), तोचे (कोदाली) तारी (बन्चरो), जोपो (चौरी), ब्री (याक), ता (घोडा), पानी घट्टा (छ्यूता), गहुँ मिल (ढोदुङ), तोरी पेल्ने मेसिन (छुमप थाह)<br>(पर्यटन) ⟶ Guide, होटल व्यवसाय सम्भावना (ऱ्याफ्टिङ, Rock Claming, Home Stay, प्याराग्याइडिङ्) |
| च. सामाजिक मूल्य, मान्यता र सकारात्मक व्यवहार | पाहुनाहरूलाई सम्मान वा सत्कार गर्ने<br>सबै जनावरलाई सम्मान व्यवहार गर्ने |
| छ. स्थानीय | आमा समूह, गुम्बाहरू, करुणा क्लिनिक |
| ज | अक्तो (ढुङ्गाको खेल), ब्राहाङ्च्य (कुस्ती)<br>ध्यान विधि<br>थुक्पा, सान (ढिँडो), खुरा (फापरको रोटी), ज्यामदुर (चिया+मैदाको परिकार), खाप्से (रोटीको परिकार), उम्रे (खिचडी) |

घ. बुढीगण्डकी, भालु खोला, साङ्ले खोला, सुन खोला, लोकपा खोला

४. क. स्थानीय पेसा र व्यवसाय :

शिक्षण, निजामती, सेना, प्रहरी, स्वास्थ्यकर्मी, कृषि, व्यापार, पशुपालन, डकर्मी, सिकर्मी, कुखुरा पालन, बाख्रापालन, मौरीपालन

ख. कृषिजन्य उत्पादन :

आलु, मकै, कोदो, जौ, गहुँ फापर, लट्टे, रायो, काउली, बन्दा, मुला, फर्सी, गाजर

ग. कृषि औजार :

हलो, जुवा, कोदालो, गल, कुटो, खुकुरी, बन्चरो, हँसिया

घ. घरेलु उद्योगमा, राडीपाखी, डोको, थुन्से, नाम्लो, मान्द्रो, ऊनी झोला, पानी घट्ट, जाँती

५. सामाजिक मूल्य मान्यता :

अतिथिलाई खादा ओडाएर सत्कार गर्छन् । चि थोङ् गराउँछन् । मृत्युपछि अर्गुन गर्छन् ।

६. स्थानीय सेवामूलक संघ संस्था :

कुमारी बैङ्क, युवा क्लब, बाल क्लब, सहकारी, मनासलु संरक्षण क्षेत्र, क्यान, राजनीतिक व्यक्तिहरू,

७. स्थानीय खेलकुद/भोजन :

डोरी तानाइ, मेच घुमाइ, लक्कु दाल, भलिबल, ढिँडो सिस्नो, च्याउ

नुब्री सहयोगी समूह

| | |
|---|---|
| क. स्थानीय जातजाति, भाषा, भेषभूषा र संस्कार, रहनसहन | लामा, गुरुङ, ठकुरी, थकाली, विश्वकर्मा, नुब्री भाषा (पाङ्गेप की, कौड आङ्दुङ हुवा) सेब्या, स्थाब्या |
| ख. स्थानीय धार्मिक ऐतिहासिक र पर्यटकीय स्थल, मेलाजात्रा र बाजागाजा | वीरेन्द्र ताल, काल ताल, पालरी गुम्बा, छेकाम गुम्बा, भुल्पु गुम्बा, टासी छोलिङ् गुम्बा, साछुल छलिङ गुम्बा नामुङ दखार, हिनाङ गुम्बा, मनासलु हिमाल, पुङ्गिन शिवलिङ्ग, रेमुङ गुम्बा हकुम वृद्धाश्रम, घोडादौड, छ्याम नाच, गुम्बा पूजा, श्रृङ्गी, सेराङ गुम्बा,बुद्ध हिमाल, डम्फु, टुङ्गना |
| ग. स्थानीय वातावरण, बोटबिरुवा, वन्यजन्तु र जलस्रोत, खनिज, तिनीहरूको संरक्षण | सल्ला प्रजाति, भोजपत्र, टिमुर, पाखनबेत, वन लसुन, स्याउ, रोब्पा साग |
| | यार्चागुम्बा, पाँच औंले, निरमसी, सतुवा, च्याउ प्रजाति, चुत्रो, घोरल, झारल, नाउर, थार, कस्तुरी, मृग, भालु, याक, चौँरी घोडा, खच्चर, भेडा, च्याङ्ग्रा, हिउँ चितुवा, डाँफे, मुनाल, कालिज, लुइचे, हाँस, कुखुरा, गधा, हिमनदी, हिम ताल, बुढीगण्डकी, लार्के भन्ज्याङ, रुइला भन्ज्याङ |

| | |
|---|---|
| घ. स्थानीय पेसा र व्यवसाय, कृषि उत्पादन र प्रयोग हुने औजार, पशुपालन स्थानीय घरेलु उद्योग, पर्यटन | कृषि, पशुपालन, पर्यटन, होटल, जडीबुटी सङ्कलन, गलैंचा बुनाह, डोको, मान्द्रो, हलो, पानी घट्टा, हाते सिप स्थानीय भेषभूषा बुनाह) मूर्ति, चित्रकला, शिलालेख, भित्तेलेखन, काठको मुकुण्डो, इत्यादि....... |
| ङ. सामाजिक मूल्य,मान्यता र सकारात्मक व्यवहार | अहिंसा क्षेत्र, बौद्ध मार्गी, ध्यान (योग तपस्या), ल्होसार (घ्याल्पो) सोनाम ल्होसार, घेवा, अर्वङ्, वाङ् थाप्ने, बहु पति प्रथा |
| च. स्थानीय सेवामूलक संघ-संस्थाहरू र स्थानीय समाजसेवी, व्यक्ति | स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह, युवा क्लब, गापम् समूह, थोक जागरण समाज, पेमा सम्बभा, किन्डर गार्डेन, CAN, रेम्पुहे, सिम्बु |
| छ. स्थानीय खेलकुद, योग, व्यायाम र भोजन | घोडा छोड्, मनासलु कप, धनुष वौष ध्यान, स्तुति, प्रार्थना, युब्पा टिमोक, चम्फा, पिठो, छुर्पो, ढिँडो, सिस्नु, सुस्था (अचार), घ्यु चिया |
| च. अन्य............ | आलु, करु, गहुँ, जौ, फापर, कोदो, भटमास, सिमी (कालो), ओखर |

## चुमभ्याली समूह

**वडा नं.६ र ७**

| | |
|---|---|
| ख. स्थानीय जातजाति, भाषा, भेषभूषा र संस्कार रहनसहन | चुम्बा, लामा भाषा बाख्खु केता, आङ्दुम केटीको लुगा, पाङ्केप केटीको अगाडि लगाउने, मिटिल, नातोप ( दिदा), छिल स्थानीय जुत्ता, कोरिल भुरे, छिरिङ खिङ्खाप आलुङ भोला आदि श्याग्या (अहिंसा), गेवा संस्कार, घुइरेन्ट १ वर्ष पछि गरिने मुख्य संस्कार, ठुई, धुलेन मरेपछि गरिने संस्कार, गोङ्च्यान बच्चा पाएपछि गरिने संस्कार, लाक्पे मेलापात पर्व, स्याप्री स्थानीय नाच |
| ग. स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल, मेला जात्रा, बाजागाजा | नरक धार्मिक पूजाहरू, छेप्यू धाज्याङ, ङ्युङ्ने, मन्च्याङ, गोम्बा गुम्बा, घङ्री ( हिमाल), छो (ताल), छुङ्प्याङ (झरना), लवा (बाजा), ङा (ढुयाङ्ग्रो), ग्यालिङ( सनाह), दुङ्<br>(सङ्खा), ठिलु (घण्टी), टिलु भुच्या (झ्याली), दारु (डमरु) आदि |
| घ. स्थानीय वातावरण, बोटबिरुवा वन्यजन्तु र जलस्रोत, खनिज तिनीहरूको संरक्षण | थाङ्सिङ (सल्लो), स्युक्पा, कल्दा, ताक्पाजी, यार्चागुम्बा, कुड्की, पाङ्सपेहे, पोहे (वन लसुन), वाङ्ला पाँच औंले, सार्केन, च्याङ्गु, छ्युटे, किताङ, ल्हा, ना, रिजा, चाङ्बो, लुङ्बा, छो, छ्युमी, संरक्षण<br>१. श्याग्या (अहिंसा) क्षेत्र घोषणा<br>२.क्यान्टिलिमर पुल+ चुमझ्याली |

## सन्दर्भसामग्री


- नेपालको संविधान, २०७२, कानुन किताव समिति, बबरमहल, काठमाडौंः नेपाल सरकार
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानुन किताव समिति बबरमहल, काठमाडौंः नेपाल सरकार
- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- आधारभूत तह कक्षा १-३ का लागि विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- लाङ्टाङ्को सेरोफेरो, स्थानीय पाठ्यक्रम, २०७४, गोसाइकुण्ड गाउँपालिका, रसुवा/वन्यजन्तु संरक्षण सङ्घ नेपाल, हाम्रो बुढानीलकण्ठ २०७६, बुढानीलकण्ठ नगरपालिका, काठमाडौं/वन्यजन्तु संरक्षण सङ्घ नेपाल, हाम्रो गौरव, हाम्रो भरतपुर, स्थानीय पाठ्यक्रम, २०७६, भरतपुर महानगरपालिका, चितवन/वन्यजन्तु संरक्षण सङ्घ नेपाल, हाम्रो शंखरापुर, स्थानीय पाठ्यक्रम, २०७६, शङ्खरापुर नगरपालिका, काठमाडौं/वन्यजन्तु संरक्षण सङ्घ नेपाल
- चुमनुव्री गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०८०।२०८१
- https://chumanuwrimun.gov.np/
- लेटर ग्रेडिङ्, निर्देशिका २०७८, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
- Ian Keith, Allen Rugambwa, Frances Vavrus, and Adrian Maganga : The Active Teaching and Learning Handbook, 2016

## अनुसूची ६: विषयवस्तुहरू सङ्कलन कार्यक्रमका केही झलकहरू












स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**तयारकर्ता:**

**चुमनुव्री गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**सिर्दिबास , गोरखा**
**गण्डकी प्रदेश, नेपाल**